# *कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
सावित्री तिवारी
त्रि.वि. दर्ता नं. : ४८४०६/८८
शैक्षिक सत्र : २०७२-२०७४
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन


२०७९/२०२२

# प्रतिबद्धतापत्र

स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयअर्न्तगत दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत *'कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु ।

... ... ... ...

सावित्री तिवारी

मिति : २०७९/०४/०९

४ अगस्त, २०२२

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी सावित्री तिवारीले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको *'कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

सहप्रा. भवनाथ सडौला ______________

विभागीय प्रमुख हस्ताक्षर

उपप्रा. प्रभा मरहट्टा ______________

शोधनिर्देशक हस्ताक्षर

उपप्रा. रमेशकुमार श्रेष्ठ ______________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७९/०४/२९

१४ अगस्त, २०२२

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत *'कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी सावित्री तिवारीले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधपत्र तयारीका क्रममा सामग्रीसङ्कलनदेखि शोधपत्र लेखनसम्म शोधार्थीको अथक मिहिनेत र परिश्रम परेको छ । मिहिनेतपूर्वक तयार गरिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७९/०४/०९

४ अगस्त, २०२२

... ... ... ... ..

प्रभा मरहट्टा

उपप्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत *'कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो ।

अध्ययनका क्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय उपलब्ध गराई आत्मीयतापूर्वक मलाई समुचित निर्देशन दिनुभएकोमा सर्वप्रथम म शोधनिर्देशक आदरणीय गुरुआमा प्रभा मरहट्टाज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख सहप्रा. भवनाथ सडौलाज्यूप्रति पनि म कृतज्ञता प्रकट गर्दछु । शोधप्रस्ताव लेखनमा विशेष सहयोग गर्नुहुने आदरणीय सहप्रा. गुरु दामोदर रिजालज्यूप्रति हार्दिक आभारी छु । लेखनकार्यका निम्ति सदैव हौसला प्रेरणा एवम् प्रोत्साहन दिई सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा मलाई शोधसँग सम्बन्धित सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने वीरेन्द्र बहुमखी क्याम्पसका पुस्तकालय परिवार र शोधपत्रको तयारीका क्रममा आवश्य सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर सोधपुछका क्रममा आफ्नो अमूल्य समय दिई पूर्ण सहयोग गर्नुहुने कथाकार वसन्त पराजुलीज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा मलाई प्रेरणा दिनुहुने टङ्कणमा सघाउनुहुने मेरा श्रीमान् युवराज लम्साल, छोरी श्रीया लम्साल, छोरा आशुतोष लम्सालका साथै सामग्रीसङ्कलनमा विशेष सहयोग गर्नुहुने भाइ सन्तोष काफ्लेज्यू र सम्पादन कार्यमा सहयोग गर्नुहुने जीवन ढुङ्गानाप्रति पनि आभारी छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७९/०४/०९

४ अगस्त, २०२२

... ... ... .

सावित्री तिवारी

शोधार्थी

# विषयसूची

## परिच्छेद एक : शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३. उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ५

१.६. शोधकार्यको क्षेत्र र सीमा ५

१.७ सामाग्री सङ्कलनविधि ६

१.८ सैद्धान्तिक ढाँचा र शोधविधि ६

१.९ शोधपत्रको रूपरेखा ६


## परिच्छेद दुई : कथा-सिद्धान्त


२.१ कथाको परिचय ८

२.२ कथाको व्युत्पतिगत अर्थ ८

२.२ कथाको परिभाषा ९

२.३ कथाका तत्त्वहरू १०

- २.३.१ कथावस्तु ११
- २.३.२ कथोपकथन/संवाद १२
- २.३.३ पात्र वा चरित्रचित्रण १३
- २.३.४ देश, काल र परिस्थिति १३
- २.३.५ भाषाशैली १४
- २.३.६ उद्देश्य १५

२.४ निष्कर्ष १५

परिच्छेद तीन : कथाकार वसन्त पराजुलीका कथाप्रवृत्ति


३.१ कथाकार वसन्त पराजुलीको सङ्क्षिप्त परिचय १७

३.२ वसन्त पराजुलीका कथा प्रवृत्तिहरू १७

३.२.१ सामाजिक घटनाको यथार्थ चित्रण १८

३.२.२ मानवीय प्रवृतिको सूक्ष्म विश्लेषण १८

३.२.३ समाजको विकृतिमाथि व्यङ्ग्य प्रहार १९

३.२.४ ग्रामीण जनजीवनको चित्रण १९

३.२.५ सीमित पात्रको प्रयोग १९

३.२.६ नारी यौनमनोविज्ञानको प्रयोग १९

३.२.७ वर्गीय सङ्घर्ष २०

३.२.८ नारी संवेदनशीलता २०

३.३ निष्कर्ष २०


परिच्छेद चार : कुमाता कथासङ्ग्रहको अध्ययन


४.१ विषयपरिचय २२

४.२ *कुमाता* कथसङ्गहमा सङ्गृहीत कथाहरूको अध्ययन २३

४.२.१ 'पत्रकार' कथाको अध्ययन २३

४.२.१.१ कथानक २३

४.२.१.२ कथोपकथन २५

४.२.१.३ पात्र/चरित्र २५

४.२.१.४ देश, काल, परिस्थिति २६

४.२.१.५ भाषाशैली २६

४.२.१.६ उद्देश्य २७

४.२.१.७ निष्कर्ष २७

४.२.२ 'कुमाता' कथाको अध्ययन २८

४.२.२.१ कथानक २८

४.२.२.२ कथोपकथन २९

४.२.२.३ पात्र/चरित्र २९

४.२.२.४ देश, काल र परिस्थिति ३०
४.२.२.५ भाषाशैली ३०
४.२.२.६ उद्देश्य ३१
४.२.२.७ निष्कर्ष ३१
४.२.३ 'सन्न्यास' कथाको विश्लेषण ३१
४.२.३.१ कथानक ३२
४.२.३.२ कथोपकथन ३३
४.२.३.४ देश, काल र परिस्थिति ३५
४.२.३.५ भाषाशैली ३५
४.२.३.६ उद्देश्य ३५
४.२.३.७ निष्कर्ष ३५
४.२.४ 'छापामारको प्रेम' कथाको विश्लेषण ३६
४.२.४.१ कथानक ३६
४.२.४.२ कथोपकथन ३७
४.२.४.४ देश, काल र परिस्थिति ३९
४.२.४.५ भाषाशैली ३९
४.२.४.६ उद्देश्य ४०
४.२.४.७ निष्कर्ष ४०
४.२.५ 'परिबन्द' कथाको विश्लेषण ४०
४.२.५.१ कथानक ४१
४.२.५.२ कथोपकथन ४३
४.२.५.३ पात्र/चरित्र ४३
४.२.५.४ देश, काल, परिस्थिति ४५
४.२.५.५ भाषाशैली ४५
४.२.५.६ उद्देश्य ४६
४.२.५.७ निष्कर्ष ४६
४.२.६ 'अस्मिता' कथाको विश्लेषण ४७
४.२.५.१ कथानक ४७

४.२.६.२ कथोपकथन ४८
४.२.६.३ पात्र/चरित्र ४९
४.२.६.४ देश, काल र परिस्थिति ५१
४.२.६.५ भाषाशैली ५१
४.२.६.६ उद्देश्य ५१
४.२.६.७ निष्कर्ष ५१
४.२.७ 'नियति' कथाको विश्लेषण ५२
४.२.७.१ कथानक ५२
४.२.७.२ कथोपकथन ५३
४.२.७.३ पात्र/चरित्र ५४
४.२.७.४ देश, काल र परिस्थिति ५५
४.२.७.५ भाषाशैली ५५
४.२.७.६ उद्देश्य ५५
४.२.७.७ निष्कर्ष ५६
४.२.८ 'उकुच' कथाको विश्लेषण ५६
४.२.८.१ कथानक ५७
४.२.८.२ कथोपकथन
४.२.८.३ पात्र/चरित्र ५७
४.२.८.४ देश,काल र परिस्थिति ५८
४.२.८.५ भाषाशैली ५८
४.२.८.६ उद्देश्य ५०
४.२.८.७ निष्कर्ष ५०
४.२.९ 'दसैँ' कथाको विश्लेषण ५९
४.२.९.१ कथानक ६०
४.२.९.२ कथोपकथन ६१
४.२.९.३ पात्र/चरित्र ६१
४.२.९.४ देश, काल र परिस्थिति ६२
४.२.९.५ भाषाशैली ६३

४.२.९.६ उद्देश्य ६३
४.२.९.७ निष्कर्ष ६३
४.२.१० 'दोषी को ?' कथाको विश्लेषण ६४
४.२.१०.१ कथानक ६४
४.२.१०.२ कथोपकथन ६५
४.२.१०.३ पात्र/चरित्र ६६
४.२.१०.४ देश, काल र परिस्थिति ६७
४.२.१०.५ भाषाशैली ६७
४.२.१०.६ उद्देश्य ६७
४.२.१०.७ निष्कर्ष ६७
४.३ समग्र निष्कर्ष ६८

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष
५.१ विषय परिचय ७३
५.१.१ प्रथम परिच्छेदको निष्कर्ष ७३
५.१.२ द्वितीय परिच्छेदको निष्कर्ष ७३
५.१.३ तृतीय परिच्छेदको निष्कर्ष ७४
५.१.४ चौथो परिच्छेदको निष्कर्ष ७४
५.२ निष्कर्ष ७४
सन्दर्भसूची

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको सूची यसप्रकार छन् :

| सङ्क्षिप्तरूप | विस्तृतरूप |
|---|---|
| आइ.एस.बि.एन. | इन्टरनेसनल स्टान्डर्ड बुक नम्बर |
| आइ.एस्सी. | इन्टरमिडियट अफ साइन्स |
| एम.ए. | मास्टर्स अफ आर्ट्स |
| एल.एल.एम. | ल्याटिन लिगम म्याजिस्टर |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| एस.एम.एस. | सर्ट मेसेज सर्भिस |
| क्र.सं. | क्रम सङ्ख्या |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| नं. | नम्बर |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| बि.एस्सी.एजी. | ब्याचरल साइन्स अफ एग्रिकल्चर |
| भ.म.न.पा. | भरतपुर महानगरपालिका |
| वि.सं. | विक्रम सम्वत् |
| संस्क. | संस्करण |

# चिन्हप्रयोग तथा सङ्केताक्षरसूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिन्हप्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा (उद्धरण चिन्ह) |
| … | केही अंश छोडिएको (अपूर्णता चिन्ह) |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ! | विस्मयसूचक |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष (निर्देशक चिन्ह) |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा (कोष्ठक) |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयपरिचय

पिता गेहराज पराजुली तथा माता गोमा पराजुलीका पुत्रका रूपमा २०३५ साल असोज पाँच गतेका दिन हालको भरतपुर-१८, चनौलीमा जन्मेका वसन्त पराजुली चर्चित कथाकारका रूपमा देखिएका छन् । हाल भ.म.न.पा.-२ मा बस्दै आइरहेका पराजुलीले २०५८ सालमा *हिमालय टाइम्स*का पत्रकारका रूपमा पत्रकारिता पेसाको सुरुवात गरेका थिए । चितवन साहित्य परिषद् कृष्णराज कँडेल साहित्य पुरस्कार-२०७६; राउण्ड टेबल गपिस सम्मान, हेटौँडा-२०७७; हाम्रो मझेरी सम्मान-२०७७ आदि पुरस्कारहरूबाट सम्मानित पराजुलीको *कुमाता* कथासङ्ग्रहमा नारीलाई केन्द्रीय पात्रका रूपमा लिइएको छ ।

नेपाली समाजले निर्माण गरेको परम्परावादी प्रवृत्तिअनुसार अविवाहित नारीबाट सन्तान जन्मिनु अवैधानिक हो र त्यसरी जन्मेका बालबालिकालाई मात्र होइन त्यस्ता बालबालिकाकी आमालाई समेत समाजले अनेक नाम दिएको पाइन्छ । तथाकथित समाजले निर्माण गरेको यसप्रकारको प्रवृत्तिलाई साहित्यको माध्यमबाट स्पष्ट पार्न कथाकार पराजुलीले आफ्नो कथासङ्ग्रहको नाम *कुमाता* राखेका छन् । त्यही नामलाई सार्थक तुल्याउने केही नामहरू यस सङ्ग्रहमा सङ्कलन गरेका छन् । सामाजिक यथार्थवादी प्रवृत्तिलाई स्पष्ट पाने यस सङ्ग्रहका कथाहरूमा महिला यौनमनोविज्ञानका विषयवस्तुहरू पनि अभिव्यक्त भएका छन् । सामाजिक घटनाका माध्यमबाट नेपाली समाजको वर्तमान यथार्थलाई मात्र प्रस्तुत गर्ने उद्देश्य राखेर लेखिएका पराजुलीका कथाहरूले सामाजिक विकृतिका विरूद्ध सङ्घर्ष गर्न प्रेरित गर्दैनन् । मात्र विषयवस्तुलाई सङ्केत गर्दछन् ।

पत्रकारिताबाट साहित्यिक यात्रातर्फ कदम चालेका पराजुलीको कथासङ्ग्रहको केही पत्रिकाहरूमा सामान्य चर्चा गरिएको पाइन्छ । *कुमाता* कथासङ्ग्रहका विषयमा केही समालोचना भए तापनि कथाको रचनाविधानमा आधारित भएर अध्ययन-विश्लेषण भएको नपाइएकोले '*कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकमा शोधकार्य गर्न चयन गरिएको छ ।

## १.२ समस्याकथन

'*कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकसँग सम्बद्ध भएर गरिने शोधकार्यको मुख्य समस्या शीर्षक नै भए पनि तदन्तर्गत पर्ने केही शाखात्मक समस्याहरू निम्नलिखित रहेका छन् :

(क) वसन्त पराजुलीका कथा प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

(ख) विधातत्त्वका आधारमा *कुमाता* कथासङ्ग्रहका कथाहरू कस्ता प्रकारका छन् ?

(ग) नेपाली कथासाहित्यको क्षेत्रमा *कुमाता* कथासङ्ग्रहको योगदान के-कस्तो रहेको छ ?

## १.३. उद्देश्य

विभिन्न समस्याहरूमा केन्द्रित भई *कुमाता* कथासङ्ग्रहका कथाहरूको रचनाविधानमा आधारित भई अध्ययन गर्नु मूल उद्देश्य रहेको छ भने शाखात्मक उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) वसन्त पराजुलीका कथाप्रवृत्तिहरू केलाउनु,

(ख) कथातत्त्वका आधारमा *कुमाता* कथासङ्ग्रहका कथाहरूको अध्ययन गर्नु,

(ग) नेपाली कथासाहित्यको क्षेत्रमा *कुमाता* कथासङ्ग्रहको योगदान केलाउनु,

यिनै उद्देश्य परिपूर्तितर्फ यो शोधकार्य अघि बढाइएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्दा सम्बन्धित शीर्षकमा आफूभन्दा अघि के-कति अध्ययन-अनुसन्धान भएका छन् भन्ने कुरामा प्रष्ट हुनु आवश्यक हुन्छ । वसन्त पराजुलीद्वारा रचित *कुमाता* कथासङ्ग्रहको समालोचना तथा साहित्यिक मूल्यनिरूपण गर्ने उद्देश्यले विभिन्न साहित्यिक पत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । तीमध्ये उपलब्ध प्रकाशित सामग्रीहरूको कालक्रमिक विवरण सङ्क्षिप्त रूपमा यसरी प्रस्तुत गरिएका छन् :

श्रीओम श्रेष्ठ 'रोदन'ले 'कथामार्ग निर्माणको प्रयास' शीर्षकको भूमिकाखण्डको लेखमा *कुमाता* कथासङग्रहका कथाहरूमा मानवीय प्रवृत्तिको सूक्ष्म विश्लेषण भएको बताउँदै मन र मस्तिष्कसम्म प्रभाव पार्ने कथाहरूमा कथाकार पराजुलीको आफ्नोपन व्यक्त भएको (श्रेष्ठ

२०७६ : पृष्ठ उल्लेख नभएको) उल्लेख गरेका छन् । यस पूर्वकार्यमा कथासङ्ग्रहमा सङ्गृहीत कथाहरू मानवीय प्रवृत्तिका भएको विश्लेषण गर्न सकिने भन्ने विचार प्रस्तुत गरिएको भए पनि अन्य कुनै पनि प्रसङ्गको चर्चा नगरिएकाले प्रस्तुत शोधकार्यका लागि खासै उपयोगी बन्न सकेको छैन ।

पूर्णप्रसाद अधिकारीले 'समयसापेक्ष कथा' शीर्षकको लेखमा *कुमाता* कथासङ्ग्रहभित्रका कथाहरूले वर्तमानका पुस्ताको स्थितिचित्रण गर्नुका साथै अहिलेका मानिसहरूका शारीरिक, मानसिक र आर्थिक चित्र उतार्नमा सक्षम रहेको बताएका छन् । पराजुलीका सबैजसो कथाहरूमा आञ्चलिकताका साथै पूर्णस्मृतिसूचक चेतनाप्रवाहपूर्ण अभिव्यक्तिमा लेखिएको हुनाले कथामा मनोवैज्ञानिक तथा भावात्मक अभिव्यक्ति प्रस्तुत हुन आएको (अधिकारी, २०७७ : पृ. ७२) कुरा उल्लेख गरेका छन् । यस पूर्वकार्य यस कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको सङ्क्षिप्त रूपमा मात्र व्याख्या गरिएको हुनाले यस शोधकार्यका लागि कथानक प्रस्तुत गर्न आंशिक सहयोग पुगेको छ भने अन्य पक्षको विवेचना हुन सकेको छैन ।

*समृद्ध समाज* पत्रिकाका संवाददाताले 'हेटौँडामा चितवनका स्रष्टा पत्रकारको चर्चा हुँदै' शीर्षकको लेखमा पितृसत्तात्मक मानसिकताका कारण महिलाहरूलाई कुमाता बन्न बाध्य पारिने स्थिति रहेको बताउँदै मायाजालमा पारेर गर्भवती बनाएर बेपत्ता हुने पुरुषलाई बेवास्ता गर्दै नारीलाई मात्र *कुमाता* भन्ने समाजले यथार्थ बुझ्न आवश्यक रहेको (?, २०७७ : पृ. २) विचार उल्लेख गरेका छन् । यस पूर्वकार्यमा महिलाहरू कसरी कुमाता बन्न सक्छन् भन्ने कुराको मात्र व्याख्या गरेको र अन्य पक्षको बारेमा चर्चा नभएकाले यस शोधकार्यमा खासै प्रभाव पार्न सकेको छैन ।

नानी बिबुले '*कुमाता* कथासङ्ग्रहप्रति एक दृष्टि' शीर्षकको लेखमा *कुमाता* कथासङ्ग्रहमा सामाजिक यथार्थवादी र महिला यौनमनोविज्ञानका विषयवस्तुहरू समेटेका कथाहरू समावेश भएको कुरा उल्लेख गरेकी छिन् । यस कथासङ्ग्रहका कथाहरूले गरिबी, वैदेशिक रोजगारी, प्रेम, विश्वास यौन, धोका, जेलजस्ता सन्दर्भहरू बोकेका कारण हाम्रै घर र वरिपरिका समाजभित्रका समस्याहरू प्रस्तुत गरेको मान्न सकिने (बिबु, २०७७ : पृ. २) अभिव्यक्ति प्रस्तुत गरेकी छिन् । यस पूर्वकार्यमा समग्र कथाहरूको निष्कर्षका रूपमा समाजमा व्याप्त गरिबी, वैदेशिक रोजगारी, प्रेम, विश्वास, यौन, धोका, जेल, विकृति र विसङ्गतिले विभिन्न प्रकारका समस्याहरू खडा गर्ने हुनाले यी कथाहरूले समाजको

वास्तविक चित्र प्रस्तुत गरेको मानिएकाले प्रस्तुत शोधकार्यमा कथानक प्रस्तुत गर्नका लागि आंशिक सहयोग पुगेको छ ।

शान्ति शर्माले '*कुमाता*भित्र नारी संवेदना' शीर्षकको लेखमा *कुमाता* कथासङ्ग्रमा सङ्गृहीत प्रायः कथाहरूमा नारीसंवेदना प्रचुर मात्रामा पाइने बताउँदै पितृसत्तात्मक सामाजिक संरचनामा जकडिएको नेपाली समाजमा हुनसक्ने थुप्रै घटनालाई टपक्क टिपेर काल्पकिताको जलप लगाउन सक्नु कथाकारको प्राप्ति भएको (शर्मा, २०७७ : पृष्ठ उल्लेख नभएको) उल्लेख गरेकी छिन् । प्रस्तुत पूर्वकार्यमा पनि कथाकारको कथाप्रवृत्तिको बारेमा मात्र उल्लेख भएको र अन्य पक्षको बारेमा कुनै चर्चा नभएकाले यस शोधकार्यमा खासै सहयोग पुगेको छैन ।

देवी सापकोटाले 'समाजले निर्धारण गरेको *कुमाता*' शीर्षकको लेखमा कथाकारले सामाजिक यथार्थलाई कथाको विषयवस्तु बनाएको, कथाका पात्रहरूप्रति सहानुभूति पैदा गरेको, समाज परिवर्तनका लागि आवश्यक पर्ने घटनालाई कथानक नबनाएर गलत निर्णयमा पुगेको स्थितिलाई कथावस्तु बनाएको बताएकी छिन् । उनले केही कथाका विषयवस्तु निकै गहन भएको भए तापनि लेखकले विषयलाई हतारिएर वर्णन गर्न खोजेको (सापकोटा, २०७७ : पृ. उल्लेख नभएको) पनि उल्लेख गरेकी छिन् । यस पूर्वकार्यमा पनि कथावस्तुको बारेमा मात्र चर्चा गरिएको हुनाले यस शोधकार्यमा खासै सहयोग पुगेको छैन ।

सुरज कोइरालाले 'पत्रकार पराजुलीको यौनमनोविज्ञानमा आधारित कथासङ्ग्रह *कुमाता* पोखरामा' शीर्षकको लेखमा सामाजिक यथार्थवादी र महिला यौनमनोविज्ञानका विषयवस्तुहरू समेटेर तयार पारिएको पराजुलीको कथासङ्ग्रहमा रहेका कथाहरूले नेपाली समाजलाई जीवन्तरूपमा उतार्ने प्रयास गरेको छन् (कोइराला, २०७७ : पृष्ठ उल्लेख नभएको) । यस पूर्वकार्यमा समग्र कथाहरूको निष्कर्षका रूपमा सामाजिक यथार्थवादी र महिला यौनमनोविज्ञानका विषयवस्तु समेटिएको भएकाले प्रस्तुत शोधकार्यमा खासै सहयोग पुगेको छैन ।

कपिल अज्ञातले '*कुमाता* अपवाद हो' शीर्षकको लेखमा सामाजिक यथार्थवादी धारमा रहेर लेखिएका *कुमाता* कथासङ्ग्रहका कथाहरूले समाजका अनेक पक्षहरूलाई जीवन्तरूपमा चित्रण गरेको बताउँदै मान्छेका समस्यालाई यथार्थ रूपमा कथामा उतार्नु कथाकारको उद्देश्य रहेको (अज्ञात, २०७७ : पृ. १) उल्लेख गरेका छन् । यस पूर्वकार्यमा समग्र

कथाहरूको सारका रूपमा समाजका अनेक पक्षहरूलाई जीवन्त रूपमा कथाकारले प्रस्तुत गरिएको भनिएकाले शोधकार्यमा खासै सहयोग पुगेको छैन ।

रमेश प्रभातले 'यो समाजले मातालाई किन *कुमाता* बताउँछ ?' शीर्षकको लेखमा दसओटा कथालाई समेटेर तयार पारिएको 'पत्रकार' कथामा पुरुष केन्द्रीय पात्रका रूपमा, सन्न्यास कथामा पुरुष महिला समान हैसियतमा देखिएको बताएका छन् भने बाँकी आठओटा कथाहरूमा नारीलाई केन्द्रीय पात्रका रूपमा उभ्याउनु कथाकारको सबल पक्ष भएको उल्लेख गरेका छन् (प्रभात, २०७७ :पृ. १६) । यस पूर्वकार्यमा पनि समग्र कथाहरूको निष्कर्षलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको र अन्य पक्षहरूमा चर्चा नगरिएकाले प्रस्तुत शोधकार्यमा खासै सहयोग पुगेको छैन ।

केही पत्रिका तथा अनलाइन मिडियाहरूमा *कुमाता* कथासङ्ग्रहको समालोचना गरिएका छोटा लेखहरू प्रकाशित भए तापनि विशेष प्रकारका अनुसन्धानात्मक लेख प्रकाशित छैनन् । वर्तमान समाजमा देखिएका घटनावस्तुहरू समेटेर लेखिएका *कुमाता* कथासङ्ग्रहको विधातात्विक दृष्टिले अध्ययन गर्नु उपयुक्त देखिएकाले यस शोधकार्यको शीर्षक *कुमाता* कथासङ्ग्रहको कृतिपरक अध्ययन' राखिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

*कुमाता* कथासङ्ग्रहभित्रका कथाहरूको कृतिपरक अध्ययनमा केन्द्रित यो शोधकार्य स्नातकोत्तर तहको पाठ्यांशको परिपूर्तिका लागि प्रस्तुत हुने भएकाले उक्त तहको अनुसन्धानकार्यमा सहयोगी/सहायक हुनु आफैमा औचित्यपूर्ण रहने छ भने कथाविधामा रुचि भएका पाठकलाई कथासाहित्यको विपठन कसरी हुनसक्ने रहेछ भन्ने विषय थाहा पाउन पनि यस शोधकार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका साथै भावी शोधकार्यमा यो अध्ययन मार्गनिर्देशक हुनसक्ने भएकाले यस शोधकार्यलाई औचित्यपूर्ण मानिने छ ।

## १.६. शोधकार्यको क्षेत्र र सीमा

*कुमाता* कथासङ्ग्रहको विधतात्त्विक वा कृतिपरक अध्ययन गर्नु यस शोधकार्यको मुख्य क्षेत्र हो भने अन्य कुनै पनि पक्षको अध्ययन गर्नु यसको सीमा हो ।

## १.७ सामाग्री सङ्कलनविधि

प्राथमिक स्रोतका रूपमा सम्बद्ध कथासङ्ग्रह र द्वितीयक स्रोतका रूपमा अनुसन्धेह विषयसँग सम्बद्ध पुस्तक, साहित्यिक पत्रिका तथा अनुसन्धानात्मक लेख-समीक्षाहरूको उपयोग गरिएको छ । यसका लागि पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

कथाका रचनाविधानसँग सम्बन्धित सैद्धान्तिक आधार एवम् अवधारणात्मक परिसूचकहरूको निमार्ण गरी अनुसन्धानात्मक कार्यविधिको उपयोग गरिएको छ । यसका लागि निगमनात्मक तथा वर्णनात्मक विधिको उपयोग गरिएको छ । कथाका विधागत प्रमुख तत्त्वहरू कथावस्तु, कथोपकथन/संवाद, पात्र वा चरित्रचित्रण, देश, काल र परिस्थिति, भाषाशैली, उद्देश्यलाई सैद्धान्तिक आधार बनाइएको छ । आवश्यक स्थानमा विषय विशेषज्ञको पनि रायसल्लाह लिइएको छ । यसका साथै कथाको परिचय, कथाको व्युत्पतिगत अर्थ, कथाको परिभाषाको समेत व्याख्या र विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र सुव्यवस्थितरूपमा सम्पन्न गर्नका लागि निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

यस परिच्छेदमा शोधविषय परिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामाग्रीसङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा आदि विषयहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद दुई : कथा-सिद्धान्त

यस परिच्छेदमा कथाको परिचय, कथाको व्युत्पतिगत अर्थ, कथाको परिभाषा, कथाका तत्त्वहरूअन्तर्गत कथावस्तु, कथोपकथन/संवाद, पात्र वा चरित्रचित्रण, देश, काल र परिस्थिति, भाषाशैली र उद्देश्य र निष्कर्ष आदि विवषयहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद तीन : कथा-सिद्धान्त

यस परिच्छेदमा वसन्त पराजुलीका कथाप्रवृति प्रस्तुत गरिएको छ जसमा वसन्त पराजुलीको सङ्क्षिप्त परिचय, वसन्त पराजुलीका कथाप्रवृतिहरू, निष्कर्ष आदि विषयहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद चार : *कुमाता* कथासङ्ग्रहको अध्ययन

यस परिच्छेदमा कथाको विधातत्त्वका आधारमा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत 'पत्रकार', 'कुमाता', 'सन्न्यास', 'छापामारको प्रेम', 'परिबन्द', 'अस्मिता', 'नियति', 'उकुच', 'दसैँ' र 'दोषी को ?' कथाहरूको अध्ययन तथा कथासङ्ग्रहमा प्रयुक्त भाषाशैली, निष्कर्ष आदि विषय प्रस्तुत गरिएको छ ।

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

यस परिच्छेदमा शोधकार्यको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ ।

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षकोपशीर्षकहरू राखेर प्रस्तुत गरिनुका साथै शोधको अग्रभागमा चिह्न तथा सङ्क्षिप्त शब्दसूचीसहित स्वीकृति पत्रादि र पश्चभागमा सन्दर्भसूचीसमेत समावेश गरी यथासम्भव साङ्गोपाङ्ग शोधप्रतिवेदन प्रस्तुत गरिएको छ ।

परिच्छेद दुई

# कथा-सिद्धान्त

## २.१ कथाको परिचय

पूर्वीय र पाश्चात्य साहित्यमा कथालाई ज्यादै लोकप्रिय विधाका रूपमा मानिन्छ । यो कथानकयुक्त गद्यविधा हो । भाषा मानवजीवनको अभिव्यक्तिको माध्यम बनेपछि मानवमनका भाव तथा संवेगलाई कलात्मक ढङ्गले अभिव्यक्त गर्ने क्रमसँगै कथाको प्रारम्भ भएको हो । जीवनजगत्का चाखलाग्दा घटनाहरूलाई समेटेर रोचक तरिकाले बिसबियाँलोको निमित्त कथा भन्ने र सुन्ने चलन परम्परादेखि चलिआएको छ । मानवसमाज र भाषाको विकाससँगै वनवासी मानवले भन्ने र सुन्ने सहज इच्छाका माध्यमबाट यसको जन्म भएको हो । हाम्रो समाजमा प्रसस्त लोककथाहरू मानव सभ्यताका साथसाथै ललित साहित्यको परम्पराबाट प्रशस्त ऊर्जा लिएर विकसित र विस्तारित हुँदै पाश्चत्य प्रभावलाईसमेत यथोचित ग्रहण गर्दै नेपाली कथाले आजसम्मको अवस्थामा आइपुग्न निकै लामो यात्रा पार गरेको छ । यसैक्रममा कथाविधाले आफ्नै मौलिक मूल्य र मान्यतालाई स्थापित गर्न पनि सफल भएको छ । कथालाई मानव विकाससँगै हेर्ने गरिएको भए तापनि सहज कलात्मक दृष्टिबाट कथाको विकास पश्चिममा उन्नाइसौँ शताब्दीमा मात्र भएको हो । कथा अन्य साहित्य विधाका तुलनामा सबैभन्दा पुरानो विधा हो भन्ने कुरामा धेरै विद्वान्हरूबिच एकमत पाइए तापनि आधुनिक कथाको आरम्भ भने उन्नाइसौँ शताब्दीबाट भएको हो । प्रारम्भमा कथाहरू मानव मनका भावनाहरूलाई अभिव्यक्त गर्ने माध्यम र मनोरञ्जनका साधन थिए भने वर्तमान सन्दर्भमा कथाले थोरै समयमा आस्वादनद्वारा जीवन र जगत्को कुनै पनि एक पक्षीय अनुभूतिसँग साक्षात्कार गराउँछ ।

## २.२ कथाको व्युत्पतिगत अर्थ

कथाको उत्पत्तिको बारेमा ‘कथ्’ धातुमा ‘टाप’ (आ) प्रत्यय जाडिएर बनेको ‘कथा’ तत्सम शब्द हो । ‘कथ्+अड+टाप’ निर्माण प्रक्रियाबाट बनेको कथा शब्दको अर्थ कथ्नु, कहानी गर्नु वा भन्नु भन्ने हुन्छ (आप्टे, ई. १९८९ : पृ. २४२) । यसैगरी ‘कथ्’ धातुमा ‘अच’ प्रत्यय लागेर ‘कथ’ बनेपछि ‘टाप्’ प्रत्यय लागेर ‘टाप’ को ‘आ’ भएपछि कथ+अ+आ = कथा शब्द बन्छ (सुवेदी, २०५१ : पृ. १) ।

यसरी 'कथ्' धातुको वास्तविक र मूल अर्थ संस्कृतमा बातचित, वार्तालाप र वक्तृता हुन्छ भने हिन्दीमा 'कथ्' धातुबाट निष्पन्न शब्द कथा वा कहानी हुन्छ । त्यस्तै अङ्ग्रेजीमा स्टोरी भनिन्छ । यसरी विभिन्न साहित्यमा कथालाई जे जस्तो नामले पुकारिएता पनि आधुनिक ढाँचामा लेखिएका कथाविधा प्राचीन समयदेखि नै भन्ने र सुन्ने परम्पराबाट विकसित भएको पाइन्छ ।

## २.२ कथाको परिभाषा

कथालाई विकसित बनाउँदै अगाडि बढाउने सन्दर्भमा विक्रमाब्दको बिसौँ शताब्दीको उत्तरार्ध बौद्धिक जागरणको परिणामस्वरूप जब मुद्रणयुगमा प्रवेश गरी पत्र–पत्रिकासँग सम्बद्ध हुन पुग्यो तब सामाजिक विषय पनि कथामा देखिन थाल्यो । *शारदा* पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथाले नै नेपाली कथाका क्षेत्रमा आधुनिक कालको प्रवर्तन गरेको (बराल र एटम, २०६७ : पृ. ४) पाइन्छ । यसरी समाज र समयको परिवर्तनसँगै नेपाली कथा अगाडि बढेको हो ।

कथालाई धेरै विद्वानहरूले धेरै दृष्टिकोणबाट परिभाषित गरेका छन् तर कुनै पनि परिभाषा सर्वमान्य र बहुमान्य बन्न सकेका छैनन् । ती परिभाषाहरू फरक सन्दर्भमा आए पनि भावार्थ भने मिल्दाजुल्दा देखिन्छन् । केही विद्वानहरूका केही परिभाषाहरू निम्नलिखित रहेका छन् :

एड्गर एलेन पोका विचारमा कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ (उद्धृत, श्रेष्ठ, २०६६ : पृ. ७) । उनले कथामा प्रभावान्चिति हुनैपर्ने कुरामा जोड दिएका छन् ।

गुरानिल्कको कथागत अवधारणालाई उद्धृत गर्दै के भन्न सकिन्छ भने कथा भनेको काल्पनिक घटनाको वा घटनासँग सम्बद्ध शृङ्खलाको वर्णन हो । उपन्यासको तुलनामा लघु रूप भएको र पद्य वा गद्यमा लेखिएको काल्पनिक कथा भएको साहित्य-रचना नै कथा हो (उद्धृत, थापा, २०६६ : पृ. १४५) । आधुनिक कथाको शिल्पविधिको मूल आधार गद्य नै हुन्छ ।

जेम्सका दृष्टिमा कथा छोटो नाटकीय रूप रहेको तथा जसमा एउटै पात्रको जीवनका घुम्तिको प्रतिनिधित्व हुन्छ (उद्धृत, श्रेष्ठ, २०६६ : पृ.७) ।

लक्ष्मीप्रसाद देवकोटाको भनाइमा “कथा एउटा सानो आँखीभ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो । यो पनि एउटा संसार हो” । सोझो अर्थमा एउटा सानो संसार चियाउने सानो भ्याललाई कथाका रूपमा लिन सकिन्छ । देवकाटाको उपर्युक्त उक्तिको समय र परिवेशलाई हेर्दा सानो भ्याललाई कथाको रूपमा लिन सकिन्छ । एउटा सानो संसारलाई चरित्रको कुनै एक पक्षका रूपमा र सानो भ्याललाई संयमित र सन्तुलित दृष्टिका रूपमा लाक्षणिक विवेचना गर्न सकिन्छ । देवकोटाको “थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो” जस्तै सारगर्भित कथनले पुष्टि गर्दछ (उद्धृत, थापा २०६६ : पृ. १४६) ।

“गुरूप्रसाद मैनालीले कथाको परिभाषा गर्दै कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो” (बराल र एटम, २०६७: पृ. ५) भनेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले कथाको परिभाषा दिने क्रममा “निश्चित प्रकारको संरचनामा निबद्ध र सीमित आयतन भएको, समय र स्थानभित्र विस्तारित तथा शैलीयुक्त विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यनात्मक गद्यरूप नै कथा हो” (श्रेष्ठ र शर्मा, २०६९ : पृ. ९८) भनेका छन् ।

सारांशतः गद्यमा लेखिएको छोटो आकारको कथानक एकात्मकता भएको स्वयम्मा पूर्ण आख्यानयुक्त संरचना कथा भन्न सकिन्छ ।

## २.३ कथाका तत्त्वहरू

कुनै पनि वस्तु पूर्ण हुन त्यसका आवश्यक तत्त्वहरूबिच अन्विति हुनुपर्छ । कथा एउटा आफैं परिपूर्ण विधा हो । यसको निर्माणका लागि विभिन्न अङ्गहरू आवश्यक हुन्छन् । यिनै अङ्गहरूलाई कसैले तत्त्व, कसैले लेखनका उपकरण, कसैले अवयव भनेका छन् । कथाका तत्त्वको बारेमा यादवप्रकाश लामिछाने र गीता लामिछाने (२०७८) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

एउटा सिङ्गो तथा पूर्ण कथा बन्नका लागि अन्वित हुने तत्त्वको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । आवश्यक तत्त्वबिना कथाको संरचना हुनसक्दैन । विविध तत्त्ववहरूको मेलबाट सिङ्गो तथा अर्थपूर्ण कथाको सिर्जना हुन्छ । कथाको संरचनाका लागि आउने तत्त्वहरुको परस्परमा सुमधुर सम्बन्ध रहेको हुन्छ । यसरी तत्त्वहरूको योगबाट नै कथाको रचना हुन्छ । कथाको संरचनाका लागि आवश्यक तत्त्वहरूमा कथानक, चरित्रचित्रण/पात्र, भाषाशैली, देशकाल र परिस्थिति, सारवस्तु र दृष्टिविन्दु आदि हुन् । (पृ. ७) ।

माथिको भनाइबाट स्पष्ट हुन्छ कि उल्लिखित तत्त्वका आधारमा कथाको रचनाविधान तयार हुन्छ भन्न सकिन्छ । यसैगरी "कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय गरी आठ प्रकारका तत्त्वहरू हुन्" (बराल र एटम, २०६७ : पृ. ७) भनेका छन् ।

माथि उल्लिखित भनाइहरूलाई दृष्टिगत गर्दा कथा बन्नका लागि योग हुन आउने अर्थात् कथाको अस्तित्त्व तुल्याउने मूल कारणहरू नै कथाका तत्त्वहरू हुन् । कथाको संरचनामा आउने छ तत्त्वहरू जब एक-अर्कासँग सम्बद्ध भएर आउँछन् तब त्यहाँ एक राम्रो कथाको निर्माण हुन्छ । सर्वाङ्गमा हेर्दा जसरी विभिन्न तत्त्वहरू मिलेपछि फूलको रचना हुन्छ र त्यो सुन्दर देखिन्छ त्यसरी नै कथामा सर्वाङ्ग बनावटमा उचित संयोजन हुन्छ तब त्यो कथा सुन्दर र राम्रो हुन्छ । साहित्यशास्त्रीहरूले सुविधाका लागि कथावस्तु, कथोपकथन/संवाद, पात्र/चरित्रचित्रण, देश, काल र परिस्थिति, भाषाशैली र उद्देश्यलाई कथाका तत्त्वहरू भनेका छन् ।

### २.३.१ कथावस्तु

आवश्यक घटनाहरूको शृङ्खलाबद्ध गुम्फन नै कथावस्तु हो । "यथार्थ जीवनका विभिन्न घटनाहरू र क्रियाकलापहरूमा कुनै सम्बद्धता नभएजस्तै कुनै घटनामा सार्थकता उपयुक्तता नहुन पनि सक्छ । यस्ता घटनाहरूमा कलाकारिता र प्रभावकारिता हुँदैन" (थापा, २०६६ : पृ. १४६) । यस भनाइबाट बुझ्न सकिन्छ कि वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्तिको प्रस्तुति हो । यसैगरी "कथामा 'कलागत मूल्यको' तात्पर्य कथावस्तु बहुकोशीय समष्टिरूप हो । यद्यपि द्वन्द्व एवम् क्रियाव्यापार कथावस्तुका आधारसामाग्री हुन् तापनि एक कुशल कथाकारले यी

सामाग्रीहरूको विकेन्द्रित ऐक्य देखाउनका लागि तिनको युक्तिपूर्ण उत्कर्षलाई विभिन्न एकाइमा राखेको हुन्छ । त्यसैले कथावस्तु भन्नाले एकभन्दा बढी दृश्यविधानको आनुक्रमिक निर्माण र तिनका बिच सम्बन्धको स्थापना भन्ने बुझिन्छ" (श्रेष्ठ, २०६६ : पृ. ९) भनेका छन् ।

उल्लिखित भनाइहरूलाई हेर्दा कथावस्तु भन्नु नै कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्तिको प्रस्तुति । द्वन्द्व एवम् क्रियाव्यापार कथावस्तुका आधारसामाग्री हुन् । यसैगरी एकभन्दा बढी दृश्यविधानको आनुक्रमिक निर्माण र तिनका बिच सम्बन्धको स्थापना नै कथावस्तु हो भन्न सकिन्छ ।

### २.३.२ कथोपकथन/संवाद

"कथोपकथन भन्नाले साहित्यिक रचनामा पात्रका आपसमा हुने वार्तालाप, संवाद, कथावार्ता, कुराकानी आदि बुझिन्छ" (शर्मा, २०७० : पृ. २८८) । कथाभित्र कथानक हुन्छ र कथानकभित्र पात्रहरू पनि हुन्छन् । कथानकभित्र पात्रका कार्यव्यपारहरू हुन्छन् । कथामा प्रयुक्त एक वा सोभन्दा बढी पात्रहरूले बोलेका पनि पनि हुन सक्छन् वा नबोलीकन कथा पूर्ण भएको हुनसक्छ । पात्रले नबोलीकन मनोवादका रूपमा पनि संवादहरू भएका हुन्छन् । यसरी संवेगात्मक रूपमा पात्रले मनमनै सोचेका कुरा मनोवैज्ञानिक कथामा देखाइन्छ । यसप्रकारले कथामा पात्रले बोल्नु वा सोच्नुलाई कथोपकथन भनिन्छ ।

कथोपकथन पात्रको सामाजिक बौद्धिक स्तरअनुसारको हुनुपर्दछ । यसले कथानकलाई विस्तार गर्न मद्दत गर्दछ । कथोपकथनको अर्को कार्य पात्रहरूको स्वभाव, नैतिकता, आचरण, बानी आदिको चिनारी गराउनु हो । कथोपकथनको भाषा पात्रअनुसार प्रयोग गरिएको अवस्थामा विश्वसनीयताको अवस्था सृजना हुन्छ । पात्रअनुसार भाषा प्रयोग नगरी कथाकारले आफ्नो दर्शन वा विचार लादेर पात्रलाई जबर्जस्ती बोलाइएको हुनुहुँदैन । "संवाद सङ्क्षिप्त, सरल, आकर्षक र सार्थक हुनु आवश्यक हुन्छ । क्लिष्ट, अनाकर्षक संवादले कथामा गति प्रदान गर्दैन । त्यस्तै अनावश्यक र लामो संवादले कथावस्तुको प्रवाह अवरुद्ध र पात्र-संयोजन शिथिल हुन्छ । यस आधारमा संवाद अर्थपूर्ण, भावपूर्ण, सारपूर्ण र प्रभावपूर्ण हुनु आवश्यक छ" (थापा, २०६६ : पृ. २५८) ।

उल्लिखित भनाइहरूलाई हेर्दा साहित्यिक रचनामा पात्रका आपसमा हुने वार्तालाप, संवाद, कथावार्ता, कुराकानी नै कथोपकथन हो भने यस्ता संवाद दर्शन वा विचार लादेर पात्रलाई जबर्जस्ती नबोलाई सङ्क्षिप्त, सरल, आकर्षक र सार्थक हुनु आवश्यक हुन्छ ।

### २.३.३ पात्र वा चरित्रचित्रण

चरित्रचित्रणलाई कथात्मक साहित्यिक रचनामा पात्रको स्वरूप र प्रकृतिलाई रूपायित गर्ने काम, काल्पनिक पात्रको चरित्रलाई वास्तविक पात्रको चरित्रसँग समीकरण गर्ने काम, तुलनात्मक चारित्रिक चित्र खिच्नु आदि अर्थमा लिइएको छ । अचेल साहित्यमा कथावस्तुको ठाउँ चरित्रले लिएको छ । त्यसमा पनि मनोविश्लेषणशास्त्रको विकास र आजको मानवजीवनमा बढ्दो विषमता र जटिलताले गर्दा चारित्रिक स्थिति स्थूलताबाट सूक्ष्मतातर्फ उन्मुख हुँदै गएको छ । "कथावस्तु र चरित्रको महत्त्व तथा स्थानका विषयमा कथाकारको आफ्नो अभिरुचि, दृष्टि, प्रवृति आदिले प्रभाव पारेको हुन्छ । कथावस्तु र चरित्रको समुचित समन्वय गर्नु उपयुक्त हुन्छ भन्ने भनाइ पनि छ, तर पनि चरित्रचित्रणको गरिमा र महिमाप्रति कथाकारहरू आकर्षित र प्रभावित" (थापा, २०६६ : पृ. १५५) भएको पाइन्छ । नेपाली कथाविधामा कथावस्तु र चरित्रको प्रधानता र महत्ताका सम्बन्धमा विभिन्न धारणा र दृष्टि पाइन्छ ।

### २.३.४ देश, काल र परिस्थिति

देश भन्नाले देश, काल भन्नाले समय र परिस्थिति भन्नाले वातावरण बुझिन्छ । "कथामा वर्णित घटना वा स्थितिविशेषको धरातललाई भौतिक र मानसिक धरातलका रूपमा लिन सकिन्छ" (थापा, २०६६ : पृ. १६३) । यसैको समष्टिरूपलाई नै वातावरण भनिन्छ । वातावरणले कथालाई सजीव र स्वाभाविक बनाउँछ । सजीवता र स्वाभाविकताको अभावमा कथा अविश्वसनीयता बन्ने हुनाले विश्वसनीय र जीवन्तताका लागि सार्थक वातावरणको आवश्यकता पर्दछ । यसैगरी देश, काल, परिस्थितिको बारेमा थापा (२०६६) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> वातावरण निर्माणमा प्रकृति र व्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । कथालाई जीवन्त र सशक्त बनाउन कथामा समावेश गरिएका घटना र व्यक्तिको व्यवहारले ठुलो भूमिका खेल्दछ । यसरी कथामा कलात्मक प्रस्तुति, स्वकीय

> स्थिति र चरित्रगत मनोदशाको संरचनामा वातावरणको विशिष्ट स्थान हुन्छ (पृ. १६३) ।

उल्लिखित भनाइहरूलाई हेदा देश, काल, परिस्थितिलाई प्रस्तुत नगरी कथाको कथानकले सजीव रूप लिँदै अगाडि बढ्न सक्दैन । यसैले कुनै पनि आख्यानको कथानकलाई अगाडि बढाउन परिवेशले विशेष सहयोग पुऱ्याउने भएकाले यसलाई एक प्रमुख संरचक घटक वा तत्त्व मानिएको हो ।

### २.३.५ भाषाशैली

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषालाई अभिव्यक्त गर्ने तरिका शैली हो । कथाका पात्रहरूले बोल्ने भाषा भिन्न-भिन्न प्रकृतिका भए पनि कथाकारले प्रयोग गर्ने भाषा भिन्न हुँदैन । पात्रहरूको भाषाको एउटै मूल स्रोत जसको केन्द्रविन्दु कथाकारको आफ्नै भाषाशैली हो । यसै प्रकार भाषा कुनै वस्तुको आवरण हो भने शैली त्यसैको प्रकार हो । कुनै पनि मनोकाङ्क्षा व्यक्त गर्न भाषाको सहारा लिइन्छ भने कुन तवरले व्यक्त गर्ने भन्ने कुरा शैलीमा निर्भर पर्दछ । शैली मूलतः दुई प्रकारका छन् : परम्परागत शैली र आधुनिक शैली । परम्परागत शैलीमा कथालाई क्रमबद्ध ढङ्गले अघि बढाइएको हुन्छ भने आधुनिक शैलीमा कथालाई क्रमभग्न शैलीमा अघि बढाइएको हुन्छ । भाषाशैलीको बारेमा थापा (२०६६) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> शैलीअन्तर्गत कथा रचनाको ढाँचा पर्दछ जसलाई दुई भागमा विभक्त गरिएको छ : (१) रैखिक ढाँचा र (२) वृत्तकारीय ढाँचा । क्रमबद्धरूपमा अगाडि बढ्ने ढाँचा कथाको रैखिक ढाँचा हो । कथाकारको खास कुनै दर्शन, विचार वा दृष्टि हुन्छ, त्यसलाई सिद्ध गर्न कथात्मक रूपमा प्रस्तुत गर्दा उसले कथाको आरम्भ, मध्य हुँदै अन्त्यसम्म पुग्नुपर्ने शृङ्खला नै रैखिक ढाँचा हो जसलाई परम्परागत शैलीको ढाँचा भन्ने गर्दछन् । आधुनिक ढाँचाको वृत्तकारीय ढाँचामा कथानकको एउटा रेखा त हुन्छ तर रैखिक ढाँचामा झैँ कथानकको सघनता पाइँदैन । यसमा कथाकारले कथामा आफ्ना अनुभूतिहरूलाई घुमाउरो ढङ्गले प्रस्तुत गरेको हुन्छ । भाषाप्रयोगका दृष्टिले हेर्दा (१) संवृत र (२) विवृत गरी दुई प्रकारमा विभाजन गरी हेर्ने गरिन्छ । (पृ. १५९)

माथिका भनाइहरूलाई हेर्दा भाषा विचार विनिमयको माध्यम हो र साहित्यमा यसको प्रयोग अनिवार्य मानिन्छ । साहित्यको विधाअनुसार भाषा अभिव्यक्त गर्ने शैली फरक-फरक हुन्छ । साहित्यमा प्रयोग गरिएका शब्द, पदावली र वाक्यजस्ता भाषिक इकाइहरूको समष्टि रूपलाई शैली भनिन्छ । कथालेखन कार्यमा कथाकारले आफ्ना विचार भाषाको माध्यमबाट सम्प्रेषित गर्दछन् भन्न सकिन्छ ।

### २.३.६ उद्देश्य

उद्देश्य कथाको सूक्ष्म तत्त्व हो । यसलाई जीवनदर्शन पनि भन्ने गरिन्छ । उद्देश्य विहिन कथाको कल्पना नै व्यर्थ छ । सामान्यतया कथामा उद्देश्य भन्नाले कथाकारले कथामा दिन खोजेको सन्देश भन्ने बुझिन्छ तर कथाका संरचनामा उद्देश्य भन्नाले सारवस्तुतर्फ सङ्केत गर्दछ । उद्देश्यको बारेमा थापा (२०६६) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> प्राचीन र माध्यमिककालीन कथामा नैतिक शिक्षा प्रदान गर्नु, उपदेश प्रदान गर्नुजस्ता प्रमुख उद्देश्य रहेको पाइन्छ तर आधुनिक कथाले उद्देश्यका रूपमा उपदेश पक्षलाई प्रधानता दिएको पाइँदैन । आधुनिक कथाकारले समाजको सूक्ष्म निरीक्षण गर्दछ । कथाकारले समाजको अँध्यारो पक्ष, गरीबी, अन्धविश्वासग्रस्त समाज आदि पक्षको चित्रण, समाजमा रहेका व्यक्तिहरूका मनोदशाको सत्योद्घाटन गर्दै रुचिक्षेत्रानुरूप समाजको यथार्थता र वास्तविकतालाई कथामा प्रस्तुत गर्दछ । (पृ. १६०) ।

यसैले कथामा कथाकारले निश्चित उद्देश्य प्राप्तिका लागि आफ्ना विचारहरू व्यक्त गरेका हुन्छन् । यिनै विचारहरूको सार वा लेखकीय उद्देश्यलाई सारवस्तु वा उद्देश्य हो । उद्देश्यबिना कथाको कल्पना पनि गर्न सकिँदैन र कुनै न कुनै उद्देश्य राखेर नै कथाको रचना गरिएको हुन्छ । यसैले उद्देश्यलाई कथाको विशिष्ट तत्त्व मान्न सकिन्छ ।

## २.४ निष्कर्ष

यस अध्यायमा कथाको सैद्धान्तिक परिचय गरिएको छ । यसअन्तर्गत कथाको पूर्वीय र पाश्चात्य विद्वान्हरूले कथाको बारेमा दिएका जानकारीहरू प्रस्तुत गर्दै कथाको सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ । यहाँ पूर्वीय र पाश्चात्य साहित्यमा कथाले साहित्यिक क्षेत्रमा खेलेको भूमिका र त्यसमा प्रयोग हुने विभिन्न तत्त्वहरूलाई प्रस्तुत गरिएको छ । कथाका

तत्त्वहरूमा कथावस्तु, कथोपकथन/संवाद, पात्र/चरित्रचित्रण, देश, काल र परिस्थिति, भाषाशैली र उद्देश्यलाई लिई सङ्क्षिप्त व्याख्या र विश्लेषण गरिएको छ । यसका साथै कथाको बारेमा सङ्क्षिप्त जानकारी गराइएको छ ।

विश्व साहित्यमा कथा साहित्यको ज्यादै लोकप्रिय विधाका रूपमा मानिन्छ । यो कथानकयुक्त गद्यविधा हो । भाषा मानवजीवनको अभिव्यक्तिको माध्यम बनेपछि मानवमनका भाव तथा संवेगलाई कलात्मक ढङ्गले अभिव्यक्त गर्ने क्रमसँगै कथाको प्रारम्भ भएको हो । जीवनजगत्का चाखलाग्दा घटनाहरूलाई समेटेर रोचक तरिकाले बिसबियाँलोको निमित्त कथा भन्ने र सुन्ने चलन परम्परादेखि चलिआएको छ । मानवसमाज र भाषाको विकाससँगै वनवासी मानवले भन्ने र सुन्ने सहज इच्छाका माध्यमबाट यसको जन्म भएको हो । हाम्रो समाजमा प्रसस्त लोककथाहरू मानव सभ्यताका साथसाथै ललित साहित्यको परम्पराबाट प्रशस्त ऊर्जा लिएर विकसित र विस्तारित हुँदै पाश्चत्य प्रभावलाईसमेत यथोचित ग्रहण गर्दै नेपाली कथाले आजसम्मको अवस्थामा आइपुग्न निकै लामो यात्रा पार गरेको छ । यसैक्रममा कथाविधाले आफ्नै मौलिक मूल्य र मान्यतालाई स्थापित गर्न पनि सफल भएको छ । कथालाई मानव विकाससँगै हेर्ने गरिएको भए तापनि सहज कलात्मक दृष्टिबाट कथाको विकास पश्चिममा उन्नाइसौँ शताब्दीमा मात्र भएको हो । कथा अन्य साहित्य विधाका तुलनामा सबैभन्दा पुरानो विधा हो भन्ने कुरामा धेरै विद्वान्हरूबिच एकमत पाइए तापनि आधुनिक कथाको आरम्भ भने उन्नाइसौँ शताब्दीबाट भएको हो । प्रारम्भमा कथाहरू मानव मनका भावनाहरूलाई अभिव्यक्त गर्ने माध्यम र मनोरञ्जनका साधन थिए भने वर्तमान सन्दर्भमा कथाले थोरै समयमा आस्वादनद्वारा जीवन र जगत्को कुनै पनि एक पक्षीय अनुभूतिसँग साक्षात्कार गराउँछ ।

परिच्छेद तीन

# कथाकार वसन्त पराजुलीका कथाप्रवृत्ति

## ३.१ कथाकार वसन्त पराजुलीको सङ्क्षिप्त परिचय

कथाकार वसन्त पराजुलीको जन्म २०३५ साल असोज ५ गते हालको भरतपुर-१८, चनौलीमा भएको हो । पिता गेहराज पराजुली र माता गोमा पराजुलीका पुत्रको रूपमा जन्मिएका वसन्त पराजुली चर्चित कथाकारको रूपमा देखिएका छन् । हाल भरतपुर-२ मा बस्दै आएका पराजुलीले वि.सं २०५८ सालमा *हिमालय टाइम्स*का पत्रकारका रूपमा पत्रकारिताको पेसाको सुरुवात गरेका थिए । पराजुलीले सानैछँदा *स्वस्थानी कथा* पढ्न लगाउने पिता पण्डित गेहराज पराजुलीको प्रेरणा र पत्रकारिता गर्दागर्दै समाचारमा भेटिएका पात्रहरूका एकएक जीवनकथाले पत्रकारिताबाट साहित्यिकयात्रातर्फ कलम चलाउन थालेका हुन् । वसन्त पराजुली साहित्यिक परिषद कृष्णप्रसाद कँडेल साहित्यिक पुरस्कार-२०७६, राउण्ड टेबुल गपिस सम्मान हेटौँडा-२०७७, हाम्रो मझेरी सम्मान-२०७७ आदि पुरस्कारबाट सम्मानित भइसकेका छन् । वसन्त पराजुलीका *मधुपर्क* मासिकमा फुटकर कथा, कविता, निबन्ध, गजल र हाइकु प्रकाशित भइसकेका छन् भने कथासङ्ग्रहको रूपमा *कुमाता* (२०७६) र दोस्रो कथासङ्ग्रह *मोम्चो* (२०७८) प्रकाशित भइसकेका छन् । यिनै कृतिका आधारमा पराजुलीको कथाकारिताको यहाँ अध्ययन गरिएको छ ।

## ३.२ वसन्त पराजुलीका कथा प्रवृत्तिहरू

पत्रकारिताबाट कथाकारितातर्फ लागेका कथाकार पराजुलीका हालसम्म थुप्रै फुटकर कथा, कविता, निबन्ध, गजल र हाइकुसमेत *मधुपर्क* मासिक र अन्य विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । कथासङ्ग्रह भने *कुमाता* (२०७६) र *मोम्चो* (२०७८) प्रकाशित भएका छन् । पत्रकारिता जीवनको दुई दशकयात्राका क्रममा *हिमालय टाइम्स* दैनिकदेखि सुरु भएको पत्रकारिता *चितवन पोष्ट* र एन्टेना फाउन्डेशनको उत्पादन *नेपाल चौतारी* हुँदै अहिले *गोरखापत्र*मा क्रियाशील पराजुलीका कथाले मान्छेले आफू बाँचेको समाजको यथार्थ चित्रण गरी पाठकसमक्ष पुऱ्याउने कार्य गर्दछ भन्ने धारणा व्यक्त गर्दछन् (शोधनायकको वार्तालापबाट प्राप्त जानकारी) ।

पत्रकारिता गर्दागर्दै समाचारमा भेटिएका पात्रहरूको एकएक जीवन केलाउँदा पात्रपिच्छे छुट्टाछुट्टै कथा भेटाउन थालेर त्यसैलाई लिपिबद्ध गर्दैजाँदा कथासङ्ग्रह बन्न पुगेको उनी बताउँछन् (शोधनायकको वार्तालापबाट प्राप्त जानकारी) । समाजका विकृति र विसङ्गतिलाई उजागर गर्दै समसामयिक विषयवस्तुलाई समेटेर लेखिएको *कुमाता* कथासङ्ग्रहमा दसओटा कथाहरू सङ्गृहीत छन् । यी सबै कथाहरूका आ-आफ्नै विशेषताहरू छन् । यिनै कथाका आधारमा उनको कथाप्रवृत्तिको अध्ययन गरिएको छ ।

### ३.२.१ सामाजिक घटनाको यथार्थ चित्रण

कथाकार वसन्त पराजुलीका कथाहरूमा सामाजिक घटनाहरूको यथार्थ चित्रण भएको पाइन्छ । 'पत्रकार' कथाले इमान्दार पत्रकारको पीडालाई उजागर गरेको छ । त्यस्तै अशिक्षा र चेतनाको अभावले एक महिलाले भोग्नुपरेको पीडा, प्रेममा धोका, यथार्थ अनि बाध्यतालाई 'कुमाता' र 'परिबन्द' कथाले स्पष्ट पारेका छन् । बुढेसकालमा छोराबुहारीको दुर्व्यवहार सहन नसकी सन्न्यास जीवन बिताउन बाध्य भएका समाजका कैयौँ आमाबुबाहरूको यथार्थ चित्रण, सहरिया जीवनको नाममा भित्रिएको सामाजिक विकृति र विसङ्गतिका कारण परिवारले भोग्नुपरेका समस्याजस्ता कुरालाई 'सन्न्यास' कथाले उजागर गरेको छ । अहिलेको समाजमा व्याप्त घरको कमजोर आर्थिक अवस्थालाई सुदृढ बनाउन वैदेशिक रोजगारका लागि विदेशिएका श्रीमान् र तिनै श्रीमान्ले दुःखले कमाएर पठाएको पैसाको दुरूपयोग गरी रमाउने श्रीमतीको अवस्थालाई कथाकारले 'अस्मिता' र 'उकुच' कथामा सचित्र उतार्न सफल भएका छन् । 'नियति' कथाले परिवारको आवश्यक संरक्षणको अभावमा सडकपेटीलाई आफ्नो ठेगाना बनाउन पुगेका सडक बालबालिकाको अवस्थालाई चित्रण गरेको छ । यसरी समाजमा रहेका विभिन्न पात्रहरूको माध्यमबाट यथार्थ प्रवृत्तिको चित्रण गर्नु कथाकार पराजुलीको प्रमुख विशेषता रहेको पाइन्छ ।

### ३.२.२ मानवीय प्रवृतिको सूक्ष्म विश्लेषण

कथाकार पराजुलीका कथामा कतै न कतै समाजका पीडित वर्गमाथि सहानुभूति व्यक्त भएको पाइन्छ । 'पत्रकार' कथामा जिउँदो छँदा खेदो गर्ने साथीभाइले पनि मृत्युपश्चात् सहानुभूति देखाई सहयोग गरेको, क्यान्सर पीडित बालकको उपचारका लागि सहयोग जुटाएको, 'छापामारको प्रेम' कथामा मानवअधिकारकर्मीको सहयोग त्यस्तै 'उकुच' कथामा घरको आर्थिक अवस्था सुधार्नका लागि विदेश गएका श्रीमान्प्रति गरेको विश्वास तथा

सम्मान अनि भावानात्मक सम्बन्ध आदिले कथामा मानवीय प्रवृतिको सूक्ष्म विश्लेषण भएको पाइन्छ ।

### ३.२.३ समाजको विकृतिमाथि व्यङ्ग्य प्रहार

कथाकार वसन्त पराजुलीले आफ्ना कथाहरूमा सामाजिक विकृतिमाथि व्यङ्ग्य प्रहार गरेका छन् । विभिन्न प्रलोभनमा परेर अविवाहित नारी आमा बन्न पुगेको अवस्थाको चित्रण, नेता, साहित्यकार, ठुल्ठुला व्यापारी उच्चतहका कर्मचारीहरूमा देखिएको यौन दुराचार र त्यस्ता पुरुषपात्रहरू जसले आफ्नो क्षणिक यौनचाहना पूरा गर्नका लागि अबोध नारीहरूलाई कुमाता बन्न बाध्य बनाएका घटनाहरूलाई प्रस्तुत गरी समाजको विकृतिमाथि व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा गरेका छन् ।

### ३.२.४ ग्रामीण जनजीवनको चित्रण

पराजुलीले ग्रामीण जनजीवनका सङ्घर्ष, गरिबी, अशिक्षा, चेतनाको अभाव, वैदेशिक रोजगारी, प्रेम, धोकाजस्ता सन्दर्भहरूलाई समेटेर कथाको माध्यमबाट प्रस्तुत गरेका छन् । कथामा खडाइको पारदर्शी बार, खरको छानो, कमेरो र रातो माटोले पोतिएका घर, चौबाटोमा हालिएका पिङ, दिनभरि माछा मार्ने र निउरो टिपेर जीवन निर्वाह गर्नेजस्ता कुरालाई सचित्र उतारिएको छ । कथाकार पराजुलीले ‘परिबन्द’ शीर्षकको कथामा अभावका कारण उमेरले पचहत्तर नाघिसक्दा पनि जीविकोपार्जनका लागि गरिएको सङ्घर्ष प्रस्तुत गर्दै ग्रामीण जनजीवनका अवस्थालाई चित्रण गरेका छन् ।

### ३.२.५ सीमित पात्रको प्रयोग

कथाकार पराजुलीले आफ्ना कथाहरूमा सीमित पात्रहरूको प्रयोग गरेका छन् । उनका आफ्ना कथामा तीनदेखि पाँच-छ पात्रको प्रयोग भएका छन् । कथामा अनुकूल, प्रतिकूल, सहायक र सूक्ष्म पात्रहरूको उचित संयोजन गरी कथालाई चित्ताकर्षक बनाइएको छ । तिनै प्रयुक्त गरिएका पात्रहरूको संवाद र विचारबाट कथा पूरा भएको छ ।

### ३.२.६. नारी यौनमनोविज्ञानको प्रयोग

कथाकार वसन्त पराजुलीले कथामा नारी यौन मनोविज्ञानको सूक्ष्म विश्लेषण गरेका छन् । विदेशिएको श्रीमान्लाई सम्झेर रात बिताउने श्रीमतीको तडप, अतृप्त यौनचाहनाबाट सिर्जना भएका नारीभित्रका यौनकुण्ठा तथा मनोदशालाई कथाकार पराजुलीले यथार्थ

उतारेका छन् । 'दोषी को ?' कथामा नारी यौनमनोविज्ञानको प्रभावकारी प्रयोग गरिएको छ । श्रीमान्को असक्षमताको कारण मनोरोगी बनेकी श्रीमतीको कथा मौलिक र रोचक छ ।

### ३.२.७ वर्गीय सङ्घर्ष

कथाकार वसन्त पराजुलीले 'छापामार' कथाका माध्यमबाट छापामारहरूको जीवन सङ्घर्षलाई प्रस्तुत गर्ने चेष्टा गरेका छन् । सामाजिक तथा आर्थिक असमानता, बेरोजगारी र गरिबीले पिरोलिएको अवस्थामा प्रतिक्रियावादी राज्यव्यवस्था विरुद्ध युवाहरूले भोलिको सुन्दर भविष्य निर्माणका लागि गरेका सङ्घर्षलाई पनि कथामा उतार्ने जमर्को गरेका छन् ।

### ३.२.८ नारी संवेदनशीलता

कथाकार पराजुलीका कथाहरूमा नारी संवेदनशीलता पाइन्छ । 'कुमाता' प्रेम र धोकाबाट जेल सजाय भोगिरहेकी एक महिलाको यथार्थता र बाध्यताको कथा हो । त्यस्तै प्रेमीको झुटो मायाजालमा परेर कुमारी आमा बन्न पुगेकी मङ्गली र आफ्नै प्रेमी र कार्यालयको हाकिमबाट आफ्नो अस्मिता लुटिएपछि देहव्यापार गर्न बाध्य बनेकी अस्मिताको जीवन कथालाई उजागर गरी कथाकारले नारी संवेदना प्रकट गरेका छन् ।

## ३.३ निष्कर्ष

पत्रकारिताबाट कथाकारितातर्फ अगाडि बढेका पराजुलीका समाजमा व्याप्त विषयवस्तुलाई टपक्क टिपेर आफ्ना कथाहरूको माध्यमबाट पाठकसमक्ष प्रस्तुत गर्न सफल भएका छन् । उनका कथाले ग्रामीण जनजीवनको चित्रण, गरिबी र वैदेशिक रोजगारीका पीडालाई जीवन्त उतारेका छन् ।

नेपाली समाजले निर्माण गरेको परम्परागत प्रवृतिअनुसार अविवाहित नारीबाट जन्मिएको सन्तान र आमालाई विभिन्न नाम दिएको पाइन्छ । त्यही नामलाई सार्थक तुल्याउन कथाकारले यस कथासङ्ग्रहको नाम *कुमाता* राखेका छन् । विभिन्न कारणले दुःख पाएका र गल्ती महसुस गरी सचेतना कार्यमा लागेका पात्रहरूको चरित्रबाट सकारात्मक सन्देश दिन खोजिएको छ । यस कथासङ्ग्रहमा दसओटा कथाहरू सङ्गृहीत छन् । तीमध्ये आठओटा कथामा नारीलाई केन्द्रीय पात्रको रूपमा प्रस्तुत गरिएको छ । गरिबी अशिक्षा र चेतनाको अभावमा अबोध नारीहरू यौनपिपासु पुरुषहरूको झुटो मायाजालमा परेर भोग्नुपरेको पीडा, समस्या र नारीअस्मिताको महत्त्वलाई चित्रण गरी नारी सचेतना प्रवाह गर्न खोजिएको छ ।

कथाकारले आफ्ना कथाहरूमा तत्कालीन सामाजिक मानसिकताले नारीहरूमा पर्न जाने मानसिक चोटलाई टड्कारो रूपमा प्रस्तुत गर्नुमा केन्द्रित रहेको छ । समाजमा नारीको स्थान र नारीप्रतिको दृष्टिकोणलाई नै अधिकतर कथाहरूको मुख्य कथानक बनाइएको छ । यसका साथै पुरुषप्रधान समाजमा पुरुष प्रवृत्तिबाट नारी मानसिकतामा पर्न गएको चोटका कारण विक्षिप्त भएको नारी मनस्थितिको विभिन्न पक्षलाई चित्रण गर्नु नै मुख्य उद्देश्य रहेको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा पात्रकै माध्यमबाट कथानकको विषयवस्तु अगाडि बढेको छ । जसमा पात्रको स्तर र कथाका समाजअनुरूपका संवादहरू आएकाले तदनुरूप भाषाशैलीको पनि प्रयोग भएको छ । जसमा आत्मिक वा हार्दिक प्रेम र विश्वासबिनाको जीवन, नारीमा आएका यौनिक मनोदशा, आर्थिक समस्याका कारण विदेशिनुको पीडाका साथै तत्कालीन पुरुषप्रधान समाजको सामाजिक मानसिकतालाई सामाजिक यथार्थको धरातलबाट हेरिएको छ ।

कथाकार पराजुलीको नारीप्रति संवेदनशीलता, शोषण, अन्याय र अत्याचारप्रति विरोध गर्नु रचनात्मक प्रवृति हो भने ग्रामीण जनजीवनको चित्रण, गरिबी र रोजगारीका पीडालाई सम्प्रेषणीय बनाई साहित्य सिर्जना गर्नुलाई उनको महत्त्वपूर्ण योगदानको रूपमा लिन सकिन्छ ।

परिच्छेद चार

# *कुमाता* कथासङ्ग्रहको अध्ययन

## ४.१ विषयप्रवेश

*कुमाता* कथासङ्ग्रह कथाकार वसन्त पराजुलीको पहिलो कथासङ्ग्रह हो । वि.सं. २०७६ सालमा प्रकाशित *कुमाता* कथासङ्ग्रहमा दसवटा कथाहरू सङ्गृहीत छन् । यी दसवटै कथाहरूमा आ-आफ्नै प्रकारका विशेषता रहेको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहमा गणनीय छयानब्बे पृष्ठ तथा अगणनीय सोह्र पृष्ठ गरी जम्मा एक सय बाह्र पृष्ठको आयतनमा विस्तारित छ । यस कथासङ्ग्रहको प्रकाशक भुँडीपुराण प्रकाशन हो ।

यस कथासङ्गहको बाह्यावरणमा एक महिला र एक बालकको अमूर्त चित्र रहेको छ भने शिर्षभागमा लेखकको नाम र त्यसको मुनि कथासङ्ग्रहको नाम लेखिएको छ । चित्रमा देखिएको बच्चा एक्लै रहेको र महिलाले अर्कोतर्फ दृष्टि दिएकोले कथानकअनुसार उसको बाबु हराएको हुनाले उसलाई नै हेरेको भान हुन जाने हुनाले कथाको शीर्षकसँग मिलेको देखिन्छ । पश्च आवरणमा लेखकको फोटो र लेखकको सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ भने अन्त्यभागको बायाँतर्फ प्रकाशकको विवरण र दायाँतर्फ आइ.एस.बि.एन. नम्बर तथा कृतिको मूल्य लेखिएको छ । आवरणको भित्रपट्टिको पहिलो पृष्ठको मध्य भागमा कृतिको नाम लेखिएको छ । त्यस पृष्ठको पछि खाली पृष्ठ रहेको छ र त्यसको पछि कृतिको नाम, कृतिको विधा, लेखकको नाम र प्रकाशकको नाम लेखिएको छ । यस पृष्ठको पछाडिपट्टि कृतिको सङ्क्षिप्त व्याख्या गरिएको छ भने त्यसको अर्को पृष्ठमा ‘कथामार्ग निर्माणको प्रयास’ शीर्षकमा कृतिको सकारात्मक तथा नकारात्मक पक्षको बृहद् व्याख्या श्रीओम श्रेष्ठ ‘रोदन’ बाट भूमिका लेखिएको छ । लेखकले कृतिको बारेमा ‘लेखकको कलमबाट’ शीर्षकमा आफ्ना भनाइहरू प्रस्तुत गरेका छन् । यसपछि कृतिको विषयसूची प्रस्तुत गरिएको छ । यसपछि मात्र कथासङ्गहको सुरुवात पृष्ठ सातबाट सुरु गरिएको छ । पुस्तकमा गणनीय र अगणनीय भनी छुट्याइएको भए पनि पृष्ठ सातबाट सुरु गर्नु खासै प्रभावकारी देखिएको छैन । कथासङ्ग्रहको आरम्भ ‘पत्रकार’ शीर्षकको कथाबाट भएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा मानिस बाँचेको समाजका सामाजिक, धार्मिक, सांस्कृतिक तथा राजनैतिक अवस्थाबाट जीवनयापन गर्ने क्रममा भोगिएका कथाहरू समेटिएका छन् ।

गरिबी, वैदेशिक रोजगारी, प्रेम, विश्वास, यौन, धोका, जेलजस्ता सन्दर्भहरू कथाका विषयवस्तु बनेका छन् । कथाहरूमा मानवीय प्रवृत्तिको सूक्ष्म विश्लेषण हुनुका साथै नारी यौनमनोविज्ञानका विषयवस्तुहरू अभिव्यक्त भएका छन् । सामाजिक घटनाका माध्यमबाट समाजका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्यप्रहार भएको पाइन्छ ।

## ४.२ *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको अध्ययन

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको अध्ययन तथा विश्लेषण कथातत्त्वका आधारमा निम्नानुसार गरिएको छ :

### ४.२.१ 'पत्रकार' कथाको अध्ययन

प्रस्तुत कथा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । यो कथा *कुमाता* कथासङ्ग्रहको पृष्ठ नं. १७ देखि पृष्ठ नं. २४ सम्म फैलिएको छ । पत्रकारको अर्थ समाचार, लेखरचना आदिको सङ्कलन, सम्पादन तथा प्रकाशन गर्ने व्यक्ति तथा पत्रपत्रिकासम्बन्धी काम गर्ने व्यक्ति भन्ने बुझिन्छ (*नेपाली बृहत शब्दकोश*) । प्रस्तुत कथा 'पत्रकार' मा पनि कथाकारले पत्रकारको अर्थ "पत्रपत्रिकासँग सम्बन्धित काम गर्ने व्यक्तिको रूपमा प्रयोग गरी त्यस पत्रकारले देखे-भोगेका काम, समस्या तथा विविध कुराहरूको व्याख्या गरेका छन् ।

#### ४.२.१.१ कथानक

प्रस्तुत 'पत्रकार' कथामा पत्रकार बिरामी भएर अस्पतालको शय्यामा छटपटाइरहेको अवस्थामा छ । उसलाई क्यान्सर अस्पतालमा ल्याइएकाले कसैले केही नभने पनि आफूलाई क्यान्सर भएको अनुमान गर्छ । क्यान्सर भए आफू नबाँच्ने अनुमान गर्दै आफ्नो मृत्युपश्चात् सात वर्षको छोरो, तीन वर्षकी छोरी र श्रीमतीको भविष्यप्रति चिन्ता व्यक्त गर्दछ ।

अस्पतालको शय्यामा राखेर उपचार गरेको महिनौँ दिनसम्म पनि स्वास्थ्यमा सुधार आउन सकेको छैन । पत्रकारिता गरेर कमाएको पैसा पनि सबै उपचारमा सकिएको छ । श्रीमतीको जागिर छैन । पत्रकार आफूलाई निको नै नहुने भए चर्को ब्याजमा ऋण खोजेर खर्च नगर्न श्रीमतीलाई भन्दै आफू भक्कानिन्छ । ऊ जुन रोग लागे पनि उपचार गराएर निको पार्ने श्रीमतीको वचनले महिनौँ बिछ्यौनामा थलो पर्दा पनि निको भएर तङ्ग्रिने झिनो आशा त बोकेको हुन्छ तर बुबाको क्यान्सर रोगले नै मृत्यु भएकाले आफू बाँच्ने पूरा विश्वास भने गर्न सक्दैन ।

आफू गर्भमा छँदा बुबाको मृत्यु भएको र आमाले सकेजति दुःख गरेर पढाएकी हुन्छिन् । ऊ एस.एल.सी. दिएपछि उच्च शिक्षाका लागि सहरमा प्रवेश गर्दछ । उसलाई आमाले मुन्द्री फुकालेर पढ्न पठाउँछिन् । त्यही मुन्द्री बेचेर आएको पैसाले ऊ कलेज भर्ना हुन्छ र नजिकै कोठा लिएर बस्छ । पढ्नका लागि जागिरको खोजी गर्दागर्दै एकदिन पत्रिकामा 'वितरक चाहियो' भन्ने विज्ञापन देख्दछ र त्यहीँ पुग्दछ । पत्रिकाको सम्पादक तथा व्यवस्थापकसँगको कुराकानीपछि उसको पत्रिकाको वितरको जागिर पक्का हुन्छ । त्यहीँबाट आएको पैसाले उसको पढाइ खर्च र कोठाभाडाको जोहो हुन्छ । पत्रिका बेच्दाबेच्दै उसले लेख पनि लेख्न थाल्दछ । उसका लेखहरू राम्रा हुन्छन् । त्यसपछि ऊ वितरकबाट रिपोर्टर बन्न पुग्दछ ।

आज पत्रकारिता गरेको पनि बिस वर्ष पुगिसकेको छ तर पनि उसले अहिलेसम्म एउटा घडेरीको टुक्रासम्म जोड्न सकेको छैन । आफूसँग पत्रकारिता गरेका साथीभाइले सहरमा घर जोडेर गाडीसमेत चढेका छन् । तर ऊ इमान्दार पत्रकारको अवस्था भने ज्यूँका त्यूँ छ । समाजमा राम्रा-नराम्रा पक्ष सबै क्षेत्रमा भएजस्तै पत्रकारितामा पनि भएको कुरा उसले व्यक्त गर्दछ । पत्रकारिताले मात्र जीविकोपार्जन गर्न गाह्रो परेकाले कुनै पत्रकारले व्यापार व्यवसायमासमेत संलग्न भएर परिवार पालेको, कसैले विदेशिनु परेको अवस्था, सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाए पनि पाएको छु भनी हस्ताक्षर गर्नुपर्ने बाध्यता र महिनौ बितिसक्दा पनि सञ्चारगृहले पारिश्रमिक नदिँदा जीवन निर्वाहका लागि तड्पनुपर्ने अवस्था उसले स्मरण गर्दछ । खाइपाइ आएको तलबभन्दा बढीमा हस्ताक्षर गर्दा पनि त्यस्ता कुरालाई पत्रिकामा छाप्न सक्दैन । पत्रकारको तीन वर्षअगाडि छोरो बिरामी पर्दा पत्रिकामा चार महिनाको बाँकी तलब लिन नपाउँदा चर्को ब्याजदरमा ऋण खोजेर उपचार गराएको ऋण अहिलेसम्म तिर्न सकेको छैन । पत्रकारिताको मूल्य र मान्यताबाट कहिल्यै नडगेको र अब पनि नडग्ने प्रतिज्ञा गर्दै उसले आफ्नो स्वाभिमानलाई उच्च राखेको छ । उसले क्यान्सर रोगबाट पीडित बालकको समाचारबाट खर्च जोहो गराएर ज्यान बचाएको छ भने समाचार लेखेकै कारण ज्यान मार्ने धम्की आएर डेरा पनि सर्नु परेको छ । सुरक्षाको लागि प्रहरीकहाँ पुग्दा आफूलाई जोखिममा राख्ने समाचार किन छाप्नुहुन्छ ? आफ्नो सुरक्षाको बारेमा आफै सोच्नुपर्छ भन्ने जवाफले सरकारको सुरक्षायन्त्रको लाचारीपनप्रति उसले दुःख व्यक्त गर्दछ ।

खोला वरपरको वस्ती बचाउनका लागि खोला दोहन गरी ढुङ्गा, गिटी वा बालुवा निकालेका विरुद्व समाचार छाप्दा उसलाई धम्की आएको थियो । अहिले ऊ स्थानीयवासीको स्याबासीको पात्र बनेको छ । समाज सुधारका लागि लागिपरेको पत्रकारको आर्थिक अवस्था

सधैँ कमजोर भएको छ । श्रीमतीलाई आजसम्म गहना त परै जाओस् एकजोर राम्रो लुगासमेत दिन सकेको छैन । छोराछोरीलाई छिमेकीसरह सहरका राम्रा स्कुलमा पढाउने र घुमाउने कुरा पनि सपनाजस्तो भएको छ ।

यत्तिकैमा औषधिको डोज सकिएर पत्रकारको शरीर पोल्दै आउँछ । उसले श्रीमतीलाई उठाएर नर्सलाई बोलाई औषधि खान्छ र निदाउँछ । सपनामा आफ्नो मृत्यु भएजस्तै आफन्त, श्रीमती, छोराछोरीले गरेको व्यवहार देख्दछ । सबैको रोएको आवाज सुन्दासुन्दै ब्यूँझन्छ र आफूलाई अस्पतालको शैय्यामा भेटाउँछ । यत्तिकैमा कथा समाप्त भएको छ ।

४.२.१.२ कथोपकथन

'पत्रकार' कथामा सीमित संवादको प्रयोग गरिएको छ । तीमध्ये केही निम्न छन् :

पत्रकार, "अर्चु भन न, मलाई के भएको हो ? साँच्चि नै मलाई क्यान्सर नै भएको भए चर्को ब्याजमा ऋण खोजेर किन खर्च गर्ने आखिर म..." (पृ. १८) ।

..."सानु, हाम्रा छोराछोरी सानै छन् ।..." ..."हजुरलाई केही भा'को छैन । जुन रोग लागे पनि म उपचार गराएर निको पारिहाल्छु नि । हजुर चिन्ता.."... (पृ. १८) ।

उत्तर फर्कियो, नमस्कार ! बस्नुस् न । कति कामले आउनुभयो ? "

सर, तपाइँको पत्रिकामा वितरक चाहियो भनेर विज्ञापन देखेँ अनि आ'को ।

के गर्दै हुनुहुन्छ ?

पढ्दै छु सर ।" (पृ. १९)

यस कथामा रहेका संवादहरू सरल र बोधगम्य रहेका छन् । यी संवादहरूमा बाँच्ने झिनो आशा लिएको बिरामी अनि परिवारको त्यही सास छउन्जेलको आश र पीडा झल्किएका छन् । त्यस्तै पढाइको खर्च जोहो गर्नका लागि कामको खोजीमा हिँड्दाको अवस्थालाई समेत प्रस्तुत गरिएको छ ।

४.२.१.३ पात्र/चरित्र

यस कथामा सीमित पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा पत्रकार प्रमुख पात्र हो भने अर्चु र सम्पादक सहायक पात्र तथा आमा, छोरा छोरी, स्थानीयवासी सूक्ष्म पात्रका रूपमा रहेका छन् ।

पत्रकार

पत्रकार प्रस्तुत 'पत्रकार' कथाको प्रमुख पात्र हो । उसले इमान्दारीपूर्वक बिस वर्षभन्दा बढी समय पत्रकारितामा बिताएको छ । तर उपचार गर्ने पैसा नभएर मृत्युसँग लडिरहँदा आफूले जीवनभर पत्रकारिताक्षेत्रमा गरेका कार्यहरू स्मरण गरिरहेको छ । ऊ पत्रकारको प्रतिनिधित्व गर्ने वर्गीय, अनुकूल र बद्धपात्र हो ।

अर्चु

अर्चु प्रस्तुत 'पत्रकार' कथाकी नारीपात्र हो । ऊ पत्रकारकी एक सहनशील आदर्श पत्नीको रूपमा प्रस्तुत भएकी छे । ऊ आफ्नो पतिलाई सर्वश्व ठान्दछे र जुन रोग लागे पनि उपचार गरेर निको बनाउने प्रतिबद्वता जाहेर गर्दछे । ऊ एक अनुकूल र बद्ध पात्र हो ।

सम्पादक

सम्पादक एक मोफसलमा पत्रिका चलाउने सञ्चालकको प्रतिनिधित्व गर्ने व्यक्ति हो । ऊ व्यवस्थापक र सम्पादक आफै बनेर प्रेस चलाइरहेको हुन्छ । उसले पत्रकारलाई काम दिएर सहयोग गरेको हुन्छ । ऊ वर्गीय तथा अनुकूल पात्र हो ।

४.२.१.४ देश, काल, परिस्थिति

यस कथामा क्यान्सर अस्पताललाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ भने उल्लेख नभएको सहर, ढुङ्गा, गिटी, बालुवा निकालिएका खोलाहरूको पनि उल्लेख गरिएको छ । यस 'पत्रकार' कथामा पत्रकारले एस.एल.सी. परीक्षा उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गर्न सहर प्रवेश गरेदेखि पत्रकारिता क्षेत्रको बिसौं वर्षको भोगाइ अनि महिनौंसम्म बिरामी परेर अस्पतालको ओछ्यानमा बस्नुपरेको अवस्थालाई प्रस्तुत गरिएको छ । एउटा इमान्दार पत्रकारले जीवनयापनका क्रममा आइपरेका समस्या र भोगाइ, सम्भावित घटना अनि त्यसबाट निम्तिने समस्याहरूलाई परिस्थितिको रूपमा दर्शाइएको छ ।

४.२.१.५ भाषाशैली

'पत्रकार' कथामा कथाकारले नेपाली भाषाको क्रमबद्ध नै प्रयोग गरेका छन् । सरल, बोधगम्य, पात्र सुहाउँदो र परिवेशअनुसारको भाषाको प्रयोग भएको छ । सरल वाक्य गठन, प्रवाहमय प्रस्तुति, वर्णात्मक शैलीले कथा जीवन्त बनेको छ । कथामा प्रयोग गरिएका

धेरैजसो वाक्यहरू पूर्ण वर्तमान पक्षमा लेखिएका छन् । भूत र भविष्यत् कालका वाक्यहरू कम मात्रामा प्रयोग भएका छन् । संवादमा प्रत्यक्ष कथन जनाउनका लागि एकल उद्धरण चिन्हको प्रयोग गरिएको छ । प्रस्तुत कथामा एउटा इमान्दार पत्रकारले आफूले भोगेका जीवनका पूर्व घटनालाई सम्झनाको रूपमा प्रस्तुत गरेको छ । प्रथमपुरुष कथनपद्धतिमा संरचित कथा संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ४.२.१.६ उद्देश्य

प्रस्तुत कथामा इमान्दार पत्रकारको अवस्था र उसले भोग्नु परेका समस्याहरूलाई सचित्र उतार्ने प्रयास गरिएको छ । समाजमा भएका राम्रा-नराम्रा पक्ष अरू क्षेत्रमा भएजस्तै पत्रकारिता क्षेत्र पनि अछुतो नरहेको कुरा प्रस्ट्याइएको छ । इमान्दार पत्रकारले सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाउँदा पनि पाएको भनी हस्ताक्षर गर्नुपर्ने बाध्यता, सुरक्षा गर्न बसेको प्रहरीको जवाफले सरकार र उसको लाचारीपनको अवस्थालाई यस कथाको माध्यमबाट देखाइएको छ । इमान्दार पत्रकारका सच्चा समाचारले कसैले जीवनदान प्राप्त गरेका छन् भने कसैलाई आइपर्ने समस्याबाट जोगिने अवसर प्राप्त हुन्छ भन्ने कुरा यसमा देखाइएको छ । त्यस्तै समसामयिक विषयवस्तुको साँचो समाचारलाई सम्प्रेषण गर्दा पत्रकारले भोग्नुपरेका कठिनाइलाई पनि कथाकारले यस कथाको माध्यमबाट उजागर गरेका छन् । अर्को शब्दमा भन्नुपर्दा इमान्दार पत्रकारले भोग्नु परेका कठिनाइ, सञ्चार क्षेत्रमा भएको अनियमितता र सरकारको सुरक्षा संयन्त्रको लाचारीपनलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य रहेको ।

### ४.२.१.७ निष्कर्ष

'पत्रकार' को अर्थ समाचार, लेख-रचना आदिको सङ्कलन, सम्पादन तथा प्रकाशन गर्ने व्यक्ति अर्थात् पत्रपत्रिकाको काम गर्ने व्यक्ति भन्ने बुझिन्छ । प्रस्तुत कथामा कथाकारले 'पत्रकार' कथाको माध्यमबाट एउटा इमान्दार पत्रकारको पीडालाई दर्शाएका छन् । विगत बिसौँ वर्षदेखि पत्रकारिता गरिरहेका पत्रकारको जीवन भोगाइमा भएका विभिन्न घटनाहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । अरूको उपचारका लागि खर्च जुटाउने पत्रकार आफू बिरामी भएर महिनौँ अस्पतालको शैय्यामा लडिरहँदा पनि कुनै सहयोग र सद्भाव पाउन सकेको छैन । सच्चा समाचार सम्प्रेषण गरेकै कारण ज्यान मार्ने धम्कीले

डेरा नै छोड्नुपर्ने बाध्यता, सञ्चारक्षेत्रमा भएको अनियमितता र सरकारको सुरक्षा संयन्त्रको लाचारीपनको अवस्थालाई यस कथामा देखाइएको ।

### ४.२.२ 'कुमाता' कथाको अध्ययन

प्रस्तुत कथा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत दोस्रो कथा हो । कथाकारले यही कथाको आधारमा यस कथासङ्ग्रहको नाम नै *कुमाता* राखेका छन् । यो कथा *कुमाता* कथासङ्ग्रहको पृष्ठ नं. २५ देखि पृष्ठ नं. ३५ सम्म रहेको छ । *कुमाता*लाई कथाकारले प्रेममा हुने धोका, नरपिशाचको कुदृष्टि, सामाजिक अन्धविश्वास, कुरीति, तिरस्कारको डर र बाध्यताले बनाइएको पात्रका रूपमा प्रस्तुत गरेका छन् ।

#### ४.२.२.१ कथानक

प्रस्तुत कथामा बिस वर्ष जेल सजाय भोगिरहेकी एक महिलाको जीवनकथालाई उतारिएको छ । कान्छी पहाडी ग्रामीण बस्तीकी तीन दिदीहरू र एक दाजुकी कान्छी बहिनी हो । सबैले उसलाई कान्छी भनेर बोलाउँछन् । गाउँमा पाँच कक्षा पढेपछि नजिक स्कुल नभएकाले पढाइबिचमा नै छोडेकी कान्छी सत्र वर्ष पुगिसकेकी छ । उसको जवानी देखेर मेला, पँधेरा जाँदा गाउँका ठिटाहरूले जिस्काउने गर्दछन् । बुबा ट्रक चालक भएकाले बुबासँगै ट्रक खलासी गर्ने साहिँलाले त उसलाई झन् हुरुक्कै गर्दछ भने ऊ पनि साहिँलासँग जिस्किन्छे । यो देखेर आमाले उसलाई पटकपटक गाली गर्दा पनि केही होइन भनेर टारिदिन्छे । विस्तारै दिनहरू बित्दै जान्छन् । उनीहरू सजिलोको लागि गाउँबाट बसाईं सरेर सहरतिर आइ बस्छन् ।

एकदिन नौलो ट्रक घरअगाडि आएर रोकिन्छ । गहुँगोरो ठिटो ड्राइभर आमालाई नमस्कार गर्छ र कान्छीलाई चिनिनौ ? भन्दै सोध्दछ । बल्ल उसलाई त्यो केटा उही बुबाको ट्रक खलासी साँहिला भएको थाहा हुन्छ । ऊ दङ्ग पर्छे र उसलाई कसरी ड्राइभर भएको भनी सोध्दछे । उसले पनि ट्रकको खलासी गर्दागर्दै ट्रक चलाउन सिकेको कुरा बताउँछ । साँहिलाको जवानी देखेर ऊ पनि आकर्षित हुन्छे र साँहिलालाई आफ्नो खास व्यक्तिको रूपमा हेर्दछे । पहिला पनि साँहिलाले उसलाई मन पराएको र पटकपटक घुम्न जाऔँ भनेर प्रस्ताव राखेको कुरा सम्झन्छे । साँहिलाले कान्छीको बुबालाई अङ्कल भन्छ । उमेरमा छोरा समान भएकोले बुबाले पनि उसलाई छोरा समान व्यवहार गर्छ । त्यसैले त साँहिलाले छोटो समयमा नै ड्राइभर भएको हुन्छ । एकछिनको भेटघाटपछि साँहिला फेरि भेट्न पस्ने वाचा

गर्दै निस्कन्छ । निस्कदा आज पनि उसले कान्छीलाई घुम्न जाने होइन ? भनेर सोधेको हुन्छ । आज कान्छीलाई साँहिलासँग घुम्न जान मन लागेको हुन्छ तर आमाको डरले जान्छु भन्न सक्दिन ।

साँहिला उसको पुरानो गाउँ नजिकैको केटा हो । उसको जात, परम्परा र रीतिरिवाज सबै मिल्छ । साँहिलाले पनि उसलाई मन पराएको हुन्छ । कान्छी पनि दिनदिनै उसप्रति आकर्षित हुँदै जान्छे । रातभरि उसकै बारेमा सोच्दासोच्दै निद्रा नै पर्दैन । बिहान उसको मोबाइलमा एस.एम.एस. आएको हुन्छ । एसएमएसमा साँहिलाले कान्छीलाई भेटेर मनभरिका कुरा गर्न आएको तर नमिलेको, उसलाई मनैदेखि मनपराएको कुरा लेखिएको हुन्छ । यो देखेर कान्छीले आफूलाई मनैदेखि माया गर्ने व्यक्ति भेटाएको अनुभूति गर्छे । एसएमएसको तत्काल नै म पनि माया गर्छु भनी उत्तर फर्काउन चाहन्छे तर समाज र घरपरिवारको डरले फर्काउन सक्दिन । तर दिनभरि त्यही एसएमएसमा नै उसको ध्यान केन्द्रित हुन्छ । उसलाई साँच्चिकै माया गरेको हो त ? भन्ने कुरामा उसका मनमा धेरै तरङ्गहरू खेल्न थाल्दछन् । अनि उसको अनुहार सम्भिन्छे र मोबाइलमा म पनि माया गर्छु भनी सन्देश पठाउँछे । यसरी नै उनीहरूबिच मायाप्रेमका कुराहरू साटासाट हुन थाल्दछन् ।

एकदिन कान्छी साँहिलाले चलाएको ट्रकमा बसेर घुम्न हिँडेकी हुन्छे । यसरी मायाप्रेम र दुःख-सुखका कुरा गर्दै हिँडेर जीवन बिताउन थालेको पनि दुई वर्ष बितिसकेको हुन्छ । उनीहरू विवाह गर्ने निष्कर्षमा पुगिसकेका हुन्छन् । तर कान्छीको घरमा दुई दिदीहरूको विवाह गर्न बाँकी भएकाले अहिले विवाह गर्न नमिल्ने कुरा बताउँछे । तर उनीहरूले विवाहपूर्व नै शारीरिकसम्बन्ध बनाइसकेका हुन्छन् । जसको कारणले कान्छीको पेटमा गर्भ रहेको हुन्छ । पेटमा रहेको गर्भको कुरा उसले साँहिलालाई सुनाउँछे तर साँहिलाले गर्भपतन गर्न सल्लाह दिन्छ । कान्छीले मान्दिन र भागेर विवाह गर्न प्रस्ताव राख्दछे तर साँहिलाले मान्दैन । पहिला विवाह गरौँ भनेर मरिहत्ते गर्ने साँहिलाले आज विवाह गर्न नमान्नुको कारण उसले थाहा पाउन सक्दिन । ऊ गर्भवती भएको कुरा घरमा कसैलाई पनि थाहा हुँदैन । उसले डाक्टरलाई पनि नभनिदिने अनुरोध गरेकी हुन्छे । साँहिलो सम्पर्कविहिन भएको हुन्छ । धेरै कोशिस गर्दा पनि उसले साँहिलालाई भेटाउन सक्दिन । साँहिलाले छोडे पनि आफै बच्चा जन्माउने र हुर्काउने निष्कर्षमा पुग्छे । एकदिन आमाले गर्भवती भएको थाहा पाउँछिन् र गर्भपतन गर्न सल्लाह दिन्छिन् तर उसले मान्दिन । त्यसमा पनि बिनाबाबुको सन्तान भनेपछि भोलि समाजले हेर्ने दृष्टिकोण, अपहेलनाजस्ता कुराले उसलाई सताउँछ ।

आफू कुमारी आमा भनेर अपहेलित भएर बस्न सक्छे तर आफ्नो सन्तानलाई बिनाबाबुको सन्तान भनेर गरिएको अपहेलना सहन सक्दिन । यस कुराले उसलाई कमजोर बनाउँछ । त्यसैले ऊ गर्भपतन गर्न राजी हुन्छे । उसको मन बेचैन हुन थाल्दछ । तर त्यतिबेला गर्भ बिस हप्ताको भइसकेकाले गर्भपतन गर्न नमिल्ने कुरा डाक्टरले बताउँछ । गर्भमास पूरा भएपछि बच्चा जन्मन्छ । ऊ आफू कुमारी आमा भनेर अपहेलित भएको सहन सक्छे तर आफ्नो सन्तानलाई नाजायज, पतित भनी कलङ्कको टीका लगाएको हेर्न नसक्ने भएकाले ऊ पागलजस्तै हुन्छे । समाजलाई घृणा गर्न थाल्छे । एउटी आमाले बच्चा जन्माउने र हुर्काउने चाहना हुँदाहुँदै पनि त्यसलाई समाजले नाजायज, पतित भनी कलङ्कको टीका लगाइदिने डरले ऊ कठोर बन्छे । त्यसैले उसले आँखा चिम्लिएर च्याँ पनि गर्न नपाउँदै शिशुको घाँटी थिचेर हत्या गरिदिन्छे र मरेको बच्चा जन्मिएछ भन्छे ।

बच्चा आफ्नै काखबाट छुट्याएर लैजाँदा उसको मातृत्व भक्कानिन्छ । ती कठोर हातलाई टुक्राटुक्रा पार्न मनलाग्छ । उसलाई कुमाता भएर मानवता हारेको आभास हुन्छ । समाजले मातृत्व लुटेको अनुभव गर्दछे । ऊ आमाको नाममा कलङ्क नभई बाध्यता र विवशताले हत्यारा बनाएको कुरा व्यक्त गर्दछे । अहिले ऊ आफ्नै सन्तानको हत्या गरेको आरोपमा बिसवर्षे जेलजीवन बिताइरहेकी छे । उसलाई जेलमा सडाउन उसकै काका लागिपरेको कुराले उसको काकाप्रतिको आदरभाव पनि मरेको छ । आफू जन्मदा अस्पतालबाट बोकेर ल्याएका काकाले किन त्यसो गरेका होलान् भन्ने प्रश्न उसको मनमा अझै अनुत्तरित छ । प्रहरीले पक्राउ गरेर अदालत पुऱ्याइएको बेला टाढैबाट उसले साँहिलालाई देख्छे । उसलाई साँहिलाकै पोल्टामा टाउको राखेर रुन मन लाग्छ फेरि आफ्नो जीवन बर्बाद पार्ने नरपिशाचलाई त्यहीँ कोपरौँजस्तो रिस पनि उठ्छ तर त्यो कुनै पनि सम्भावना हुँदैन । साँहिलाले उसँग छुट्टिएपछि अर्कै केटीसँग विवाह गरेको र छ महिनामै सम्बन्ध विच्छेद गर्न अदालत आएको कुरा पछि थाहा पाउँछे ।

यसरी विगतलाई सम्झँदै गर्दा साथीको सुत्ने होइन ? भन्ने कुराले ऊ झस्कन्छे । ऊ पनि बच्चा मारेर जेल आएकी हुन्छे । वैदेशिक रोजगारीका लागि विदेश गएका बेला घरमालिकको गर्भ बोकेर नेपाल फर्केकी हुन्छे । काठमाडौँमा कोठा लिएर बसेकी उसले पनि समाजको अपहेलना र तिरस्कारको डरले बच्चा जन्माएपछि मारेर फालेकी हुन्छे । जेलमा यस्ता आफ्ना सन्तान मारेको अभियोग लागेर सजाय भोगिरहेका धेरै महिलाहरू रहेका छन् ।

उनीहरू आफ्ना सन्तानको हत्या गर्नुमा आफू निमित्त मात्र भएको र खास कारण र भूमिका अरू नै भएको बताउँछन् । यसरी कथानक सकिएको छ ।

४.२.२.२ कथोपकथन

'कुमाता' कथामा सीमित संवादको प्रयोग भएका छन् । संवादहरू सरल र बोधगम्य छन् । तीमध्ये केही संवादहरू निम्नानुसार रहेका छन् :

अनि फ्याट्ट मैले भनें, 'यही ट्रकमै गुडाइरहने हो कि जीवनको गोरेटोमा पनि डोऱ्याउने हो ।'

उसले पनि मुस्कुराउँदै भन्यो, 'तिमीजस्ती नारी पाउँदा कसले नाइ भन्न सक्ला र ?'

'त्यसो भए कहिले त ?'

'अहिले किन हतार ? समय आएपछि सबै भइहाल्छ नि ?' ...

'घरमा भन, अब हामीले विवाह गर्नुपर्छ', साहिँलाले भन्यो । उत्तरमा मैले भनें, 'दिदीहरूको विवाह भएको छैन, कसरी विवाह गर्ने ? अहिले सम्भव छैन' (पृष्ठ ३०) ।

प्रस्तुत संवादहरू कान्छी र साँहिलाबिच प्रेमसूत्रमा बाँधिदै गर्दाको प्रसङ्गमा भएका हुन् । यसरी प्रेमालाप गरेर उनीहरूले दुई वर्षको समय बिताइसकेका हुन्छन् ।

४.२.२.३ पात्र/चरित्र

'कुमाता' कथामा सीमित पात्रको प्रयोग गरिएको छ । कान्छी र साँहिला यस कथाका प्रमुख पात्र रूपमा रहेका छन् भने आमा, बुबा, डाक्टर र काका सूक्ष्म पात्रका रूपमा रहेका छन् ।

कान्छी

कान्छी यस कथाकी प्रमुख नारीपात्र हो । ऊ एउटा जवान पुरुषको झुटो मायाजालमा परेर गर्भ धारण गर्न पुगेकी हुन्छे । मातृत्व भावनाले परिपूर्ण हुँदाहुँदै पनि सन्तानले पछि समाजको तिरस्कार, अपहेलना झेल्नुपर्ने डरले आफ्नै सन्तानको हत्या गर्न विवश भएकी नारीको प्रतिनिधित्व गर्ने वर्गीय र प्रतिकूल पात्र हो ।

साँहिला

साँहिला यस *कुमाता* कथाको पुरुष पात्र हो । उसले कान्छीलाई असाध्यै माया गरेको र कान्छीले चाहेमा रानी बनाएर राख्ने आश्वासन दिएर अबोध नारीलाई प्रेमको झुटो जालमा

पारेर उसको अस्मिता लुट्न सफल भएको छ । ऊ नारीको अस्मितामाथि खेलवाड गर्ने पुरुषको प्रतिनिधित्व गर्ने वर्गीय र प्रतिकूल पात्र हो ।

४.२.२.४ देश, काल र परिस्थिति

यस कथामा जेल जीवनको सन्दर्भलाई देखाइएको छ । यस 'कुमाता' कथाकी नारीपात्र कान्छीको सत्र वर्षको जवानी र त्यसले निम्त्याएको विषम परिस्थितिलाई कथाकारले प्रष्ट्याउन खोजेका छन् । अझ पनि समाजमा अबोध नारीहरूलाई वासनामा लोलुप पुरुषहरूद्वारा झुटो प्रेमजालमा पारी कुमारी आमा बन्न बाध्य पारिएको छ । सन्तान जन्माउने र हुर्काउने चाहना हुँदाहुँदै पनि सन्तानमाथि पर्ने नाजायज, पतित र कलङ्कको टीका लाग्ने कुरा सहन नसकी आफ्नै सन्तानको हत्या गरी कुमाता बन्न परेको, समस्या, बाध्यता र रूढ समाजले मातृत्व लुटिएको जस्ता परिस्थितिलाई यस कथाको माध्यमबाट देखाउन खोजिएको छ । आफ्ना सन्तानको हत्या गरी कुमाता बन्नुमा अबोध नारीहरू निमित्त मात्र भएको र खास कारण र भूमिका अरू नै भएको कुरालाई पनि यहाँ प्रस्ट्याउन खोजिएको छ ।

४.२.२.५ भाषाशैली

प्रस्तुत कथा सरल, सहज र सम्प्रेष्य भाषामा संरचित छ । धेरैजसो वाक्यहरू सामान्य वर्तमान र भूतकालका पक्षहरूमा लेखिएका छन् । संवादमा प्रत्यक्ष कथन जनाउका लागि एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ । कथामा जेल, अदालत, हतकडी, एसएमएसजस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । विवशता र बाध्यताले अपराधिक मनोवृत्ति भएकी पात्रको पूर्व घटनाको स्मरणका भरमा सम्पूर्ण कथाको विश्लेषण गरिएको छ । कथामा प्रयुक्त घटनाले पाठकको मनमा गहिरो प्रभाव पार्दछ । प्रथमपुरुष कथनपद्धतिमा संरचित प्रस्तुत कथा संस्मरणात्मक शैलीमा संरचित छ । कथामा सरल वाक्यको प्रयोग गरी भाषामा परम्परागत क्रमबद्ध तथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

४.२.२.६ उद्देश्य

यस कथामा कथाकारले निम्न वर्गीय समाजमा हुने गरेका घटनालाई प्रस्तुत गरी समाजको विसङ्गति र विकृतिलाई उजागर गरेका छन् । आफ्ना अभिभावकले भनेको नमान्दा र बढ्दो जवानीमा होश पुऱ्याउन नसक्दा आइपर्ने समस्या, आर्थिक समस्याले विदेशिएका महिलाले

भोग्नुपरेका समस्या आदिलाई पनि यस कथामा उतार्ने प्रयास गरिएको छ । एउटी आमा कुमाता हुनुमा ऊ मात्र दोषी नभई उसलाई कुमाता बन्न बाध्य गराउने नरपिशाच पुरुषहरू नै हुन् जसले क्षणिक यौनवासनालाई तृप्त पार्नका लागि अबोध नारीहरूलाई झुठो प्रेमजालमा पारी अस्मिता लुटिरहेका हुन्छन् भन्ने कुरा प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

#### ४.२.२.७ निष्कर्ष

प्रस्तुत कथामा कथाकारले एउटी आमा कसरी कुमाता बन्न पुग्छे भन्ने कुरालाई कथाको माध्यमबाट प्रष्ट्याएका छन् । जवानीले परिपूर्ण भएकी एउटी नारी अशिक्षा र चेतनाको अभावले पुरुषको झुठो मायाजालमा परेर कुमारी आमा बन्न पुग्दछे । एउटी आमाले आफ्नो सन्तान जन्माउने र हुर्काउने चाहना हुँदाहुँदै पनि बिनाबाबुको सन्तानलाई भोलि समाजले नाजायज, पतितजस्ता कलङ्कको टीका लगाई दिने डरले आफ्नै सन्तान मार्न बाध्य हुन्छे । यसरी नरपिशाच पुरुष र समाजको अन्धविश्वास र कुरीतिले एउटी आमालाई कुमाता बन्न बाध्य तुल्याइएको कुरा यस कथाबाट दर्शाइएको छ ।

### ४.२.३ 'सन्न्यास' कथाको विश्लेषण

'कुमाता' कथा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथा हो । यो कथा *कुमाता* कथासङ्ग्रहको पृष्ठ ३६ देखि पृष्ठ ४५ सम्म फैलिएको छ । सन्न्यासको शाब्दिक अर्थ सांसारिक विषयबाट विरक्त भई निष्काम अवस्थामा रहने एक आश्रम अर्थात् हिन्दुका चार आश्रममध्ये एक आश्रम भन्ने हुन्छ (*नेपाली बृहत शब्दकोश*) । कथाकारले प्रस्तुत कथामा सन्न्यासलाई सांसारिक विषयबाट विरक्त भई लिइने एक धर्मको रूपमा प्रयोग गरेका छन् ।

#### ४.२.३.१ कथानक

यस कथाको आरम्भ हरिकुमारको चिन्तित अवस्थाबाट भएको छ । विवाह भएको पाँच वर्ष हुँदा पनि सन्तान नभएकाले ऊ चिन्तित हुन्छ । बुढेसकालको सहारा र पिण्डदान गर्ने सन्तान प्राप्तिका लागि हरिकुमार दम्पतीले विभिन्न मठमन्दिर धाएर भाकल गर्नुको साथै *हरिवंश पुराण*समेत लगाएका छन् । अझ पनि सन्तान नहुने अवस्था भएपछि उनीहरू डाक्टरकोमा उपचारमा गराउन चाहन्छन् । डाक्टरको उपचारपश्चात् छोरो जन्मिन्छ । उनीहरूको खुशीको सीमा नै हुँदैन । गाउँले सबै बोलाएर भोज गरी हर्ष साटेका हुन्छन् ।

न्वारनमा पण्डितले छोराको नाम प्रभाव राख्दछन् । न्वारनमा पण्डितले प्रभावपछि देशको ठुलो मान्छे बन्छ भनेका थिए । छोरो एक वर्षको हुँदा निमोनियाले बिरामी भएको हुन्छ । सातदिन अस्पताल राखेर उपचार गरेर घर ल्याइन्छ ।

अहिले हरिकुमारको छोरा प्रभाव सत्र वर्षको भइसकेको हुन्छ । उसले एस.एल.सी. परीक्षा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको हुन्छ । हरिकुमारले छोरालाई डाक्टर बनाउने इच्छाले काठमाडौं त्रिचन्द्र कलेजमा पढाउँछ । आई.एस्सी. उत्तीर्ण भएपछि प्रभाव चिकित्सा विषय पढ्नका लागि शिक्षा मन्त्रालयले लिने प्रवेश परीक्षामा सहभागी हुन्छ तर छात्रवृत्तिमा पढ्न पाउने गरी नाम निकाल्न सक्दैन । गाउँमा कृषि उत्पादन गरेर जीवन निर्वाह गर्दै आएका हरिकुमारले लाखौं रुपैयाँ खर्च गरेर छोरालाई चिकित्साशास्त्र पढाउन सक्दैन । प्रभावले दुई वर्षसम्म चिकित्साशास्त्र अध्ययनका लागि प्रवेश परीक्षा दिँदा नाम निकाल्न नसकेपछि त्रि.वि. बाट मानविकीशास्त्रमा स्नातक तह उत्तीर्ण गर्छ । घरपरिवारको अवस्थाले पनि प्रभावलाई आफ्नो खर्चको व्यवस्था गर्न जागिर खानुपर्ने हुन्छ । त्यसैले लोकसेवाको परीक्षा दिन्छ र अधिकृतमा नाम निकाल्न सफल हुन्छ । यो सुनेर हरिकुमारका दम्पती ज्यादै खुशी हुन्छन् ।

प्रभाव अधिकृतका रूपमा कार्यरत भएकै कारण केटी दिनेहरू पनि धेरै हुन्छन् । बुबाआमाले बुहारीको चाहना राखेकाले प्रभावले सहरकी वरिष्ठ व्यापारीकी छोरी बि.एस्सी.एजी. पढेकी रिचासँग विवाह गर्छ । रिचालाई माइती घरको सम्पतिको निकै घमण्ड हुन्छ । उसले आफ्नो श्रीमान्बाहेक अन्य परिवारप्रति त्यति चासो राख्दिन । ऊ प्रभावसँगै सहर जान चाहन्छे । बूढा भएका बाबुआमाको पिर र समाजको डरले प्रभावले श्रीमतीलाई लिएर जान कत्ति मन गर्दैन । अन्त्यमा बाबुआमाको सहमति र श्रीमतीको ढिपीले प्रभावले रिचालाई सहर लिएर जान्छ । रिचा सहरी वातावरणमा नै रमाउँदै दिनभरि तास खेल्ने र मोजमस्ती गर्ने गर्छे । प्रभावलाई यो कुरा मन पर्दैन तर श्रीमतीलाई सही बाटोमा ल्याउन पनि सक्दैन । घरमा आमाको गाडीले किचेर मृत्यु हुन्छ । प्रभावले घर गई सामाजिक परम्पराअनुसार आमाको अन्त्यष्ठि गरेपछि बुबालाई एक्लै छोड्न सक्दैन र रिचाको इच्छाविरुद्ध बुबालाई सहर लिएर जान्छ । रिचाको बानीमा कुनै परिवर्तन आउँदैन । हरिकुमारले बुहारीको चालचलनबाट दिक्क भएर सम्झाउन खोज्दा उल्टै बुहारीले रुखो वचन लगाउँछे । यही कुराले छोराबुहारीमा पनि पटकपटक झगडा भएकोले हरिकुमार गाउँमै गएर बस्ने निर्णय गर्दछ । प्रभावले पनि रिचाका कारणले बुबालाई रोक्न सक्दैन ।

हरिकुमारको श्रीमतीको मृत्यु भएको पनि दुई वर्ष भइसकेको हुन्छ । श्रीमतीको अभाव र बुढेसकालको सहारा मानिएका छोराबुहारीको व्यवहारले चिन्तित हरिकुमार एक दिन बिरामी पर्छन् । छोराबुहारीलाई फोन गर्दा बुहारीबाट प्रभाव कामविशेषले बाहिर गएको र आफ्नो फुर्सद नभएको जवाफ पाउँछ । उमेरले साठी वर्ष पुग्दै गरेका हरिकुमार जीवनदेखि हार खाएर आफ्नो गृहस्थ जीवन त्याग गरी सन्न्यासी बन्ने निर्णय लिन्छन् । घरमा आफ्नो हेरविचार गर्ने कोही नभएपछि आफ्नो सारा सम्पति आश्रमलाई दान दिई सन्न्यास जीवन ग्रहण गर्दछन् । बुढेसकालको सहारा नहुने छोराछोरीलाई सम्पति दिनुभन्दा आश्रममा दान गर्नु उनी श्रेष्ठ ठान्छन् । यस्तै बाँचुन्जेल बुढेसकालको सहारा र मृत्युपश्चात् पिण्डदान गर्ने भनी जन्माइएका सन्तानहरूबाट अपहेलित भएर बस्नुपर्ने जीवनदेखि विरक्त भएर सन्न्यास आश्रममा शरण लिनु परेको प्रसङ्गबाट कथानक टुङ्गिएको छ ।

४.२.३.२ कथोपकथन

प्रस्तुत 'सन्न्यास' कथामा सीमित संवाद प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका केही संवादहरू निम्न छन् :

'डाक्टर सा'ब नमस्ते'

'के भयो तपाईंहरूलाई ?'

'हाम्रो विवाह भएको पाँच वर्ष भयो तर हाम्रो सन्तान हुन सकेको छैन ।'

... 'त्यस्तो ठूलो समस्या त केही देख्दिनँ । यो बाँझोपनको लागि मेडमको मोटोपन हुनुपर्छ । अब तौल घटाउनुहोस् ।'

'तौल कसरी घटाउने डाक्टरसाव ?' (पृष्ठ ३६)

'डाक्टर सा'ब के भएको रहेछ बाबुलाई ?' ...

'छाती घ्यारघ्यार गरेको छ । यो समस्या निमोनियाको हो ।' ...

... 'भगवान् मेरो छोरालाई छिटो निको होस् ।'

'हेर्नुस् अब बाबुलाई चिसो, धुलो आदिबाट बचाउनुहोला ।' (पृष्ठ ३८)

कथामा प्रयुक्त संवादहरू छोटा, सरल र बोधगम्य रहेका छन् ।

### ४.२.३.३ पात्र/चरित्र

प्रस्तुत 'सन्न्यास' कथामा कथालाई मूर्तरूप दिनका लागि मुख्य पात्रको रूपमा हरिकुमार, प्रभाव र रिचा लिइएको छ भने डाक्टर सहायक पात्र, हरिकुमारकी श्रीमती सूक्ष्म पात्रको रूपमा लिईएको छ । यस कथामा उल्लेख गरिएका पात्रहरूको सङ्क्षिप्त चिनारी निम्नानुसार प्रस्तुत गरिएको छ :

#### हरिकुमार

हरिकुमार 'सन्न्यास' कथाको प्रमुख पुरुष पात्र हो । यस कथामा हरिकुमार सन्तानको तीव्र चाहना राख्ने नेपाली ग्रामीण समाजको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ बुढेसकालको सहारा र मृत्युपश्चात् पिण्डदान गर्ने सन्तानको चाहना राख्ने परम्परागत धारणा भएको, धार्मिक र अन्धविश्वास बोकेको पात्रको रूपमा प्रस्तुत भएको छ । ऊ मठ-मन्दिर धाउने, पूजापाठ गर्ने, पुराण लगाउने, दान गर्ने र बाँकी जीवन सन्न्यास भई बिताउने धार्मिक संस्कार तथा आध्यात्मिक चिन्तन भएको पात्रको रूपमा देखिएको छ ।

#### प्रभाव

प्रभाव हरिकुमारको ठुलो रहरले जन्मिएको छोरा हो । सानैदेखि तीक्ष्ण बुद्धि भएकाले लोकसेवा लडेर अधिकृत भएको हुन्छ । उसलाई बुबाको सम्मान र पत्नीको दुर्व्यवहारको विरोध गरी पारिवारिक जीवनलाई मर्यादित बनाउन नसक्ने कमजोर पात्रको रूपमा चित्रण गरिएको छ ।

#### रिचा

रिचा यस कथाकी नारीपात्र हरिकुमारकी बुहारी हो । उसलाई पढेलेखेको भए पनि बुहारीको उत्तरदायित्व बहन गर्न नसकेकी र पारिवारिक मर्यादालाई उलङ्घन गरी सहरिया जीवनको नाममा विकृतिलाई अँगाल्न पुगेकी प्रतिकूल पात्रको रूपमा चित्रण गरिएको छ ।

### ४.२.३.४ देश, काल र परिस्थिति

'सन्न्यास' कथामा पारिवारिक विषयवस्तुलाई यथार्थ प्रस्तुत गरिएको छ । धर्मप्रतिको आस्था, सन्तानको रहर, सन्तानप्रतिको आशा, विश्वास र सन्तानबाट भएको दुर्व्यवहारलाई यस कथाले समयगत परिवेश बनाएको छ । आफ्नै सन्तानबाट अपहेलित भएर सम्पूर्ण सम्पति आश्रमलाई दान दिएर सन्न्यास जीवन बिताउन पुग्नुपरेको परिस्थितिलाई यस कथाले सचित्र

प्रस्तुत गरेको छ । सहरिया जीवनको नाममा भित्रिएको विकृति तथा विसङ्गतिलाई पनि यस कथाले औँलाएको छ ।

#### ४.२.३.५ भाषाशैली

'सन्न्यास' कथामा सरल तथा सहज भाषाको प्रयोग गरिएको छ । कथामा तृतीयपुरुष दृष्टिविन्दु कथनपद्धति प्रयोग गरी कथालाई चित्ताकर्षण ढङ्गले प्रस्तुत गरिएको छ । संवादमा प्रत्यक्ष कथन जनाउका लागि एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ । पात्रको स्तरअनुसारको भाषाशैलीको प्रयोग गरी कथालाई नेपाली भाषाको क्रमबद्ध तथा परम्परागत शैलीमा प्रस्तुत गरिएको छ ।

#### ४.२.३.६ उद्देश्य

प्रस्तुत कथामा पारिवारिक बेमेलका कारण घर-गृहस्थी त्यागेर सन्न्यास जीवन बिताउन पुगेका वृद्धवृद्धाहरूको जीवनकथालाई उतारिएको छ । बुढेसकालको सहारा र मृत्युपश्चात् पिण्डदान गर्ने सन्तानबाट नै अपहेलित भएर आफ्नो सम्पूर्ण सम्पति आश्रमलाई दान गरी सन्न्यास बन्न बाध्य भएका वृद्धवृद्धाहरूको जीवन कथालाई उतार्नुका साथै सहरिया जीवनका नाममा भित्रिएको विकृति र विसङ्गतिलाई औँल्याई जनमानसलाई सचेत बनाउनु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

#### ४.२.३.७ निष्कर्ष

'सन्न्यास' बुढेसकालमा सन्तानको दुर्व्यवहारले गृहस्थी जीवनबाट विरक्त भएर सन्न्यास जीवन बिताउन पुगेका वृद्धवृद्धाहरूको जीवनकथा हो । नेपाली भाषामा लेखिएको यस कथामा रैखिक, यथार्थपरक तथा क्रमबद्ध शैलीको प्रयोग गरिएको छ । बुढेसकालको सहारा र मृत्युपश्चात् पिण्डदान गर्ने भनिएका सन्तानबाट नै अपहेलना र दुर्व्यवहार सहनु पर्ने बाध्यता, कर्तव्यनिष्ठ हुन नसक्दा सिर्जना भएको पारिवारिक कलह, सहरिया जीवनको नाममा भित्रिएको विकृति र विसङ्गति आदिलाई यस कथाले उजागर गरी पाठकवर्गलाई सचेत बनाउने काम गरेको छ ।

### ४.२.४ 'छापामारको प्रेम' कथाको विश्लेषण

'छापामारको प्रेम' कथा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत चौथो कथा हो । यो कथा *कुमाता* कथासङ्ग्रहको पृष्ठ ४६ देखि पृष्ठ ५७ सम्म फैलिएको छ । छापामारको अर्थ लुकीछिपी

आक्रमण गर्ने वा आकस्मिक खानतलासी गर्ने भन्ने बुझिन्छ । यस कथामा कथाकारले तत्कालीन राज्यव्यवस्थाका विरुद्ध देशभर राजनैतिक परिवर्तनका लागि गरिएको जनयुद्ध, माओवादी लडाकु र प्रहरी तथा शाही सेनाबिचको आक्रमण, खानतलासीका सन्दर्भलाई जोडेका छन ।

४.२.४.१ कथानक

प्रस्तुत कथा सुन्दर भविष्य निर्माणका लागि माओवादी लडाकु भई जनयुद्धमा होमिएका छापामारहरूको जीवनकथालाई पृष्ठभूमि बनाएर लेखिएको छ । कथाकी मुख्य पात्र सरु सत्र वर्षको उमेरमा एस.एल.सी. उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गर्न आएकी केटी हो । पढ्न तेज भएकाले उसलाई सहपाठी साथी र शिक्षकहरूले मन पराउँछन् । ऊसँगै पढ्ने साकार पनि पढ्न राम्रो हुन्छ तर देशको वर्तमान शिक्षा प्रणालीप्रति सन्तुष्ट हुँदैन ।

देशमा बिस्तारै नेकपा माओवादीको युद्धले एउटा बाटो लिँदै गरेको र विद्रोहका स्वरहरू बढ्दै गएका हुन्छन् । युवाहरू दिन प्रतिदिन माओवादीतर्फ आकर्षित हुनेक्रम बढ्दै जान्छ । साकार पनि लेनिन र माओका दर्शनहरू अध्ययन गर्ने र यिनै विद्रोही स्वरप्रति आकर्षित हुने हुन्छ । यसै कारणसाकारको कोठामा प्रहरीले छापा मारेर माओ र लेनिनका पुस्तकसहित पक्राउ गरेको हुन्छ । एक हप्ता राखेपछि फेरि माओवादीमा नलाग्ने सर्तमा छोडेको हुन्छ ।

सरु र साकार बिस्तारै एक अर्काप्रति आकर्षित हुँदै जान्छन् । उनीहरूबिच कहिले पढाइ त कहिले राजनैतिक दर्शनका कुरा हुन्छन् । कलेजको दोस्रो वर्षको पढाइ हुँदैगर्दा साकारले पढाइ छाडेर पार्टीमा होलटाइमर भएर जाने निर्णय गर्दछ तर यो कुरा सरुलाई मन पर्दैन र सम्झाउन खोज्छे । साकारले माओवादीभित्र जीवन, दर्शन र सुनौलो भविष्य देखेको हुन्छ । वर्तमान शिक्षालाई बेरोजगारी मात्र बढाउने बुर्जुवा शिक्षाको संज्ञा दिन्छ । साकार भूमिगत भएको दुई महिनापछि सरु पनि होलटाइमर भएर माओवादी पार्टीमै होमिन्छे । पार्टीले उनीहरूलाई सैन्य फाँटमा राखिदिएको हुन्छ ।

माओवादी युद्ध चर्किंदै जाँदा उनीहरूले धेरै ठाउँका प्रहरी र सेनाका कार्यालयहरूमा आक्रमण गरेर धेरै हातहतियार लुट्दै गरेका हुन्छन् । आक्रमणमा सैनिक, प्रहरीको मृत्यु हुँदा सरुलाई निकै दुःख लागेको हुन्छ । एउटा नेपालीले अर्को नेपालीलाई कहिलेसम्म मार्ने ? जनयुद्धमा सेना र माओवादी छापामारबाट धेरै निर्दोष नागरिकहरू मारिएका छन् । सरु र साकारको प्रेम सम्बन्धबारे पार्टीलाई जानकारी हुन्छ । उनीहरूको इच्छाअनुसार पार्टीले

बिनापरिवार विवाह गराइदिन्छ । पार्टीको योजनाअनुसार खटिएका ठाउँमा गएर काम गर्नुपर्ने भएकोले विवाह गरेको एक महिनापछि साकार छुट्टै जिल्लामा जान्छ । पार्टीले जिम्मा दिएको आफ्नो काम पूरा गरेर फर्कने वाचा गर्दै गएको साकारको एम्बुसमा परी मृत्यु हुन्छ । साकारको मृत्युपछि सरुलाई छापामार जीवन बोझिलो लाग्छ । यहाँ सरुजस्तै जीवन साथी गुमाएका धेरै हुन्छन् । अरूसँग शारीरिक सम्बन्ध राखेको अभियोगमा पार्टीले सांस्कृतिक कारवाही गर्ने पनि गर्दछ । सरुलाई शिविरमा बस्न मन लाग्दैन । तर कहाँ जाने ? घरतिर सबै माओवादी भएकोले बस्न सकिने अवस्था हुँदैन भने माइतीतर्फ भूमिगत विवाह गरेकोमा नै खुशी नभएकोले सहजै स्वीकार्दैनन् । उसका मनमा धेरै कुरा खेल्छन् । एकदिन एकजना मानवअधिकारकर्मीसँग भेट हुन्छ र उनैको सहयोगमा काठमाडौँमा आई आफ्नो पढाइलाई निरन्तरता दिन्छे । उसले एल.एल.एम. र मनोविज्ञानमा मास्टरसम्मको पढाइ पूरा गर्दछे । माओवादी शान्ति पक्रियामा आउँछ र देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना हुन्छ । सरुले आफ्नो श्रीमान्सँगको सम्बन्ध कायम गराउन घर जान्छे तर घरकाले उसलाई स्वीकार्दैनन् । ऊ दुःखी हुन्छे र पार्टीमा उजुरी दिन्छे । पार्टीले युद्ध छाडेर भागेको भनी सहयोग गर्दैन । ऊ आफै कानूनको विद्यार्थी भएकाले नाता कायम गरी पाउँ भनी विवाहको प्रमाणस्वरूप फोटाहरू पेश गरी अदालतमा मुद्दा दिन्छे । अदालतले साकारसँगको नाता सम्बन्ध कायम गराइदिन्छ । यिनै कुरा सम्झदै गर्दा ऊ झस्कन्छे । यत्तिकैमा कथानक टुङ्गिन्छ ।

४.२.४.२ कथोपकथन

प्रस्तुत 'छापामारको प्रेम' कथामा पनि सीमित संवादको प्रयोग गरिएको छ । यसमा प्रयोग भएका केही संवादहरू यसप्रकार छन् :

'सरु आज तिम्रो के काम छ ?' साकारले मसँग सोध्यो ।

... 'किन ?'

'हैन त्यसै, फुर्सद भए घुम्न जाऔँ भनेर ।'

साकारले भन्यो, 'हेर त त्यो ढुकुरको जोडी कति सुहाएको है ?'

'ढुकुर आफैमा सुन्दर चरा हो नि त प्रेमको प्रतीक ।' .... (पृष्ठ ४८)

'साकार म पनि तिमीसँगै होलटाइमर भएर पार्टीमा जान्छु नि ।'

'किन जाने ? तिमी त पढ्ने भनेको होइन ?' (पृष्ठ ४९)

यी संवादहरू सरु र साकारबिच प्रेम प्रसङ्गमा चलेका हुन् । माथिका संवादबाट सरु र साकारबिचको प्रेमको प्रगाढतालाई देखाइएको छ । संवादहरू सरल र बोधगम्य छन् ।

पात्र/चरित्र

प्रस्तुत 'छापामारको प्रेम' कथामा सीमित पात्रको प्रयोग गरिएको छ । यस कथामा सरु र साकार प्रमुख पात्रको रूपमा रहेका छन् भने सहायक पात्रका रूपमा मानवअधिकारकर्मी रहेकी छन् ।

सरु

सरु 'छापामारको प्रेम' कथाकी प्रमुख नारीपात्र हो । ऊ एस.एल.सी. परीक्षा उत्तीर्ण गरेर उच्च शिक्षाका लागि सहर प्रवेश गरेकी हुन्छे । ऊ साकारसँगको प्रगाढ प्रेम सम्बन्धले पढ्ने ठुलो चाहना हुँदाहुँदै पनि माओवादी छापामार बन्न पुगेकी प्रेमलाई नै सर्वस्व ठान्ने नारीपात्र हो । सरु सच्चा प्रेमिकाको प्रतिनिधित्व गर्ने वर्गीय, बद्ध र अनुकूल पात्र हो ।

साकार

साकार 'छापामारको प्रेम' कथाको मुख्य पुरुष पात्र हो । उसले सरुसँग जनवादी विवाह गरेको हुन्छ । उसले सरुलाई असाध्यै माया गरेको हुन्छ । ऊ पढाइमा राम्रो भए पनि वर्तमान शिक्षा प्रणाली प्रति असन्तुष्ट व्यक्त गर्दै वेरोजगारी थुपार्ने 'बुर्जुवा ' शिक्षाको संज्ञा दिन्छ । ऊ प्रतिक्रियावादी राज्य व्यवस्थाको विरुद्ध भोलिको सुन्दर भविष्य निर्माणका लागि ज्यानको बाजी लगाएर होमिएको हुन्छ । कथाकारले साकारको चरित्रबाट जनयुद्धमा मारिएर बेपत्ता पारिएका कैयौँ युवाहरूलाई पनि दर्शाउन खोजेका छन् । साकार यस कथामा अनुकूल, बद्ध र वर्गीय पात्रको रूपमा देखिएको छ ।

मानवअधिकारकर्मी

मानवअधिकारकर्मी सरुलाई छापामारको शिविरबाट निकालेर काठमाडौँमा पढ्न र बस्न सहयोग गर्ने सहयोगी पात्रको रूपमा देखाइएको छ । ऊ यस कथामा अनुकूल, बद्ध र सत्पात्रको रूपमा देखिएको छ ।

सरुको जेठाजु

सरु र साकारको विवाहमा सँगै भएका जेठाजुले सरुलाई भाइबुहारीको रूपमा स्वीकार्दैन । स्वार्थपूर्तिको लागि मानिस जस्तोसुकै झूठो बोल्न र धुर्त्याइँ गर्न पछि पर्दैनन् भन्ने कुरा जेठाजुको चरित्रबाट देखाउन खोजिएको छ । ऊ यसकथाको एक खलपात्रको रूपमा प्रस्तुत भएको छ ।

४.२.४.४ देश, काल र परिस्थिति

प्रस्तुत कथा २०५२/०५३ सालको माओवादी जनयुद्धको समयलाई आधार बनाएर लेखिएको छ । यस कथामा प्रथमपुरुष कथनपद्धतिको प्रयोग गरी पात्रको स्मरणको आधारमा लेखिएको छ । कथामा तत्कालीन राज्यव्यवस्था र शिक्षा प्रणालीका विरुद्ध असन्तुष्ट भएर भोलिको सुनौलो भविष्य निर्माणका लागि युद्धमा होमिएका युवाहरूको जीवन र भोगाइको परिस्थितिलाई उतारिएको छ । जनयुद्धमा कैयौँ निर्दोष नागरिक मारिनु र बेपत्ता पारिनुमा सेना र माओवादी दुवै पक्ष दोषी भएको कुरा पनि यसमा उल्लेख गरिएको छ ।

४.२.४.५ भाषाशैली

प्रस्तुत कथामा कथाकार वसन्त पराजुलीले सरल, सहज भाषाको प्रयोग गरेका छन् । यहाँ सरु पात्रबाट कथाका सम्पूर्ण घटनाहरूलाई क्रमबद्धरूपमा स्मरण शैलीमा प्रस्तुत गरिएको छ । कथामा दुश्मन, सफाया, निगरानी, कमान्ड, पार्टी, कमरेड, वालपेन्ट, कस्टडी, होलटाइमरजस्ता धेरै आगन्तुक शब्दहरूको प्रयोग गरिएका छन् । भाषिक प्रभावलाई गतिशील बनाउन प्रथमपुरुष कथनपद्धतिलाई संस्मरणात्मक शैलीमा संरचित गरिएको छ । कथामा पात्रभित्रको मनोद्वन्द्वलाई कलात्मक रूपमा विश्लेषण गरिएको छ । कथामा प्रयुक्त भाषा सरल, सरस र बोधगम्य छन् ।

४.२.४.६ उद्देश्य

प्रस्तुत 'छापामारको प्रेम' कथामा कथाकारले २०५२/०५३ सालको जनयुद्धलाई पृष्ठभूमि बनाएका छन् । प्रस्तुत कथामा क्याम्पस पढ्ने कैयौँ युवाहरू वर्तमान राज्यव्यवस्था र शैक्षिक प्रणालीबाट असन्तुष्ट भएर भोलिको सुन्दर भविष्यको कल्पना गर्दै युद्धमा होमिएका र असफल छापामारहरूको जीवन र भोगाइलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । युद्धकालमा छापामारभित्रको यौनशोषण, कैयौँ निर्दोष नागरिकले भोग्नुपरेको समस्या,

जनवादी विवाह गरेका महिलाले श्रीमान्को मृत्युपश्चात् श्रीमान्सँगको नाता कायम गर्दा भोग्नु परेको समस्याहरूलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । देशको सुन्दर भविष्य निर्माणका नाममा एउटा नेपालीले अर्को नेपालीलाई मार्नु, कैयौँ निर्दोष नागरिक मारिनु, बेपत्ता पारिनु, सेना र माओवादी छापामार उत्तिकै दोषी भएको कुरा यस कथाको माध्यमबाट कथाकारले प्रष्ट्याउन खाजेका छन् ।

#### ४.२.४.७ निष्कर्ष

प्रस्तुत 'छापामारको प्रेम' कथाकार पराजुलीद्वारा रचना गरिएको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत चौथो कथा हो । कथाकारले यस कथामा २०५२/०५३ सालतिरको माओवादी जनयुद्धलाई पृष्ठभूमि बनाएर रचना गरेका हुन् । प्रस्तुत कथामा सरु र साकारजस्ता कैयौँ युवाहरू राज्यको शासन व्यवस्था र शिक्षा प्रणालीबाट असन्तुष्ट राज्यव्यवस्था परिवर्तनका लागि युद्धमा होमिएका माओवादी लडाकु छापामारहरूको जीवन र भोगाइ यथार्थ चित्रण रूपमा गरिएको छ । नेपालीले नेपालीकै हत्या गर्नु, कैयौँ निर्दोष नागरिक मारिनु र बेपत्ता पारिनु र युद्धपछि पनि छापामार युवाहरूले भोग्नुपरेको अवस्थालाई जीवन्तरूपमा देखाइएको छ । प्रस्तुत कथामा आवश्यक तत्त्वहरूको संयोयन गरी समसामयिकरूपमा कथालाई यथार्थ र मार्मिक बनाइएको छ ।

### ४.२.५ 'परिबन्द' कथाको विश्लेषण

संस्कृत शब्द 'परिबन्ध' बाट अपभ्रंश शब्दका रूपमा 'परिबन्द' शब्द बनेको छ । 'परिबन्द' भन्नाले "औपचारिक कारण, हेतु वा बेहोरा, रोकावट, परिबन्ध, घटनाचक्रबाट स्वतः आइपर्ने काम वा कुरो, चारैतिरबाट फन्दामा पर्ने काम, काकताली, संयोग" (बन्धु, २०६७ : पृ. ७४३) आदि अर्थबोध भएको छ । कथाकार वसन्त पराजुलीको 'परिबन्द' कथाको कथानकअनुसार परिबन्दको अर्थ प्रतिबन्ध, घटनाचक्रबाट स्वतः आइपर्ने काम वा कुरो, चारैतिरबाट फन्दामा पर्ने काम बुझिएको छ । परम्पराका अवधारणाका आधारमा यस कथालाई निम्नानुसार व्याख्या गरिएको :

#### ४.२.५.१ कथानक

यस कथाको सुरुवात आइतेको परिचयबाट भएको छ । एकदिन आइतेले डुङ्गा चलाएर यात्रुलाई नदीपार गराइरहेका बेलामा अचानक उसको डुङ्गा डुबेको छ । पाँचजना यात्रुमध्ये

चारजना आफैँ पौडेर नदीबाहिर निस्केका छन् । एकजना युवकलाई नदीले बगाएको छ । उसले आफूलाई बचाउनका लागि हातद्वारा सङ्केत गरेको छ । आइतेले उसलाई नदीको तीरमा निकालेको छ । आइतेले आफ्नो घरमा लगेर पेटमा भरिएको पानी निकालेको छ । उसले सुकेका झारपात बटुलेर आगो बालेर त्यस युवालाई बिस्तारै ताप दिएको छ । यस कार्यमा छोरीले पनि उसलाई सहयोग गरेकी छ । त्यस युवकको होस आएपछि आइते अत्यन्त खुसी भएको छ । त्यसपछि उसले त्यस युवकसँग "तिमी को हौ ?" भन्ने प्रश्न सोधेको छ । उसले आफू निकुञ्जको आर्मी भएको र उसको नाम सन्तराम बस्नेत भएको बताएको छ । ऊ बोल्दाबोल्दै अकमकिएको छ भने मङ्गली गम्भीर बनेकी छ । उक्त व्यक्ति दिनभरि त्यहीँ बसेको छ । उसका साथीहरूले साँझपख उसलाई ब्यारेकतर्फ लगेका छन् ।

एकदिन घाँस-दाउरा, तामा, निउरो आदि अत्यावश्यक वस्तुहरू लिन निकुञ्जमा जाँदा मङ्गलीको भेट निकुञ्जका सुरक्षाकर्मीसँग भएको छ । उसले नचिनेको थाहा पाएपछि त्यस सुरक्षाकर्मीले आफू सन्तराम भएको स्मरण गराएको छ । त्यसपछि उनीहरूको भेट बाक्लो हुने गरेको छ । तामा टिपिरहेका बेला एकजना सुरक्षाकमीले मङ्गलीलाई पक्राउ गरेको छ । सन्तरामको सहयोगले कार्यालय नपुग्दै ऊ छुटेकी छे । उनीहरूको सामीप्यता बढेकाले आइतेलाई चिन्ता परेको छ । आइतेले छारीलाई सम्झाएको छ तर छोरीको व्यवहार परिवर्तन भएको छैन । उसको मन सन्तरामतिरै मोडिएको छ । उसको मनमा अन्तर्द्वन्द्व चलिरहेको बेला आर्मीको फोन आएको छ । उनीहरूको फोनमा संवाद भएको छ ।

संवादपश्चात् उनीहरू वनदेवीको मन्दिरमा गएका छन् । सन्तमानले पत्तीले आफ्नो हात चिरेर रगतले मङ्गलीको सिउँदो भरेको छ अर्थात् उनीहरूको बिहे भएको छ । उनीहरूबिच भएको यो घटना घर-परिवारलाई नभन्ने सहमति भएको छ । उनीहरूको भेटघाट बाक्लिएको छ । रात पनि सँगै बिताएका छन् । सन्तेसँगको सामिप्यताले उनीहरूलाई माछा मार्न, निकुञ्जबाट निउरो आदि कुराहरू ल्याउनका लागि सहज भएको छ । उनीहरूलाई जीविकोपार्जन गर्न सहज भएको छ ।

मङ्गली र सन्तमानको सम्बन्धका कारण ऊ गर्भवती बनेकी छ । ऊ खुसी भएकी छ । यही कुरा सुनाउनका लागि सन्तमानलाई फोन गर्न खोजेकी छ तर उसको फोन स्वीच अफ भएको थाहा भएको छ । ब्यारेकमा गएर बुझ्दा ऊ अघिल्लो दिन मात्रै सरुवा भएको थाहा भएको छ । उसले नबताई हिँडेको कारण सन्तेप्रति मङ्गलीको रिस उठेको छ । उसलाई

कुरा लुकाएर राखेकोमा हीनताबोध भएको छ । प्रेमीले छाडेर विरक्त भएकी मङ्गलीलाई बाबुले हप्काएपछि झनै पीडाबोध भएको छ ।

सामाजिक मूल्य र मान्यताभन्दा माथि उठेर माइतमै बच्चा जन्माउने निर्णयमा पुगेकी मङ्गलीले माइतमै छोरो जन्माएकी छ । सुत्केरी बहिनीलाई खुवाउनका लागि उसको दाइ सुकबहादुर माछा मार्नका लागि राप्तीखोलामा गएको छ । त्यसैबेलामा निकुञ्जका कर्मचारीहरूले उसलाई पक्रेर लगेका छन् । निकुञ्जको कार्यालय पुगेपछि उसलाई गैंडा मारेको आरोप लागेको थाहा पाउँछ । उसले नगरेको घटनामा उसलाई फसाइएको छ । उसले आफूले अपराध नगरेको स्पष्टीकरण दिएको छ । उसको बुबा (आइते) आएर उसलाई भेटेको छ । त्यहाँका कर्मचारीहरूले निर्दोष भएको खण्डमा सुकबहादुर छुट्ने आश्वासन दिएका छन् ।

आइते झिनो आस लिएर घर फर्किएको छ । निकुञ्ज अदालतले सुकबहादुरलाई थुनछेकमै थुन्ने आदेश दिएको छ । आइते पुनः जेलमा गएको छ । उनीहरूबिच संवाद भएको छ । केही संवादपछि समय सकिएकाले उनीहरू छुट्टिएका छन् । सुकबहादुरले दुईजना अपरिचितलाई डुङ्गाद्वारा नदी तारेको र त्यसकै भोलिपल्ट बन्दुक पड्केको आवाज आएको स्मरण गरेको छ । निकुञ्जले निर्दोषलाई फसाउँदैन भन्ने विश्वास लिने सुकबहादुरको विश्वास गुमेको छ ।

आइतेलाई बिहे नगरीकन बच्चा जन्माएकी छोरी, नाति, रोगी श्रीमती सबैलाई पाल्नुपर्ने परिबन्द परेको छ ।

४.२.५.२ कथोपकथन

'परिबन्द' कथामा पनि केही संवादहरूको प्रयोग गरिएको छ । तीमध्ये केही संवादहरू निम्नलिखित रहेका छन् :

आइतेले सोध्यो- 'बाबु तिमी को हौ ?'

आइतको प्रश्न खस्न नपाउँदै बिस्तारै त्यस युवकले भन्यो, 'बुबा म आर्मी हुँ । निकुञ्जको । मेरो नाम सन्तराम बस्नेत हो ।' (पृ. ५९)

'तिमी मङ्गली हैन ?' त्यो सुरक्षाकर्मीले सोध्यो ।...

अनि उसले भन्यो, 'म त्यही सेना के तिमीहरूले घरमा लगेर बचाएकी ।' ....

'बा बा नि यो ड्रेसमा त चिन्नै नसकेको ।' मङ्गली लजाउँदै भन्छे । (पृ. ६१)

'हेलो !'

उताबाट जवाफ आउँछ 'हेलो ! म सन्तराम के सन्ते ।'

'हजुर हजुर मैले चिनें', मङ्गली लजाउँदै बोल्छे ।

'आज जङ्गल पनि आइनौ,' मङ्गलीले फोनमै जवाफ फर्काई, 'सन्चो नभएर, त्यसै घरै बसेको ।' (पृ. ६३)

यस कथामा रहेका संवादहरू सरल र बोधगम्य रहेका छन् । यी संवादबाट एकातिर ग्रामीण जनजीवनका निम्नस्तरका पात्रहरूको सरल व्यवहार स्पष्ट भएको छ भने अर्कातिर सैनिक जागिरको सिलसिलामा विभिन्न ठाउँ चहारेर आएका सैनिकहरू गाउँले सोझा महिलाहरूलाई झुठो प्रेममा फसाउने प्रयत्न गरिने अवस्थालाई उजागर गरेको छ ।

४.२.५.३ पात्र/चरित्र

सामान्यतया पात्र भन्नाले कुनै वस्तु राख्ने आधार वा भाँडो भन्ने अर्थबोध हुन्छ तर साहित्यमा यस शब्दद्वारा व्यक्तिविशेषलाई बोध गरिन्छ (बन्धु, २०६७ : पृ ७६४) । 'परिबन्द' कथामा पनि विभिन्न प्रकारका व्यक्तिहरूको चरित्रचित्रण गरिएको छ । यस कथामा उल्लेख गरिएका पात्रहरूको सङ्क्षिप्त चिनारी निम्नलिखित रहेको छ :

आइते

आइते यस कथाको सुरुवातमा देखिएको वर्गीय तथा मुख्य पुरुष पात्र हो । उसले दिनभरि काम गरेर साँझ-बिहानको छाक टार्न बाध्य निम्नवर्गीय समुदायको प्रतिनिधित्व गरेको छ । आफ्ना सन्तानका लागि उपयुक्त सल्लाह दिने तर परिवारमा जबरजस्ती आफ्नो हैकम लाद्न नचाहने पात्रका रूपमा आइते देखिएको छ । ऊ अरूको भलो चाहने भएको कारण उसलाई अनुकूल वा सत्पात्र तथा बद्धपात्रका रूपमा चिनिएको छ । ऊ स्थिर स्वभावको पात्र रहेको छ ।

मङ्गली

'परिबन्द' कथामा नारीपात्र मङ्गलीलाई आइतेकी छोरीको रूपमा देखाइएको छ । ऊ बिस वर्ष पुग्दै गरेकी, बैँसले भर्भराउँदी, आफैमा राम्री पात्र देखिएकी छे । बढ्दो उमेरका कारण

ऊ एउटा आर्मीप्रति आकर्षित भएकी पात्र हो । कोमल मनकी र आफ्नोभन्दा बाहिरकाले भनेका पत्याउने र विश्वास गर्ने पात्र रहेकी छे । चढ्दो यौवनावस्थाका युवतीहरूको प्रतिनिधित्व गरेकी पात्र भएकाले उसलाई वर्गीय पात्रका रूपमा मान्न सकिन्छ । ऊ अनुकुल, मुख्य, बद्ध तथा स्थिर स्वभावकी पात्रका रूपमा चिनिएकी छे ।

सन्तमान बस्नेत

'परिबन्द' कथामा सन्तमान सुरुमा अनुकूल तर पछि मङ्गलीसँग झुटको मायाजाल फिँजाएर, विवाह गरेर शारीरिक भोग गर्ने प्रतिकूल पात्रका रूपमा देखिएको छ । ऊ बद्ध तथा गतिशील पात्रका रूपमा समेत देखिएको छ । ऊ सैनिक पेसामा सेवारत देखिएको छ । उसले सम्पूर्ण सैनिकवर्गको प्रतिनिधित्व गरेको हुनाले उसलाई वर्गीय पात्रका रूपमा हेर्न सकिन्छ । यस कथामा उसले मुख्य भूमिका निभाएको हुनाले मुख्य पात्रका रूपमा देखिएको छ ।

सुकबहादुर

'परिबन्द' कथाको पात्र सुकबहादुर आइतेको छोराको तथा मङ्गलीको दाइका रूपमा देखिएको छ । आफ्नै डुङ्गा भएको, माछा मारेर गुजारा चलाउने उक्त पात्र निकुञ्जका जनावरलाई मार्न हुँदैन भन्ने मनसाय बोकेको पात्रका रूपमा परिचित छ । ऊ बेकसुर भए तापनि उसलाई गैँडा मारेको आरोपमा जेल हालिएको छ यसर्थ ऊ पीडित पात्र हो । सुकबहादुर वर्गीय तथा अनुकूल, सहायक तथा बद्ध पात्रका रूपमा देखिएको छ ।

यस कथामा निकुञ्जका कर्मचारी, सन्तमानका साथीहरू, मङ्गलीकी आमा, सुकबहादुरकी श्रीमती, मङ्गलीको छोरो आदि मुक्त तथा गौण पात्रहरूको प्रयोग भएको छ ।

४.२.५.४ देश, काल, परिस्थिति

यस कथामा राप्ती नदी, राप्तीमाथि बनाइएको पुल, राष्ट्रिय निकुञ्ज, आर्मी क्याम्प आदि उल्लेख गरिएको छ । पुलले माडीक्षेत्रका बासिन्दालाई जिल्ला सदरमुकाम आवत-जावत गर्न सजिलो पारेको उल्लेख गरिएको छ । उल्लिखित कुराहरूले चितवन राष्ट्रिय निकुञ्जको छेउमा रहेको कसराको वरिपरिको क्षेत्रलाई इङ्गित गरेको छ ।

यस कथाको कथानकअनुसार कसरामा रहेको राप्तीपुल बनेको एक वर्षपछिको समयलाई जनाइएको छ । निकुञ्जभित्र गएर लुकिछिपी ल्याएका तामा, निउरोजस्ता तरकारी बेचेर

जीवनयापन गर्नुपर्ने परिस्थितिलाई देखाइएको छ । आर्मीका मान्छेहरूको स्वभाव र सम्भावित घटना तथा त्यसद्वारा निम्तिने परिस्थिति देखाइएको छ। आफ्ना अभिभावकहरूले भनेको नमानेर आफ्नो मनखुसी व्यवहार गर्दा आइपर्ने स्थितिलाई समेत यस कथामा यथार्थ रूपमा देखाइएको छ।

४.२.५.६ भाषाशैली

'परिबन्द' कथामा नेपाली भाषा तथा क्रमबद्ध शैलीको प्रयोग गरिएको छ । यस कथामा कथानक सिलसिलेवार रहेको हुनाले परम्परागत क्रमबद्ध शैली रहेको छ । यस कथामा "निकुञ्जको" जस्ता एक शब्दको वाक्य प्रयोग गरिएको छ । व्याकरणिक विचलनअन्तर्गत अध्ययन गरिने वाक्यविचलनको प्रयोग गरिएको छ।

जस्तै- "सुकबहादुरलाई थुनछेकमै थुन्ने आदेश गऱ्यो निकुञ्ज अदालतले" (पृ. ६८) आदि ।

यस कथामा प्रयोग गरिएका प्रायःजसो वाक्यहरू वर्तमान कालको पूर्ण पक्षमा रहेका छन् भने केही वाक्यहरू वर्तमानकै सामान्य पक्षमा लेखिएका छन् । भूत तथा भविष्यत् कालका वाक्यहरू एकदमै कम प्रयोग भएको छ। कथाकार पत्रकार व्यक्तित्व भएकाले पनि भाषामा समाचारको छनक पाइएको छ । संवादमा प्रयोग गरिएको प्रत्यक्षकथन जनाउनका लागि एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ। यस कथामा कसरा क्षेत्रका स्थानीय बासिन्दाको जीवनको यथार्थतामा आधारित रहेर लेखिएकाले यथार्थपरक शैलीमा रचना भएको मानिन्छ। यस कथामा आदि, मध्य र अन्त्यको स्थितिलाई हेर्दा रैखिक ढाँचा देखिएको छ।

४.२.५.७ उद्देश्य

तत्कालीन परिस्थितिमा निम्नवर्गीय समाजमा आधारित रहेर कथा लेखिएकाले यथार्थताको बोध गराउनु, आफूभन्दा ठुला वा आफ्ना अभिभावकले मान्नुपर्ने ज्ञान दिनु, मान्छेले आफ्नो स्वार्थपूर्तिका लागि अवसर कुरेर बस्ने हुनाले धेरै कुरा सोचेर मात्रै निर्णय लिनुपर्ने आदि ज्ञान दिनु, मान्छेले आफ्नो स्वार्थपूर्तिका लागि अवसर कुरेर बस्ने हुनाले धेरै कुरा सोचेर मात्रै निर्णय लिनुपर्ने आदि ज्ञान दिनु यस कथाको उद्देश्य रहेको छ। बहकाउमा लागेर गरिएको निर्णयले दिनसक्ने परिणामको नमुना यस कथाद्वारा व्यक्त गर्न खोजिएको छ। यस कथामा मान्छे समयको परिबन्दमा फसेको हुन्छ भन्ने कुरा बोध गराउन खोजिएको छ । गरिबीका कारण मान्छेले भोग्नुपर्ने पीडा तथा गर्नुपर्ने सङ्घर्ष पनि यस कथामा देखाइएको छ।

४.२.५.८ निष्कर्ष

श्रव्यकाव्यअन्तर्गत रहेको छोटो आख्यानयुक्त विधालाई कथा भनिन्छ । यो एक बसाइमै पढेर सकिने प्रकारको हुनुपर्छ । कथा सानो आकारको हुने भएकाले यसमा जीवनको एकपक्षको व्याख्या वा वर्णन गरिन्छ । कथाकार बसन्त पराजुलीद्वारा रचना गरिएको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत 'परिबन्द' कथामा कथा बन्नका लाथि आवश्यक पर्ने सबै तत्त्वहरू सम्मिलित छन् ।

यस कथामा चितवन राष्ट्रिय निकुन्जको छेउमा रहेको कसरा क्षेत्रमा बसोबास गर्ने निम्नवर्गीय परिवारको जीवनमा आधारित घटनाहरू रहेका छन् । यसमा पनि प्रयोग गरिएको छ । नेपालको चितवन राष्ट्रिय निकुञ्जको किनारमा पर्ने कसरा क्षेत्रमा बसोबास गर्ने निम्नवर्गीय परिवार तथा निकुञ्जको सुरक्षार्थ खटिएको आर्मीलाई पात्रका रूपमा छनोट गरिएको छ । यस कथामा प्रयोग भएको आर्मीद्वारा आफ्नो यौनचाहना पूर्ति गरेर उसलाई बेसहारा तथा बिनाबाबुको बच्चाको आमा बनाएर छोड्ने तथाकथित परम्परालाई बढाउने प्रतिनिधि पात्रको रूपमा देखापरेको छ । नेपाली भाषामा लेखिएको यस कथामा रैखिक, यथार्थपरक तथा क्रमबद्ध शैलीको प्रयोग भएको छ । यस कथाको मुख्य उद्देश्यका रूपमा निकुञ्जको वरिपरिका निम्नस्तरीय वासिन्दाको जीवनवृत्तको यथार्थचित्रण गर्नु, अभिभावकले दिएको उपदेशलाई मान्नुपर्ने शिक्षा दिनु, निर्णय लिने बेलामा धेरै सोच्नुपर्ने तथा बहकाउमा आएर जीवनका कुनै पनि निर्णयहरू लिन नहुने ज्ञान दिनु र मानिसले आफूले गर्दै नगरेको कार्यको दण्ड परिबन्दमा परेर पाउनुपर्छ भन्ने कुराहरू रहेका छन् ।

## ४.२.६ 'अस्मिता' कथाको विश्लेषण

'अस्मिता' शीर्षकको यो कथा कथाकार वसन्त पराजुलीको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत छैठौँ कथा हो । 'अस्मिता' को शाब्दिक अर्थ अभिमान तथा अहङ्कार भन्ने हुन्छ । कथाकार पराजुलीले अस्मितालाई कथाको मुख्य पात्रको नाम दिएका छन् तापनि लाक्षणिक अर्थमा अस्मितालाई नारी अभिमानको रूपमा प्रयोग गरिएको पाइन्छ ।

४.२.६.१ कथानक

कथानकको आरम्भ अस्मिताको परिचयबाट भएको छ । अस्मिता एस.एल.सी. उत्तीर्ण गरेर उच्च शिक्षा अध्ययनका लागि सहर आएकी हुन्छे । गाउँमा हुर्केकी अस्मितालाई सहरमा

कलेज खोज्न र कोठा खोज्न गाह्रो भएको बेला आफ्नो गाउँको जमिन्दारको छोरा अमितलाई भेट्छे । अमितले पनि अस्मितालाई कोठा खोज्न र कलेजमा भर्ना हुन सहयोग गर्दछ । अस्मिता पढाइमा तेज भएकाले उसको बुबाले अरूको लुगा सिलाएर भएपनि उसलाई सहरमा पढ्न पठाएको हुन्छ । घरको आर्थिक अवस्था कमजोर हुन्छ । अस्मितालाई कलेजको शुल्क तिर्न र कोठा भाडा तिर्न गाह्रो भएको बेला अमितले सहयोग गर्दछ । अमित र अस्मिताको भेटघाट बाक्लिदै जाँदा अमितले अस्तिालाई प्रेम प्रस्ताव राख्दछ । अमितको सहयोगी भावना देखेर अस्मितालाई अमित मनपर्छ । अस्मिता साधारण लुगा सिलाउने दमाईकी छोरी हुन्छे तर अमित गाउँको जमिन्दारको क्षेत्रीको छोरो भएकाले उनीहरूबिचको विवाह सम्बन्ध अस्मितालाई असम्भव लाग्छ । अस्मिताको अमितप्रतिको आकर्षण र अमितको आग्रहले उसले अमितको प्रेम प्रस्ताव स्वीकार गर्छे । उनीहरूबिच प्रेम सम्बन्ध झाङ्गिँदै जान्छ र शारीरिक सम्बन्ध कायम गर्ने तहसम्म पुग्छ । अस्मिता गर्भवती हुन्छे । आफू गर्भवती भएकोले अमितलाई विवाह गर्न प्रस्ताव राख्दछे तर आफ्नो जागिर नभएको कारण देखाई अमितले गर्भपतन गर्न लगाउँछ । गर्भपतन गराएसँगै अमित अस्मिताबाट टाढिएर सम्पर्कविहिन हुन्छ ।

एकदिन अस्मिताले अमितको साथी अमृतबाट अमितले अरू नै नयाँ केटी साथी बनाएको र आफूभन्दा पहिले पनि सोझा केटीहरूलाई विभिन्न प्रलोभन दिएर प्रेमको नाटक गरी सम्बन्ध कायम गरिसकेको कुरा थाहा पाउँछे । अमितसँगको सम्बन्धसँगै उसको पढाइ पनि त्यति राम्रो हुँदैन । पढाइलाई निरन्तरता दिनका लागि खर्चको जोहो गर्न एउटा निजी कम्पनीमा 'पर्सनल एसिस्टेन्ट' को जागिर गर्छे । उसको बोसले एउटा पार्टीसँग बिजनेस डिल गर्ने भनेर होटेलमा लैजान्छ र जबर्जस्ती शारीरिक सम्बन्ध कायम गर्छ । यसरी पटकपटक आफ्नो अस्मितामाथि खेलवाड गर्ने पुरुषहरूप्रति उसलाई घृणा लागेर आउँछ ।

घरपरिवारको दबाबमा नचाहेर पनि वैदेशिक रोजगारीबाट फर्किएको रविनसँग अस्मिताको विवाह हुन्छ । विवाहको एक महिनामा नै रविन विदेश फर्किन्छ । सहरी जीवनमा रमाउन थालेकी अस्मिता लोग्नेकै सहमतिमा सहरमा पुनः कोठा लिएर बस्छे । लोग्ने विदेशमा परस्त्रीसँग शारीरिक सम्बन्ध राखेको अभियोगमा जेल पर्छ । लोग्नेले दुःख गरेर कमाएको पैसा जथाभावी खर्च गर्ने बानी परिसकेको अस्मितालाई खर्चको जोहो गर्न गाह्रो पर्छ । उसले छोटो समयमा नै गाडी चढेर हिँडेकी साथी इन्दिरालाई भेट्छे र उसैको सल्लाहअनुसार देह व्यापारमा लाग्छे । उसले नेता, प्रहरी, उच्च तहका कर्मचारी, पत्रकार, साहित्यकार, सहरका

कैयौँ ठुलाठुला व्यापारीसँग रात बिताएकी हुन्छे । यस्तै क्रममा एकदिन उसलाई सहरभन्दा बाहिर लगिन्छ र दश जनाभन्दा बढी व्यक्तिबाट बलात्कार गरिन्छे । शरीर धानिन नसक्ने भएपछि विश्वास गरेको एकजना व्यक्तिलाई फोनबाट लिन बोलाउँछे । आउँदै गर्दा बाटोमा त्यस व्यक्तिले पनि बाइक रोकेर शारीरिक सम्बन्धको माग राख्छ । त्यसपछि ऊ रुँदै आफू वेश्या भएको र उसलाई वेश्या बनाउने यही समाजमा रहेका निर्दयी पुरुष भएको बताउँछे ।

अहिले ऊ आफ्नोजस्तो थकित जीवन कसैले पनि भोग्न नपरोस् भन्दै हरेक नारीलाई सचेत बनाउने अभियानमा हुन्छे । यसरी पढ्ने इच्छा हुँदाहुँदै अभाव र बाध्यताले स्वार्थी पुरुषको झूठो मायाजालमा परेर आफ्नो अस्मिता लुटिएको र पटकपटक बलात्कृत भएपछि वेश्या हुन बाध्य भएकी नारीको जीवन कथालाई यहाँ कथावस्तु बनाइएको छ ।

४.२.६.२ कथोपकथन

प्रस्तुत 'अस्मिता' शीर्षकको कथामा सीमित संवादहरूको प्रयोग भएको छ । तीमध्ये केही संवादहरू निम्न छन् :

'अस्मिता ! तिम्रो पढाइ कस्तो भइरहेको छ ?' अमितले सोध्यो ।

अस्मिताको जवाफ आयो, 'त्यस्तै हो । कक्षा नियमित गइरहेकी छु क्यारे ।...' (पृष्ठ ७१)

... 'बरू त्यो भ्रूण फालौँ', अमितले अस्मितालाई सम्झाउँदै भन्यो ।

'अँह हुन्न । यो हाम्रो प्रेमको निशानी हो । यसलाई जसरी पनि जन्माउनु पर्छ', अस्मिताले भनी । ...

'मैले भनेको नमान्ने हो भने जे तँ गर्छेस् गर', अमितले रिसाएर भन्यो । (पृष्ठ ७५)

इन्दिराले सहजै सुल्झाई 'मैले जस्तै गर्छेस् त ?'

'मैले के गर्नुपर्ने ?'

'पुरुषको इच्छा पूरा गर्ने नि !'

'नाइँ म त्यस्तो काम त गर्दिन !'

दुई जनाको संवाद हुँदै गर्दा अस्मिताले आफ्नो विगत सम्झी । (पृष्ठ ७८)

कथामा प्रयोग भएका संवादहरू सरल, सहज र बोधगम्य छन् ।

४.२.६.३ पात्र/चरित्र

प्रस्तुत 'अस्मिता' कथामा विभिन्न पात्रहरूको चरित्र चित्रण गरिएको छ । यस कथामा प्रयोग गरिएका पात्रहरूको सङ्क्षिप्त चिनारी निम्नानुसार छ :

अस्मिता

अस्मिता यस कथाकी प्रमुख नारीपात्र हो । ग्रामीण परिवेशकी साधारण परिवारकी दमाईकी छोरी हो । ऊ पढाइमा तेज भएकै कारण उच्च शिक्षा अध्ययनका लागि सहर प्रवेश गरेकी हुन्छे । आर्थिक अभाव, सहरी वातावरण र यौनपिपासु पुरुषको झूठो मायाजालमा परेर आफ्नो अस्मिता नै लुटाउन बाध्य भएकी नारीको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ आफ्नोजस्तो थकित जीवन कसैले पनि भोग्न नपरोस् भनेर हरेक नारीलाई सचेत बनाउन कटिबद्ध, मुख्य, अनुकूल र बद्ध पात्र हो ।

अमित

अमित यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ अस्मिताको गाउँको जमिन्दारको छोरो हो । ऊ अस्मिताजस्ता गाउँका सोझी केटीहरूलाई विभिन्न प्रलोभन दिएर प्रेमको नाटक गर्दै शारीरिक सम्बन्ध कायम गर्ने र तिनीहरूलाई छाड्ने प्रतिकूल पात्रको रूपमा देखिएको छ । उसलाई धनी बाबुको बिग्रिएको सन्तान र सम्पूर्ण यौनपिपासु पुरुषहरूको प्रतिनिधित्व गर्ने वर्गीय तथा प्रतिकूल पात्रको रूपमा देखाइएको छ ।

प्रबन्ध निर्देशक

एउटा निजी कम्पनीको प्रबन्ध निर्देशक यस कथामा प्रतिकूल पात्रको रूपमा देखाइएको छ । ऊ अस्मिताको बोस हो । उसले जागिर दिने बहानामा अस्मिताको अस्मिता लुटेको छ । ऊ पनि अहिलेको स्वार्थी समाजको निर्दयी र अव्यावहारिक तथा आफ्नो स्वार्थसिद्धिका लागि जे पनि गर्न सक्ने र अरू कसैको पनि पर्वाह नगर्ने खालको प्रतिनिधि पात्र हो ।

इन्दिरा

इन्दिरा अस्मिताकी साथी हो । ऊ अस्मितालाई देह व्यापार गर्न प्रेरित गर्दछे । इन्दिराले अस्मितालाई देह व्यापार गरेर आर्थिक उपार्जन गर्न प्रेरित गने उक्साउने प्रतिकूल पात्रको रूपमा चरित्र चित्रण गरिएको छ । कुनै पनि साथीले आफ्ना साथीलाई सकारात्मक उपाय

सुझाउनु पर्नेमा देह व्यापारजस्तो निकृष्ट कार्य गराउन प्रेरित गर्ने र यसै कार्यलाई निरन्तरता दिने क्रममा दशौँजनाको सामूहिक बलात्कारमा पर्न पुग्नुजस्ता दुःखद अवस्थाको सिर्जना भएको देखिएकाले यस्तो अवस्थाको सिर्जना हुनुको प्रमुख कारण इन्दिरा भएकाले ऊ यस कथाको खलपात्रको रूपमा चित्रित भएको देखिन्छ ।

४.२.६.४ देश, काल र परिस्थिति

प्रस्तुत कथामा सहरीया वातावरणलाई आधार बनाएर लेखिएको छ । उच्च शिक्षा हासिल गर्न सहर प्रवेश गरेकी अस्मिताको प्रेमीबाट धोका पाउनु, हाकिमबाट बलात्कृत हुनु र सहरी तामझाममा आफूलाई स्थापित गर्नका लागि आफ्नै अस्मिता बेच्नुपर्ने समस्या, बाध्यता र विकृतिको परिस्थितिलाई यस कथाले दर्शाएको छ । यहाँ कथाकारले आजभोलि धेरैजसो पुरुषहरूले मानवता गुमाइसकेको अवस्था, धनको आडम्बरमा नारीअस्मितामाथि खेलवाड गर्ने दुराचारी पुरुषको चरित्र र आफ्नै दिदी, बहिनीलाई वेश्या बन्न बाध्य बनाइएको अवस्थालाई पनि देखाएका छन् । यस्तो अवस्थाको सिर्जना हुनका लागि पुरुषमात्र नभई महिला पनि केही मात्रामा संलग्न रहेको परिवेशसमेत यस कथामा कथाकारले इन्दिरा पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ ।

४.२.६.५ भाषाशैली

प्रस्तुत कथामा कथाकार वसन्त पराजुलीले सरल, सहज र पात्रअनुसारको भाषाको चयन गरेका छन् । कथानकमा सिलसिलेवार रूपमा परम्परागत शैलीको प्रयोग भएको छ । धेरैजसो वाक्यहरू पूर्ण वर्तमानकालका रहेका छन् । कथा तृतीयपुरुष दृष्टिविन्दुमा संरचित छ । कथामा क्याम्पस, म्यासेन्जर, बोस, फेसबुकजस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । संवादमा प्रत्यक्ष कथन जनाउनका लागि एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ । कथा आदि, मध्य र अन्त्य गरी रैखिक ढाँचामा लेखिएको छ । कथा सरल र सहज भाषामा लेखिएकाले सम्प्रेषणीय र बोधगम्य छ ।

४.२.६.६ उद्देश्य

उच्च शिक्षा हासिल गर्न ग्रामीण परिवेशबाट सहर आइपुगेका कतिपय नारीहरू आफ्नै प्रेमीबाट लुटिएर वेश्या बन्न बाध्य भएका छन् भने कोही घरको आर्थिक अवस्थालाई सुदृढ बनाउन विदेशिएका श्रीमान्ले खाई-नखाई कमाएर पठाएको धनले सहरमा मोजमस्ती गरेर रमाएको अवस्था छ । कथाकारले समाजमा रहेको यस्तो विषम परिस्थितिको चित्रण गरेका

छन् । समाजमा विद्यमान जातीय भेदभाव, आर्थिक तथा सामाजिक असमानता, सामाजिक विकृति, नारी अस्मिताको महत्त्व, यौनपिपासु पुरुषहरूमा देखिएको निर्दयीता, स्वार्थीपन र अमानवीयतालाई उजागर गरी नारीहरूलाई सचेत गराई स्वच्छ समाजको निर्माण गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

४.२.६.७ निष्कर्ष

प्रस्तुत 'अस्मिता' कथा कथाकार वसन्त पराजुलीको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत छैठौं कथा हो । कथाकारले प्रस्तुत कथामा ग्रामीण क्षेत्रका अबोध नारीहरू सहरी वातावरणमा समायोजन हुने क्रममा भोग्नु परेको समस्या, प्रेमीको झूठो मायाजालमा परेर आफ्नो अस्मिता लुटिएको र यौनपिपासु पुरुषहरूबाट पटकपटक बलात्कृत हुन परेको तितो यथार्थलाई प्रस्तुत गरेका छन् । अर्थोपार्जनका लगि विदेशिएको श्रीमान् परस्त्रीसँग सम्बन्ध राखेकै कारण जेलमा बस्नु परेको, श्रीमान्ले दुःख गरेर पठाएको धनको दुरूपयोग गरी मोजमस्ती गर्ने श्रीमतीहरूको अवस्था, क्षणिक भौतिक सुखका लागि आफ्नै अस्मिता बेच्ने नारीको चरित्रलाई यस कथामा उताएिको छ । नारीअस्मितामाथि खेलवाड गर्ने पुरुषहरूलाई खबरदारी गर्दै नारीअस्मिताको महत्त्व बुझी प्रत्येक नारीलाई सचेत गराउन खोज्नुका साथै जुनसुकै समाजमा पुरुष र नारीका बिचमा रहेका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र व्यक्तिगत शोषणलाई निर्मूल पार्नुपर्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

## ४.२.७ 'नियति' कथाको विश्लेषण

'नियति' कथा कथाकार वसन्त पराजुलीको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत सातौं कथाको रूपमा आएको छ । यो कथा *कुमाता* कथासङ्ग्रहको पृष्ठ ८२ देखि पृष्ठ ९१ सम्मको आयतनमा फैलिएको छ ।

प्रस्तुत कथामा नियतिलाई भाग्य वा प्रारब्धको अर्थको रूपमा प्रयोग गरिएको छ र कथाले सडक बालबालिकाको यथार्थ अवस्थालाई वास्तविक रूपमा प्रस्तुत गरिएको छ । कथाकारले सडक बालबालिका हुनु र तिनीहरूले भोग्नु परेका बाध्यतालाई कथावस्तु बनाएका छन् ।

४.२.७.१ कथानक

'नियति' शीर्षकको कथाको कथानक जेलजीवन काटिरहेको म पात्रबाट सुरु भएको छ । म पात्र यसभन्दा अगाडि पनि चोरीको आरोपमा एक वर्ष कारागार बसेर छुटेकाले यसपटकको

कारागारको बसाईं उसलाई नौलो लाग्दैन । कारागारभित्रको सुताइ, उड्स र उपियाँको चुम्बन, लामखुट्टेको सङ्गीत उसलाई बानी परिसकेको छ । आज उसलाई विगतका कुराले निद्रा परेको छैन ।

बुबा सरकारी कार्यालयको अधिकृत, ममी कुसल गृहिणी, काठमाडौंको बसाइ, सुखको कुनै कमी थिएन । उसको र बहिनीको बोर्डिङ स्कुलको पढाइ पनि राम्रै चलेको थियो । कहिलेकाहीँ ममीले गाली गर्दा बुबाले नानीबाबुलाई गाली गर्ने र पिट्ने होइन, मायाले सम्झाउनु पर्छ भनेर सम्झाउँदा उसलाई ममीले भन्दा बुबाले धेरै माया गर्नुहुन्छजस्तो लाग्थ्यो । म पात्र एघार वर्ष र बहिनी सात वर्षकी हुँदा ममीको क्यान्सर रोगबाट मृत्यु हुन पुग्छ । ममीको मृत्युपश्चात् उनीहरूलाई कहिले घर, कहिले मामाघर राखिनाले पढाइमा निरन्तरता हुँदैन । घरपरिवारको दबाबले बुबाले कान्छी ममी विवाह गर्नुहुन्छ । केही समय त ठिकै हुन्छ तर पछि उनीहरूकै कारणले बुबा र कान्छी ममीबिच दैनिकरूपमा झगडा सुरु हुन्छ । अझ कान्छी ममीले छोरा पाएपछि त बुबाको माया पनि त्यतै सरेको हुन्छ । बुबाको माया पनि पाउन छाडेकाले ऊ बहिनीलाई लिएर मामाघर जान्छ । मामाका छोराछोरी पोसाक लगाएर स्कुल जाँदा उसलाई पनि जान मन लाग्छ । तर पढ्ने आफ्नो भाग्यमा नै नभएको भनेर चित्त बुझाउँछ । दिनहरू बित्दै जान्छन् । मामा वैदेशिक रोजगारीका लागि धेरै वर्ष बाहिर बसेकाले माइजूले अर्कै पुरुषलाई साथी बनाएकी हुन्छे । उसलाई यो मन परेको हुँदैन । त्यसैले माइजूको उसप्रतिको भावमा परिवर्तन आउँछ र चोरीको आरोप लगाई उनीहरूलाई घरबाट निकालिएको हुन्छ । उसलाई आफ्नोभन्दा बहिनीको बढी चिन्ता लागेको हुन्छ र आश्रयको लागि धेरै ठाउँ धाउँछ । कतै पनि आश्रय नपाएपछि सडक पेटीलाई आफ्नो ठेगाना बनाउँछ । बहिनीले भोक लाग्यो भन्दा पसलेसँग खाना माग्दा नदिएपछि पसलको जुठो खानेकुराले बहिनीको भोक तृप्त पारेको हुन्छ । कवाडी बटुल्ने, बेच्ने र खानेकुरा किनेर खाने उनीहरूको दिनचर्या बनेको हुन्छ । उनीहरूजस्तै धेरै बालबालिकाहरूले यसरी नै दिन बिताइरहेका हुन्छन् । एकदिन मोबाइल पसल फोरेर सामान चोरेको अभियोगमा प्रहरीले समातेर पिटेको हुन्छ । सामान चोरेको नस्वीकार्दा पनि उसले एक वर्षको जेल सजाय भोग्नु परेको हुन्छ ।

यसरी कारागारमा एकवर्ष बसेर निस्कँदा वैभवले प्रेमको बहाना बनाई तेह्र वर्षकी उसकी बहिनीलाई गर्भवती बनाएर बेपत्ता भएको थाहा हुन्छ । यो घटनाको कारणले उसलाई साह्रै पीडा हुन्छ । ऊ वैभवलाई खोज्दै पोखरा पुग्छ । उसले बहिनीलाई विवाह गर्न भन्दछ तर

वैभवले मान्दैन । उनीहरूबिच झगडा हुन्छ । म पात्रले नजिकैको ढुङ्गा टिपेर हान्दा वैभवको मृत्यु हुन्छ । त्यसैले अहिले ऊ जेलमा छ । ऊ जेलमा परेदेखि बहिनी पनि भेट्न आएकी छैन । बहिनीको अवस्था सम्झदै ऊ निदाउन पुग्छ । सपनामा निजी अस्पतालमा गर्भपतन गराउन खोज्दा बहिनीको मृत्यु भएको देख्छ र चिच्याउँदै बिउँझन्छ । यसरी कथानक टुङ्गिएको छ ।

४.२.७.२ कथोपकथन

प्रस्तुत कथामा सीमित संवादको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका केही संवादहरू निम्न छन् :

'साथी हो आज हामीलाई पनि सुत्न देऊ न', मैले भनें । बिच्छ्याउनामा सुत्दै गरेको एक जनाले रुखो स्वरमा उत्तर फर्कायो, 'यहाँ ठाउँ छैन । अन्तै जा ।' (पृष्ठ ८६)

'ओ केटा त्यो पैसा ले त !'

'दिन्नँ !'

'साले दिन्नस्' भन्दै भक्कु भकुरेर पैसा लुटेर लग्यो । (पृष्ठ ८९)

'तँ साला सधैं यसरी नै सोच्दासोच्दै मर्छस् ।' मैले उसलाई सम्झाउने प्रयास गरें, 'हेर साथी यस्तै हो कहिलेकाहीं ।'

उसले भन्यो, 'सुत् रात धेरै छिप्पिइसक्यो ।' (पृ.९०)

कथामा छोटा संवादको प्रयोग गरिएका छन् । संवादबाट परिवेशको वस्तुस्थिति सजिलै बुझ्न सकिन्छ । प्रस्तुत संवादले सडक बालबालिका र तिनीहरूको व्यवहारलाई प्रस्ट्याएका छन् ।

४.२.७.३ पात्र/चरित्र

कथालाई प्रवाहमय बनाउन विभिन्न व्यक्तिहरूको चरित्र चित्रण गरिएको छ । यस कथामा उल्लेख गरिएका पात्रहरूको सङ्क्षिप्त चिनारी यसप्रकार रहेको छ :

म पात्र

म पात्र यस कथाको प्रमुख पात्र हो । ऊ एउटा सुखी परिवारमा जन्मिएको बालक हो । आमाको मृत्युपश्चात् बुबाको गैर जिम्मेवारी, सौतेनी आमाको अवहेलना र आफन्तको

हेलचक्र्याइँले सडक बालक बन्न पुग्छ । ऊ संलग्न नभएका विभिन्न प्रकारका घटनाहरूका कारण पनि जेलजीवन बिताउन पुग्ने पात्र हो । ऊ विभिन्न कारण र परिस्थितिले सडक बालबालिका बन्न पुगेका सडक बालबालिकाको प्रतिनिधित्व गर्ने वर्गीय र बद्ध पात्र हो ।

बुबा

प्रस्तुत कथाको म पात्रको बुबा पेसाले अधिकृत स्तरका निजामती कर्मचारीका हुन् । उनले श्रीमतीको मृत्युपश्चात् आफ्ना सन्तानप्रतिको जिम्मेवारी पूरा गर्न सक्दैनन् । उनी यस कथाका गैरजिम्मेवारी र कमजोर पात्रको रूपमा देखिएका छन् । बुबा कथानकअनुसार समय र परिस्थितिअनुसार आफू अनुकूल कार्य गर्न नसक्ने पात्र हो ।

कान्छी आमा

कान्छी आमा म पात्रको आमाको मृत्युपछि बुबासँग विवाह गरेर आएकी सौतेनी आमा हुन् । उनी सौताका छोराछोरीलाई हेला गरी सडक बालबालिका बन्न बाध्य बनाउन तत्पर रहने एक गैर तथा प्रतिकूल पात्रको रूपमा देखिएकी छन् । यिनी नेपाली समाजमा देखिने सौतेनी आमाको व्यवहारको दृष्टान्त प्रस्तुत गर्न सक्षम एक प्रतिनिधि पात्र हुन् । यिनी यस कथाका खलपात्रका रूपमा देखिएकी पात्र हुन् ।

माइजू

प्रस्तुत कथाको म पात्रकी माइजू, म पात्र र उसकी बहिनीको केही समय अभिभावकत्व निभाएकी पात्र हुन् । तर लोग्ने विदेश भएको बेला परपुरुषसँग सम्बन्ध बनाएको र म पात्रको असहमतिको भाव बुझेर म पात्र र उसकी बहिनीलाई विभिन्न दोष लगाई घरबाट निकाल्ने प्रतिकूल पात्रको रूपमा देखाइएको छ । माइजूले आफ्नो इच्छाअनुसारको कार्य गर्न सक्षम हुने भएको र आफ्ना भान्जा-भान्जीको जीवन जे भए पनि होस् भन्ने तर आफ्नो चाहना पूरा गराउन जे पनि गर्न तत्पर रहने खलपात्र हुन् ।

४.२.७.४ देश, काल र परिस्थिति

प्रस्तुत 'नियति' कथा जेलको परिवेशमा लेखिएको छ । यस कथामा म पात्रको माध्यमबाट कथाका विषयवस्तुलाई जेलबाट सुरु भई जेलमा नै टुङ्ग्याइएको छ । प्रस्तुतिका दृष्टिकोणले वृत्तकारीय छ । घरको असामान्य परिस्थितिबाट सडकपेटीलाई आफ्नो ठेगाना बनाउन पुगेका बालबालिकाको चित्रण गरिएको छ । सडकपेटीमा बसेर पेट पाल्नका लागि माग्ने र

चोरी गर्ने त्यसमा पनि टोली नाइकेबाट सताइने अवस्थाको चित्रण गरी असहाय सडक बालबालिकाहरूको त्रासदपूर्ण परिस्थितिलाई देखाइएको छ । यो कथा नेपाली समाजको यथार्थ उदाहरण हो । देशमा यसप्रकारका समस्या जहाँतहीँ देख्न सकिन्छ । कथाकारले यस कथामा आफू वरपरको अवस्थितिलाई जस्ताको तस्तै टिपेर यथार्थरूपमा चरित्रचित्रणका माध्यमबाट प्रस्तुत गरेकाले यसको वास्तविकता यथार्थरूपमा चित्रित भएको छ ।

### ४.२.७.५ भाषाशैली

यस कथामा कथामा सरल, सहज र पात्रअनुसारको भाषा चयन गरिएको छ । वाक्यमा उच्च आदरार्थीदेखि निम्नस्तरको भाषा प्रयोग गरिएको छ । कथामा घटना प्रस्तुत गर्ने शैली रोचक र आकर्षक छ । कथामा कारुणिक भाव प्रकट भएको छ । जेलबाट थालिएर जेलमा नै टुङ्गिएको प्रस्तुत कथा वृत्तकारीय ढाँचाको छ । प्रथमपुरुष कथनपद्धतिमा संरचित प्रस्तुत कथा संस्मरणात्मक शैलीमा लेखिएको छ ।

### ४.२.७.६ उद्देश्य

प्रस्तुत 'नियति' कथामा कथाकार वसन्त पराजुलीले उचित संरक्षणको अभावमा सडकमा आएर दयनीय जीवन बिताउन विवश बनेका बालबालिकाहरूको अवस्थालाई चित्रण गरी त्यतापट्टि सबैले ध्यान दिनुपर्छ भन्ने सन्देश दिन खोजेका छन् । सडक बालबालिका हुनुमा कतै न कतै हामी सबै दोषी छौँ । उनीहरूलाई सडकमा पुऱ्याउन प्रायः हामी सबै नै प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारले दोषी छौँ । यस कथामा पनि आमाको निधन भएपछि बाबुको हेलचेक्र्याइँ र सौतेनी आमाको प्रताडना सहन नसकेर आश्रय लिनका लागि मामाको घरमा पुगेका हुन्छन् तर माइजूको कारण नै दाजुबहिनी सडक बालबालिका बन्न पुग्छन् । प्रत्येक व्यक्तिको बाँच्ने अधिकार छ तर बाँच्नका लागि हामी सबैले उचित वातावरणको सिर्जना गर्नुपर्दछ । समाजमा रहेका यस्ता असहाय बालबालिकाको मार्मिक अवस्थाको चित्रण गरी प्रत्येक बालबालिकाको जिजीविषालाई संरक्षण गर्न सम्बन्धित पक्षलाई सचेत गराउनु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.७.७ निष्कर्ष

प्रस्तुत कथामा सडक बालबालिकाको जीवनकथालाई सचित्र उतारिएको छ । कथाकारले कथा निर्माणका लागि आवश्यक तत्त्वहरूको उचित संयोजन गरेका छन् । कुनै पनि

बालबालिका सडकपेटीमा भौँतारिनुको पछाडि विभिन्न कारकतत्त्वहरू रहेका हुन्छन् । कथाकारले 'नियति' शीर्षकको कथाका माध्यमबाट एउटा सुखी परिवार कसरी भताभुङ्ग हुन पुग्दछ भन्ने कुरालाई दर्शाएका छन् । आमाको मृत्युपश्चात् बाबुको गैर जिम्मेवारी, सौतेनी आमाको अवहेलना र आफन्तहरूको बेवास्ताले राम्रा घरानका बालबालिकाहरू पनि सडकको पेटीमा भौँतारिएर कष्टकर जीवन बिताउन बाध्य बनेका छन् । कथाकारले यसैलाई नियतिको खेलको संज्ञा दिँदै कथाको शीर्षक नै 'नियति' राखेका छन् । कथामा श्रीमान् जीवन निर्वाहका लागि धन कमाउन वैदेशिक रोजगारमा गएको र श्रीमतीले परपुरुषसँग सम्बन्ध बढाएको प्रसङ्गलाई जोड्दै समाजमा हुने गरेका विसङ्गति र विकृतिलाई पनि उजागर गरी सचेत बनाउन खोजिएको छ ।

## ४.२.८ 'उकुच' कथाको विश्लेषण

'उकुच' कथा कथाकार वसन्त पराजुलीद्वारा लिखित *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत आठौँ कथा हो । प्रस्तुत कथा कथासङ्ग्रहको पृष्ठ ९३ देखि पृष्ठ ९६ सम्मको आयतनमा फैलिएको छ । कथाकार पराजुलीले एकपटक निको भई फेरि उकल्चेको उकुच घाउजस्तै श्रीमान् र श्रीमतीको सामिप्य र आवश्यकतालाई जोड्न खोजेका छन् । यस कथामा आर्थिक अवस्था कमजोर भएका कारण आफ्नै घर बनाउने सपना सजाएर श्रीमान् वैदेशिक रोजगारमा पुग्न विवश हुन्छ भने घरमा रहेकी श्रीमतीमा उद्घाटित यौनमनोविज्ञानलाई राम्रोसँग प्रस्तुत गरेका छन् । यस कथामा गरिबीका कारण बच्चाबच्चीको सानातिना आवश्यकता पनि पूरा गर्न असमर्थ आर्थिक अवस्थालाई प्रस्तुत गरिएको छ । यो कथा नेपाली समाजको यथार्थ आर्थिक प्रतिबिम्ब प्रस्तुत गर्न सक्षम सामाजिक यथार्थवादी कथा हो ।

### ४.२.८.१ कथानक

यस कथाको सुरुआत म पात्रबाट भएको छ । आज उसलाई पटक्कै निद्रा परेको छैन । छोरो मानवलाई एक हप्तादेखि ज्वरो आएको र तीन दिन अस्पताल राखेर ल्याउँदा पनि निको भएको हुँदैन । उसका मनमा अनेक तरङ्ग खेलिरहेका हुन्छन् । श्रीमान् विदेश गएको चार वर्ष भईसकेको छ । मन्दीले तलब घटेको, मलेसिया जाँदाको ऋण, छोराछोरीलाई पढाउने र घर बनाउने सपना आदिले घर आउन सकेको छैन । कान्छीको परिवारले र माथिल्लो घरका ठुल्दाजुले नेपालमै व्यवसाय गरेर सुखसँगै परिवार पालिरहेका छन् । उसलाई पनि स्वदेशमा नै श्रीमान्सँगै सुखदुःख गरेर बस्न मन लाग्छ ।

श्रीमान् विदेश गएको तीन महिनापछि शल्यक्रिया गरी झिकिएको छोराले म्यासेन्जरमा बाहेक बाबा देखेको छैन । प्रसूती व्यथाले छट्पटाउँदा उसले श्रीमान्को आवश्यकता महसुस गरेकी हुन्छे । आफ्नो शल्यक्रिया गर्ने बेलामा एक्लै भएको र पल्लो बेडकी आफूसँगै शल्यक्रिया गरेर बच्चा झिकिएकी अस्मितालाई उसको श्रीमान्ले गरेको स्याहार देख्दा आफ्नो श्रीमान् साथमा भैदिएको भए यसरी नै स्याहार गर्नुहुन्थ्यो होला भनेर सम्झन्छे । उसले श्रीमान्सँग बिताएका क्षणहरूको मिठो सम्झना गर्छे । ऊ उमेर पुगेकी वयस्क महिला हो । उसका पनि धेरै इच्छा र चाहना छन् । वयस्कमा पूरा गर्न नपाएका इच्छा र चाहनालाई कहिले पूरा गर्ने ? राम काकाको जस्तै काका नभएको बेलामा काकीले दोस्रो विवाह गरेको सम्झन्छे । तर उसले त्यस्तो सोच्न पनि सक्दिन । श्रीमान्ले मलेसियाको प्रचण्ड गर्मीमा मिहिनेत गरेको र उसप्रतिको विश्वासलाई म पात्रले कहिल्यै पनि घात गर्न सक्दिन । यत्तिकैमा कथानक समाप्त हुन्छ ।

४.२.८.२ पात्र/चरित्र

प्रस्तुत कथामा म पात्रको प्रमुख भूमिका रहेको छ । कथानकलाई गति दिनका लागि म पात्रको श्रीमान्, छोरो, कान्छी, ठुल्दाजुजस्ता सूक्ष्म पात्रको संयोजन गरिएको छ । उनीहरूको चरित्रचित्रणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

म पात्र

म पात्र यस कथाकी प्रमुख नारीपात्र हो । ऊ सन्तुलित ढङ्गले मनोविकास भएकी पात्र हो । ऊ अहिले छोरो बिरामी भएर चिन्तित छे । उसले जीवनका हरेक परिस्थितिमा श्रीमान्को साथको चाहना राख्छे । ऊ श्रीमान्को स्मरण गर्दै उसैको सम्झनामा रात बिताउन विवश नेपाली नारीहरूको प्रतिनिधि पात्र हो । ऊ वयस्क अवस्थामा भएका चाहना पूरा गर्नका निमित्त विदेशिएको लाग्नेलाई घात गर्न नचाहने अनुकूल र बद्ध पात्र हो ।

म पात्रको श्रीमान्

गरिबीका कारण गर्भवती श्रीमतीलाई छाडेर सन्तानको उज्ज्वल भविष्यको चाहना राख्दै विदेशिएका म पात्रको श्रीमान् यस कथाको पुरुष पात्र हो । ऊ धन कमाएर छोराछोरी पढाउने र एउटा राम्रो घर बनाएर बस्ने सुन्दर सपना बोकेर विदेशिने पुरुषहरूको प्रतिनिधित्व गर्ने वर्गीय, बद्ध र अनुकूल पात्र हो ।

४.२.८.३ देश, काल र परिस्थिति

यस कथामा म पात्र विवाह गरेर घर आएदेखिको चार/पाँच वर्षको समयलाई पृष्ठभूमि बनाइएको छ । प्रस्तुत कथामा कथाकारले वयस्क नारीपात्रको मनोदशालाई यथार्थपरक ढङ्गबाट चित्रण गरेका छन् । गरिबीका कारण श्रीमान् विदेशिनु परेको र एउटा महिलाले जीवनका हरेक मोडमा साथ दिने श्रीमान् नहुँदा भोग्नु परेको समस्यालाई यस कथामा देखाइएको छ । छोरो पढाउने र घरबनाउने धन कमाउन परिवारलाई नै एक्लै छाडेर विदेशिनु परेको श्रीमान् र एक्ली वयस्क नारीले भोग्नु परेको परिस्थितिलाई यस कथामा उतारिएको छ ।

४.२.८.४ भाषाशैली

प्रस्तुत 'उकुच' कथा सरल, सहज नेपाली भाषा तथा क्रमबद्ध शैलीमा लेखिएको छ । कथामा पात्र र परिस्थितिअनुसारको भाषा चयन गरिएको छ । कथा संस्मरणात्मक शैलीमा संरचित छ । यस कथामा वयस्क नारीको मनोदशालाई कलात्मक रूपमा विश्लेषण गरिएको छ । प्रस्तुत कथामा विरहयुक्त कविताको पनि प्रयोग गरिएकाले कथाको गरिमालाई अझ प्रभावकारी बनाएको देखिन्छ । प्रस्तुत कथा सरल, सहज र सम्प्रेष्य भाषामा लेखिएकोले बोधगम्य छ ।

४.२.८.६ उद्देश्य

प्रस्तुत कथामा कथाकार पराजुलीले गरिबीका कारण वैदेशिक रोजगारीका लागि विदेशिएका कैयौँ नेपालीका परिवारको पीडालाई उतारेका छन् । छोराछोरीलाई राम्रो शिक्षा दिन र गाँस, बास र कपासको राम्रो व्यवस्था गर्नका लागि विदेशिनु पर्ने अवस्था र विदेशिएका परिवारले भोगेका समस्याहरूलाई यस कथामा प्रस्तुत गरिएको छ । त्यस्तै विदेशिएका लोग्नेलाई सम्झेर रात बिताउन बाध्य भएका पत्नीको यौनमनोदशालाई उजागर गर्नु यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

४.२.८.७ निष्कर्ष

प्रस्तुत 'उकुच' कथामा कथाकार परजुलीले गरिबीका कारण वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता र परिवारले भोगेको समस्यालाई कथाका माध्यमबाट प्रस्ट्याउन खोजेका छन् । छोराछोरीलाई राम्रो शिक्षा दिने र एउटा राम्रो घर बनाउने सपना बोकेर विदेशिएका

श्रीमान्लाई सम्झेर रात बिताउने श्रीमतीको यौनमनोदशालाई पनि यस कथाले यथार्थ रूपमा प्रस्तुत गरेको छ । त्यस्तै घर-व्यवहारमा पटकपटक श्रीमान्को आवश्यकता खड्किएको अवस्थाको चित्रण प्रस्तुत गरी कथामा शीर्षकलाई सार्थक तुल्याइएको छ ।

## ४.२.९ 'दसैँ' कथाको विश्लेषण

प्रस्तुत 'दसैँ' कथाकार वसन्त पराजुलीद्वारा लिखित *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत नवौँ कथा हो । प्रस्तुत कथाले *कुमाता* कथासङ्ग्रहको पृष्ठ ९७ देखि पृष्ठ १०२ सम्मको आयतन लिएको छ । दसैँ हिन्दुहरूको महान चाड हो । हुनेखानेदेखि हुँदाखानेसम्ममा दसैँले पारेको प्रभावलाई विषयवस्तु बनाएर कथाकारले यहाँ प्रस्तुत गरेका छन् । यस कथामा गरिबीका कारण आफ्ना परिवारका बालबालिकाले दसैँको अवसरमा माग गर्ने सानातिना आवश्यकतालाई पनि पूरा गर्न असमर्थ नेपाली समाजको दुर्दशालाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गर्न कथाकार सक्षम भएका छन् । कथा पढ्दै जाँदा पाठकमा गरिब परिवारको अवस्था सम्झेर गम्भीर बन्न पुग्ने हुनाले कथाले हरकोहीलाई द्रवित तुल्याउन सक्षम भएको छ । कथाले गरिबीका कारण परिवारका सदस्य विदेश पलायन हुनु र विदेशमा गएका मानिस विभिन्न परिवन्दमा परेर विभिन्न प्रकारका समस्यामा पुग्नाले उसको परिवारमा उत्पन्न हुने पीडाको सजीव चित्रण गरेकाले यो कथा यथार्थपरक र वास्तविक धराधतमा पुगेर कथाकारले लेखेका हुन् भन्न सकिन्छ ।

### ४.२.९.१ कथानक

प्रस्तुत 'दसैँ' कथाको कथानक दसैँको चहलपहलबाट नै सुरु भएको छ । दसैँ नजिकिँदै आएकोले वस्तीमा घरहरू कमेरो र रातोमाटाले पोतेर रङ्गी-विरङ्गी बनाइएका छन् । चौबाटोमा राखिएका पिङहरू खेलेर रमाउने पनि धेरै छन् । स्वदेश तथा विदेशमा भएका आफन्तहरूको जमघट, बूढाबूढीदेखि केटाकेटीसम्म नयाँ लुगा किन्ने र खसी-बोका ल्याउने भइरहेको हुन्छ । तर कोपिलाको घरले दसैँको चहलपहल पाउन सकेको छैन । खरको छानो भएको, खडाइले बारेको घरमा बसेकी कोपिलाका तीन छोराछोरी छन् । कान्छी छोरीले अरूको घरको दसैँको चहलपहल देखेर ममीलाई कपडा किनिदिन जिद्दी गर्छे । ज्याला-मजदुरी गरेर बिहान-बेलुकाको छाक टार्न गह्रो परेको बेला छोरीको जिद्दीले उसलाई रिस उठ्छ र छोरीलाई एक चड्कन लगाउँछे तर पछि पश्चात्ताप गर्छे ।

२०५७ सालको बाढीले विस्थापित हुन पुगेको कोपिलाको परिवार दैनिक ज्याला-मजदुरी गरेर सुखदुःखमा रमाएकै हुन्छ । कोपिलाको श्रीमान् रोहितलाई विदेश गएर धन कमाएर ल्याउने इच्छा जाग्छ तर कोपिलाले मान्दिन । श्रीमान्ले फकाएपछि गहभरि आँसु लिएर वृद्ध भएका बाबुआमा र कोपिलाले रोहितलाई बिदा गरेका हुन्छन् । रोहित मलेसिया पुग्छ र कोपिलालई फोन गर्छ । रोहित गएको चार महिनासम्म त राम्रै कमाइ गरेर केही ऋण तिरिसकेको हुन्छ । एक दिन रोहितले आफ्नो साथीको हत्या गरेको अभियोगमा पक्राउ परेको खबर आउँछ । यस्तो खबरले कोपिला बेहोस हुन्छे । बिउँझदा आफूलाई अस्पतालको बिछ्यौना पाउँछे । उसलाई उडेर मलेसिया नै जाउँजस्तो लाग्छ तर सम्भव हुँदैन ।

अहिले रोहित आफ्नै साथी मारेको अभियोगमा जेलमा छ । वृद्ध बुबाआमा छोराको पीडाकै कारण एक वर्षमा नै परलोक भइसकेका हुन्छन् । कोपिलाले आफ्नो श्रीमान्को रिहाइको माग गर्दै जिल्ला प्रशासनदेखि परराष्ट्र मन्त्रालयसम्म पुग्छे तर कतैबाट पनि न्याय पाउन सकेकी छैन । कमाउने श्रीमान् विदेशी भूमिको जेलमा रहेकोले छोराछोरीको पढाइ र लालन-पालन एक्लै गर्नु परेको छ । गरिबीका कारण उसले आफ्ना छोराछोरीको इच्छा पूरा गर्न सकेकी छैन । ज्याला-मजदुरी गरेको पैसाले बिहान-बेलुका छाक टार्न गाह्रो परेको छ । छिमेकीका जडौरीले छोराछोरीको लाज ढाक्नुपर्ने अवस्थामा उसलाई के दसैँ, के तिहार भएको छ । यसरी विगतका घटनाहरूलाई सम्झँदै कथानक टुङ्गिएको छ ।

४.२.९.२ कथोपकथन

प्रस्तुत ‘दसैँ’ कथामा सीमित संवादको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका संवादहरू निम्नलिखित छन् :

‘ममी, नयाँ नाना कहिले किन्ने ?’, प्रियाले के भनेकी थिई कोपिलाले उत्तर फर्काई, ‘किनौँला नि छोरी !’ (पृष्ठ ९७ )

‘सरुको घरमा त बाबाले खसी पनि किनिसक्नुभयो । हाम्रो कहिले किन्ने नि ?’

‘हेर छोरी सरुको बाबा यहाँका ठूला व्य(?)पारी हुन् । उनलाई खसी किन्न कुनै गाह्रो छैन । हामी गरिब छौँ । खसी किन्न सक्दैनौँ ।’ (पृष्ठ ९८)

श्रीमान्को फोनले कोपिला खुसीले फुरुङ्ग भई । हास्तै भनी, ‘कतिखेर पुग्नुभयो नि ?’

‘एक घण्टा भयो मलेसिया आ’को । भोलिबाट काममा जाने रे !’ (पृ १००)

प्रस्तुत कथामा प्रयोग भएका संवादहरू सरल, सहज र बोधगम्य छन् । संवादबाट गरिबीका कारण घरव्यवहारमा भएको अभाव, दसैँ-तिहारजस्ता पर्वमा आफ्ना छोराछोरीलाई खुशी दिन नसकेको पीडाको सजीव चित्रण भएको छ ।

४.२.९.३ पात्र/चरित्र

प्रस्तुत कथामा कोपिला, रोहित, कान्छीजस्ता पात्रको कार्यव्यापारबाट कथानक अगाडि बढेको छ । यिनै पात्रहरूको माध्यमद्वारा कथाकारले हाम्रो समाजले पुरुष र नारीलाई हेर्ने छुट्टाछुट्टै दृष्टिकोणलाई प्रस्तुत गर्दै पुरुष प्रवृत्तिले नारीमा पर्ने मानसिक असरहरूलाई देखाएका छन् । यसका पात्रहरूमध्ये मुख्य भूमिकामा रहेका केही पात्रहरूको चरित्रचित्रण यहाँ प्रस्तुत गरिएको छ :

कोपिला

कथामा विषयवस्तु र परिवेशअनुरूपका पात्रहरू आएका छन् । यस कथाका पात्रहरू केही प्रत्यक्ष र केही परोक्ष रूपमा आएको देखिन्छ । कोपिला यस कथाकी प्रमुख स्त्री पात्र तथा नायिका हो । कथा उनकै केन्द्रीयतामा विकसित भएको छ । ऊ तीन सन्तानकी आमा हो । लोग्ने विदेशी भूमिमा जेलजीवन बिताइरहेको र सासू-ससुरा त्यही पीडाले परलोक भइसकेकाले ऊ असहाय र दुःखी छ । ऊ दिनभरि ज्याला-मजदुरी गरेर जीवन निर्वाह गरिरहेकी निम्नवर्गीय परिवारकी भन्ने विचार भएकी, सन्तानको उज्ज्वल भविष्य चाहने एक आदर्श आमा र नारीपात्रको रूपमा चित्रित छे । ऊ वर्गीय, बद्ध र अनुकूल पात्र हो ।

रोहित

रोहित प्रस्तुत कथाको पुरुष पात्र हो । ऊ कोपिलाको श्रीमान् र तीन सन्तानको बाबु हो । ऊ छोराछोरी पढाउने र घरको आर्थिक अवस्था सुदृढ बनाउने मिठो सपना बोकेर धन कमाउन विदेशिएको हुन्छ । आफ्नै साथी मारेको अभियोगमा विदेशी भूमिमा जेलजीवन बिताउन बाध्य भएको निरिह तथा कमजोर पात्रको रूपमा चरित्र चित्रण गरिएको छ ।

प्रिया

'दसैँ' शीर्षकको यस कथामा प्रिया कोपिलाकी छोरी हो । ऊ उमेरले पाँच वर्ष पुगेकी चञ्चल स्वभावकी छ । छिमेकमा साथीहरूले दसैँका लागि कपडा र खसी किनेको देखेर उसले पनि ममीलाई किनिदिन आग्रह गर्दछे । उसलाई बालहठ भएकी निम्नवर्गीय

परिवारकी अबोध बालिकाको रूपमा चरित्रचित्रण गरिएको छ । कथामा उनको भूमिका त्यति सबल नभए तापनि प्रमुख पात्रको चरित्रलाई समर्थन गर्ने देखिन्छ ।

### ४.२.९.४ देश, काल र परिस्थिति

प्रस्तुत 'दसैँ' शीर्षक कथा समयको हिसाबले हेर्दा २०५७ सालको बाढीबाट विस्थापित हुनुपरेको समय र त्यस समयको हाम्रो नेपाली समाजको चित्रण पाइन्छ । यो कथा नेपाली ग्रामीण जनजीवनलाई कार्यपीठ बनाएर लेखिएको छ । दसैँले हुनेखाने कहाँ उत्साह र उमङ्ग ल्याएको छ । बच्चादेखि बूढाबूढीसम्मले नयाँ लुगा फेर्ने मिठो-मसिनो खाने र रमाउने गर्दछन् । तर कोपिलाको घरमा दैनिक ज्याला-मजदुरी नगरी साँझ-बिहानको छाक टार्न गाह्रो भएको छ । धन कमाउन विदेशिएको श्रीमान् विदेशी भूमिमा जेलजीवन बिताइरहेको छ । आर्थिक विपन्नताका कारण दयनीय जीवन बिताउन विवश, घरव्यवहारमा भोग्नु परेका कठिनाइ, दसैँजस्तो पर्वमा पनि छोराछोरीलाई दिन नसकेको पीडा, वैदेशिक रोजगारीको समस्याजस्ता यथार्थ परिस्थितिलाई यस कथाले सचित्र उतारेको छ ।

### ४.२.९.५ भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र पात्रको स्तरअनुसारको भाषाको प्रयोग गरिएको छ । कथाकार पराजुलीले पात्रको करुण पुकारलाई सरल भाषाशैलीमा प्रस्तुत गरी कथालाई चित्ताकर्षक बनाएका छन् । कथामा रैखिक तथा क्रमबद्ध शैलीको प्रयोग गरिएको छ । प्रस्तुत कथामा कोपिलाको जीवन कथालाई तृतीयपुरुष कथनपद्धति प्रयोग गरी संरचना गरिएको छ । कथामा प्रयुक्त घटनाले पाठकको मनमा गहिरो प्रभाव पार्छ । कथामा सीमित संवादको प्रयोग गरिएको छ । प्रत्यक्षकथन जनाउका लागि एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ । कथाले निम्नवर्गका परिवारको मनोदशालाई यथार्थ प्रस्तुत गर्न सफल भएको छ ।

### ४.२.९.६ उद्देश्य

'दसैँ' कथा वर्गीय समाजमा आधारित भएर लेखिएको छ । प्रस्तुत कथामा कथाकार पराजुलीले समाजमा विद्यमान आर्थिक असमानताका कारण विदेशिनु पर्ने बाध्यता, सामाजिक आडम्बर, परम्परागत संस्कार, निम्नवर्गीय समाजले भोग्नु परेका समस्याको यथार्थ बोध गराउन खोजेका छन् । श्रीमान् विदेशी भूमिमा जेलजीवन बिताइ रहेको अवस्थालाई चित्रण गरी विदेशिएका नेपालीहरूले भोग्नु परेका परिस्थितिलाई देखाउन

खोजिएको छ । श्रीमान्को रिहाइको माग गर्दै जिल्लादेखि मन्त्रालयसम्म हारगुहार गर्दा पनि सुनुवाइ नभएको अवस्थाको चित्रण गरी विद्यमान न्याय तथा प्रशासनिक क्षेत्रमा भएको ढिलासुस्ती, अनियमितता तथा भ्रष्टचारलाई उद्घाटन गर्नु पनि यस कथाको अर्को उद्देश्य रहेको छ ।

४.२.९.७ निष्कर्ष

'दसैं' कथा नेपालीहरूको महान् चाड दसैंको परिवेशलाई कार्यपीठ बनाएर लेखिएको छ । ग्रामीण जनजीवनमा दसैं पर्वले ल्याएको खुशीसँगै विपन्न परिवारले भोग्नु परेको दयनीय अवस्थालाई कथामा सचित्र उतारिएको छ । हुनेखाने र हुँदाखानेबिचको असमानता, दसैंजस्तो पर्वमा आफ्ना बालबालिकालाई खुशी दिन नसक्नुको पीडा, आर्थिक अवस्थालाई बलियो बनाउन विदेशिएका नेपालीले विभिन्न लाञ्छनामा परेर विदेशी भूमिमा जेल जीवन बिताउन परेको र परिवारले सामना गर्नुपरेको अवस्थालाई यस कथाले यथार्थ प्रस्तुत गरेको छ । देशको विद्यमान प्रशासनिक ढिलासुस्ती, न्यायिक तथा प्रशासनिक क्षेत्रमा भएको अनियमितता, देशको बढ्दो बेरोजगारीको समस्याजस्ता कुरालाई पनि कथाकारले यस कथाको माध्यमबाट औंल्याएका छन् ।

## ४.२.१० 'दोषी को ?' कथाको विश्लेषण

'दोषी को ?' कथा कथाकार वसन्त पराजुलीको *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत दशौं तथा अन्तिम कथा हो । कथाकार पराजुलीले कथामा आफ्नो कमजोरीलाई ऐन मौकामा व्यक्त गर्न नसक्दाको अन्यौलपूर्ण अवस्थाबाट भोग्नु परेको दुस्परिणामको दोषी को हो ? भनी प्रश्न गरेका छन् । यस कथाको फैलावट *कुमाता* कथासङ्ग्रहको पृष्ठ १०३ देखि पृष्ठ ११२ सम्म रहेको छ ।

४.२.१०.१ कथानक

यस कथाको सुरुआत म पात्रबाट भएको छ । ऊ मानसिक रोगले ग्रस्त भएर उपचार गर्न चिकित्सक कहाँ आएकी छे । ऊ सधैं एउटै समस्या लिएर चिकित्सक कहाँ आउने र औषधि खाने रुटिन बनिसकेको छ । अहिले उसको श्रीमान् र एउटी छोरी छन् । सात वर्षअगाडि एक्काइस वर्षको वयस्क उमेरमा सामाजिकपरम्पराअनुसार उसको विवाह भएको थियो । उसले जन्मघर छाडेर जाँदाको पीडा र कर्मघरको प्रवेशसँगै श्रीमान्सँगको सम्बन्धको मिठो

कल्पना बोकेकी हुन्छे । मनमा साथीहरूले विवाहको पहिलो दिनको सुहागरातको बारेमा बताएका कुराले उत्साही बनेकी म पात्र श्रीमान्सँगको सामिप्यमा त्यस्तो कुनै व्यवहार भेटाउँदिन । विवाहको पहिलो रात नै विपरीत दिशातर्फ फर्किएर सुतेको श्रीमान्लाई लाज र डर पन्छाएर आफै जिस्काउँदा थाकेको कुरा देखाएर पन्छिन्छ । एक दिन, दुई दिन गर्दै महिना बितिसक्दा पनि श्रीमान्ले अनेक बहाना बनाएर पन्छिएको देखेर उसका मनमा अनेक कुरा खेल्न थाल्दछन् ।

ऊ वयस्क युवती हो । उसका पनि धेरै इच्छा-चाहना हुन्छन् । साथीहरूले जिस्काउँदा, घर र माइतीपक्षले जायजन्मको इच्छा व्यक्त गर्दा केही बोल्न सक्दिन । विवाह गरेको तीन वर्ष भइसक्दा पनि श्रीमान्ले उसलाई छोएको पनि छैन । श्रीमान् र आफ्नो सम्बन्धका बारे कसैलाई भन्न पनि सक्दिन । उसले सहवासकै लागि परपरुषसँग सम्बन्ध राख्न समाजले स्वीकृति दिँदैन । फेरि पतिपत्नीबिचको कमजोरी र गल्तीलाई पनि समाजले महिलाकै पोल्टामा हाल्ने गरेको हुन्छ ।

एकदिन फिलिम हेर्न गएको बेला आकाशसँग भेट हुन्छ र कुराकानी हुन्छ । उनीहरू फेसबुकमा साथी बनेका हुन्छन् । म्यासेन्जरमा कुराकानी गर्दागर्दै उनीहरू शारीरिक सम्बन्ध कायम गर्ने अवस्थासम्म पुग्दछन् । यही सम्बन्धले ऊ गर्भवती हुन्छे । यो कुरा थाहा पाएर पनि श्रीमान्ले गर्भ स्वीकार्छ । उसलाई श्रीमान्ले परपुरुषको सम्बन्धले समाजले वेश्याको खोल लगाउने हुँदा यस्तो गर्नु हुँदैन भनेर मात्र सम्झाउँछ । ऊ गर्भवती भएको कुरा घरका सबैले थाहा पाउँछन् र खुशी हुन्छन् ।

गर्भमा बच्चा रहेपछि आकाशले छाडेर जान्छ । उसको छोरी जन्मिन्छे । छोरी पनि मन्टेश्वरी जाने भइसकेकी हुन्छे । श्रीमान्को आफ्नै पशुपालन व्यवसाय हुन्छ । एकदिन छोरी मन्टेश्वरी पुऱ्याएर फर्कदा सुशीलले उसलाई लिफ्ट दिएको हुन्छ । त्यसपछि उसको सम्बन्ध बढ्न थाल्छ । उसले श्रीमान्बाट पाउन नसकेको यौनसन्तुष्टि आकाशसँग र अहिले सुशिलसँग लिदैँछे । सुशीलसँगको सम्बन्ध लामो समयसम्म नटिकेपछि उसले धेरै पाटनर फेर्न थाल्छे ।

यति हुँदासम्म पनि उसको श्रीमान्ले ऊसँग सम्बन्ध राखेको हुँदैन र म पात्रले अहिलेसम्म कारण पनि थाहा पाउन सकेकी छैन । आज बल्ल उसको श्रीमान्ले रक्सीको मातमा लर्बराउँदै आफू तेस्रो लिङ्गी भएकोले श्रीमतीको चाहनालाई पूरा गर्न नसकेको बताउँछ ।

उसलाई छानाबाट खसेजस्तो हुन्छ । आफ्ना यौनचाहना पूरा गर्ने परपुरुषसँगको सम्बन्धले उसलाई मनोरोगी बनाएको छ । यत्तिकैमा कथानक टुङ्गिएको छ ।

४.२.१०.२ कथोपकथन

प्रस्तुत कथामा सीमित संवादको प्रयोग भएका छन् । संवादहरू थोरै भए पनि केही लामा छन् । तीमध्ये केही संवादहरू यसप्रकार रहेका छन् :

एक दिन उसले मलाई भने, 'हेर जे भए नि तिमी र म समाजका अगाडि श्रीमान्-श्रीमती हौँ । यो कुरा हामी हाम्रा परिवारलाई होइन भन्न पनि सक्दैनौँ । तर तिम्रो यो सङ्गतले त राम्रो गरेन नि ।'

श्रीमान्को यस्तो प्रतिक्रिया आएपछि मैले पनि भनेँ, 'हेर कुनै पनि महिलाको इच्छा-चाहना हुन्छन् । के तिमीले त्यो पूरा गर्न सक्यौ । तिमीले पूरा नगरेको इच्छा-चाहनाहरू त मैले आकाशबाट लिएको हुँ । मैले के गल्ती गरेँ ? के महिलाका इच्छा चाहना पूरा गर्न पर्दैन ?' (पृ. १०९-११०)

उनले रक्सीको मातमा लरबराउँदै भने, 'हेर मैले तिम्रा इच्छा-चाहनाहरू पूरा गराउन सकिनँ । त्यो सक्दिन पनि ।'

'किन ?' आश्चर्य मान्दै मैले सोधेँ ।

तिमी जान्न चाहन्छौ सुन : म तेस्रो लिङ्गी हुँ । तेस्रो लिङ्गी । मैले तिम्रा चाहनाहरू पूरा गर्न सक्थिन ।' (पृ. ११२)

उल्लिखित संवादहरू तेस्रो लिङ्गी पुरुषले आफ्नी श्रीमतीलाई आफ्नै कमजोरीले लाचार भएर दिएको अभिव्यक्ति छ । आफ्नो चढ्दो जवानी भएकी वयस्क विवाहित युवतीले यौनचाहना पूरा गर्न परपुरुषको सहारा लिनुपर्ने बाध्यता र विवशतालाई यी संवादहरूले दर्शाएका छन् । संवादहरू सरल र बोधगम्य छन् ।

४.२.१०.३ पात्र/चरित्र

प्रस्तुत कथामा म नारीपात्र र उसको श्रीमान् प्रमुख पात्रको रूपमा रहेका छन् भने प्रकाश सहायक पात्र र सुशील गौण पात्रको रूपमा रहेका छन् । यस कथामा प्रस्तुत भएका केही चरित्रहरूको चरित्रचित्रण निम्नानुसार प्रस्तुत गरिएको छ :

म पात्र

प्रस्तुत कथामा म पात्र प्रमुख नारीपात्र हो । सम्पूर्ण कथानक म पात्रको केन्द्रीयतामा विकसित भएको छ । म पात्र उमेरले एक्काइस वर्षकी वयस्क युवती हो ऊ जवान भएकै कारण श्रीमान्सँग यौनचाहना राखेकी हुन्छे । तर विवाह भएको तीन वर्षसम्म पनि श्रीमान्ले शारीरिक सम्बन्ध नराखेकाले कुण्ठित छ । यसबारे उसले कसैलाई पनि भन्न सक्दिन । उसले आफ्नै श्रीमान्लाई सोधेर जानकारी लिन पनि सकेकी छैन । बरू परपुरुषसँग सम्बन्ध राखेर यौनचाहनालाई तृप्त पारेकी हुन्छे । आफ्नै श्रीमान् साथमा भएर पनि आफ्ना चाहना पूरा गर्न नसकेकाले परपुरुषसँग सम्बन्ध राख्न पुगेकी मनोरोगी नारीपात्र हो ।

श्रीमान्

यस कथाको म पात्रको श्रीमान् तेस्रो लिङ्गी हो । उसको शारीरिक संरचना पुरुषको जस्तो भएर पनि पुरुषत्व जनाउने अङ्गको विकास भएको हुँदैन । उसले आफू तेस्रो लिङ्गी भएको कुरा श्रीमतीलाई पनि भनेको हुँदैन । श्रीमतीको पेटमा भएको परपुरुषको गर्भलाई पनि स्वीकारेको हुन्छ । ऊ आफै शारीरिक रूपले ठगिएको र शारीरिक पूर्णता पाएकी युवतीलाई ठगेको निरीह, बद्ध र प्रतिकूल पात्र हो ।

आकाश

आकाश म पात्रसँग अवैध सम्बन्ध राख्ने अर्धवयस्क पुरुष पात्र हो । ऊ अर्काकी पत्नीलाई गर्भवती बनाएर भागेको हुन्छ । ऊ आफ्नो परिवार हुँदाहुँदै पनि परस्त्री गमन गर्ने प्रतिकूल पात्रको रूपमा चरित्र चित्रण गरिएको छ ।

४.२.१०.४ देश, काल र परिस्थिति

'दोषी को ?' शीर्षकको कथा एउटी वयस्क नारीको यौनमनोदशालाई कार्यपीठ बनाएर लेखिएको छ । यस कथामा विवाह गरेपछिको करिब सात वर्षको समय अवधिमा घटेका घटनाहरूलाई परिवेशको रूपमा चित्रण गरिएको छ । एउटा वयस्क नारीले जन्मघर छाड्दाको पीडासँगै श्रीमान्सँगको मिठो सम्बन्ध र अनेकौं सपनाहरू बोकेर कर्मघरमा प्रवेश गरेकी हुन्छे तर श्रीमान्बाट आफूले सोचेजस्तो व्यवहार नपाएपछि सिर्जना भएको नारी

यौनकुण्ठा र आफ्नो यौनचाहना तृप्त गराउन परपुरुषको सहारा लिनुपर्ने परिस्थितिलाई यस कथाको माध्यमबाट देखाइएको छ ।

४.२.१०.५ भाषाशैली

'दोषी को ?' कथा प्रवाहमय भाषामा लेखिएको छ । यस कथामा कथाकारले म पात्रको माध्यमबाट स्मरणात्मक शैलीमा कथावस्तुलाई प्रस्तुत गरेका छन् । कथामा सरल, सहज र पात्रअनुसारको भाषा प्रयोग गरेका छन् । नारी मनका खुल्दुली र यौनकुण्ठाबाट ग्रसित मनोदशालाई रोचक र चित्ताकर्षक तरिकाले प्रस्तुत गरिएको छ । संवादमा प्रत्यक्ष कथन जनाउको लागि कतै एकल उद्धरण चिह्नको प्रयोग गरिएको छ भने कतै गरिएको छैन । यो कथा प्रस्तुतिका दृष्टिकोणले रैखिक ढाँचाको रहेको छ ।

४.२.१०.६ उद्देश्य

प्रस्तुत कथामा कथाकार पराजुलीले समाजमा पति-पत्नीबिचको सम्बन्धमा भएको अभावले सिर्जना गरेको विषम परिस्थितिको चित्रण गरेका छन् । श्रीमान्को यौनदुर्बलताका कारण आफ्ना यौनचाहनालाई तृप्त पार्न परपुरुषको सहारा लिन पुगेकी नारीको यौनमनोदशालाई केलाउनु, आफू तेस्रो लिङ्गी हुँदाहुँदै पनि आफ्नो कमजोरीलाई लुकाएर पुरुषत्व कायम राख्न खोज्ने पुरुषको चरित्र र घरमा परिवार हुँदाहुँदै पनि परस्त्री गमन गरी गर्भवती बनाएर छोड्ने पुरुषको चरित्रलाई चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

४.२.१०.७ निष्कर्ष

प्रस्तुत 'दोषी को ?' कथामा एउटी वयस्क नारीको यौनमनोदशालाई विषयवस्तु बनाएर लेखिएको छ । एउटी नारीले जन्मघर छोड्दाको पीडासँगै श्रीमान्सँगको मिठो सम्बन्ध र अनेकौं सपनाहरू बोकेर कर्मघर प्रवेश गरेकी हुन्छे । विवाह नारी र पुरुषको यौनचाहना तृप्त गर्ने र सन्तान जन्माउने वैध बाटो, वयस्क नारी र पुरुषको सङ्गम र सामाजिक बन्धन हो । तर विद्यमान समाजमा पति-पत्नीबिचको समस्या र गल्तीलाई समाजले नारीकै पोल्टामा राखिदिने डरले उनीहरूबिचको सम्बन्धमा भएको अभावलाई कसैसँग व्यक्त गर्न नसकी आफ्ना यौनचाहना तृप्त गर्न परपुरुषको सहारा लिन पुगेकी वयस्क नारीको मनोदशालाई यस कथाले चित्रण गरेको छ । त्यस्तै घरमा परिवार हुँदाहुँदै पनि परस्त्री गमन गरी गर्भवती बनाएर छोड्ने पुरुषको चरित्र र आफ्नो कमजोरीलाई लुकाएर पुरुषत्व कायम राख्न खोज्ने पुरुषको चरित्रलाई पनि यस कथाले उजागर गरेको छ ।

## ४.३ समग्र निष्कर्ष

कथाकार पराजुलीद्वारा लिखित *कुमाता* कथासङ्ग्रहमा दसवटा विभिन्न शीर्षकका कथाहरू सङ्गृहीत रहेका छन् । यी कथाहरू नेपाली समायको सामाजिक, आर्थिक, सांस्कृतिक यथार्थवादी धरातलमा टेकेर लेखिएकाले सबै कथाहरू जीवन्त बन्न पुगेका छन् । 'पत्रकार' शीर्षकको यो कथामा बिसौँ वर्षसम्म एउटै कार्यालयमा काम गरे तापनि आफ्नो उपचार गर्नका लागि चन्दा उठाउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको यथार्थपरक रूपमा प्रस्तुत भएको छ । क्यान्सरजस्तो प्राणघातक रोगबाट आक्रान्त भई आफ्नी जीवनसङ्गिनीसँग वेदना व्यक्त गरिरहँदा हरेक पाठकको मन द्रविभूत हुन पुग्छ । कथाको पात्र पत्रकारले जीवन गुजार्नको लागि आरम्भमा पत्रिका बेच्नु र त्यसको पारिश्रमिकबाट आफ्नो दैनिकी चलाउनु, पछि आफैँ पत्रकार हुनु, पत्रकारको शोषण, परिवारको आर्थिक मनोविज्ञान, सन्तानको भविष्यको बारेमा चिन्ता र चासोका साथै रोगका कारण अस्पतालको बेडमा छट्पटिनु र उसको भौतिक जीवनको जीवन्त चित्रण भएको छ ।

'कुमाता' शीर्षकको कथामा एक युवा (साइँला) र एक युवती (कान्छी) को प्रेम-प्रणयका दृश्यहरू आएका छन् । उनीहरूबिच यौनसम्पर्कपछि युवती गर्भवती हुनु, युवक युवतीको सम्पर्कबाट भाग्नु, गर्भवती भएको कुरा युवतीकी आमाले थाहा पाउनु र गर्भपतन गर्न प्रेरित गर्नु, समय घर्किसकेकाले गर्भपतन गराउन नमिल्नु र अवैध सन्तानले जन्म लिनु, सामाजिक परिवेशका कारण बच्चा जन्माई आफ्नै हातले घाँटी थिचेर मार्नु, बच्चा मारेको अभियोगमा युवती जेलपर्नु, आफैजस्ता कार्य गरेका अनेकौँ युवतीहरू जेलमा भेटिनु, अन्यको कथा-व्यथा पनि त्यस्तै हुनु, जेलबाट अदालत जाँदा साहिँलालाई देख्नु र त्यसबेला युवतीमा आएको मनोदशा व्यक्त भएका छन् । यस कथाको भाषा सफा र सरल रहेको छ ।

'सन्न्यास' शीर्षकको कथामा हरिकुमार निःसन्तान भएकाले विभिन्न पूजापाठ, धर्मकर्म, भाकल, तीर्थाटन गर्नु, छोराको जन्म हुनु, छोराले एसएलसीसम्मको शिक्षा लिनु, हरिकुमारले छोरालाई चिकित्सक बनाउने इच्छा राख्नु तर सरकारी छात्रवृत्तिमा छोराले नाम ननिकालेपछि मानविकी विषयमा स्नातकसम्मको शिक्षा प्राप्ति गर्नु, जागिरे हुनु, रिचा नामकी युवतीसँग विवाह हुनु र बाबुआमालाई गाउँमै छोडेर छोराबुहारी सहर जानु, आमाको गाडीको ठक्करबाट मृत्यु हुनु, छोराले बाबुलाई सहर लैजानु, बुहारीले सेवा-सत्कारको सट्टा तिरस्कार गर्नु, हरिकुमारलाई पीडाबोध हुनु र गाउँ फर्किनु, विरक्त भएर

सन्न्यास ग्रहणका निमित्त आश्रम पुग्नु नै यस कथाको कथानक रहेको छ । यस कथाले ज्येष्ठ नागरिक तथा असक्तहरूलाई आफ्नै छोराछोरीको कारण वैराग्यबोध हुनपुग्नु र आफू अपहेलित बन्न नसकेर अवलम्बन गर्ने मार्ग नै सन्न्यास हो भन्ने कुरालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेको छ ।

'छापामारको प्रेम' शीर्षकको कथामा गाउँबाट सहर पसेकी सत्र वर्षीया केटीलाई माओवादी सशस्त्र आन्दोलनले आकर्षित गर्नु, आफ्नै सहयात्रीहरूसँग प्रेमसम्बन्ध कायम हुनु, माओवादी लडाकु योद्धाले गर्ने विभिन्न कार्यहरू गर्नु, उनीहरू जनवादी तरिकाले वैवाहिक बन्धनमा बाँधिनु, पतिको एम्बुसमा परेर मृत्यु हुनु, जीवनसाथीको मृत्युपपछि युद्धप्रति म पात्रलाई वितृष्णा हुनु, आफ्नोजस्तै अवस्था अन्य साथीहरूको पनि हुनु, अनुशासनात्मक कारवाही भोग्नु, म पात्रको निजी निर्णयका कारण साथीहरू तथा परिवारबाट तिरस्कृत हुनु, पार्टीले भगौडा र गद्धार घोषित गरे पनि पीडा र पश्चात्तापबिना कानुनको उच्चशिक्षा लिनु, मरेको पतिसँग नाता कायम गर्न सफल हुनु आदि घटनाक्रम यस कथामा आएका छन् । आफन्तको असहयोग र तिरस्कार हुँदाहुँदै पनि नाता प्रमाणित गर्न सफल हुनुमा म पात्रको उच्चशिक्षाको कारणले नै हो । यसैले यस कथाको मुख्य उद्देश्य नै महिलाका लागि उच्चशिक्षा नै सर्वश्व हो भन्ने सन्देश दिनु हो । कथामा विभिन्न प्रकारका आगन्तुक शब्दहरूको प्रयोग रहेका छन् । जे भए पनि कथाले राम्रो सन्देश प्रवाह गर्न सफल भएको छ ।

'परिबन्द' शीर्षकको यस कथामा आएका घटनाक्रम र पात्रका क्रियाकलाप पर्यावरणसँग सम्बन्धित रहेका छन् । चितवन जिल्लाको दक्षिणक्षेत्र माडी जाने बाटोमा पर्ने राप्ती नदीमा पुल बन्नुभन्दा अगाडिको परिवेश हुनु, डुङ्गाबाट यात्री तार्दा डुङ्गा पल्टिनु, चारजना सकुशल उत्रनु, पानीले बगाएको एकजनालाई बचाउनु, निकुञ्जभित्रका तामा र निउरो ल्याएर जीवन चलाउनु, आइते जङ्गलमा घाँस-दाउरा खोज्न जानु, सन्तरामलाई बचाउनु, सन्तराम र मङ्गलीबिच परिचय हुनु, उनीहरू प्रेममा पर्नु, आउनसक्ने दूर्घटनाप्रति आइतेले छोरीलाई सम्झाउनु, मङ्गली र सन्तेबिच यौनसम्पर्क हुनु, मङ्गली गर्भवती भई छोरा जन्माउनु, सन्तेको जागिर सरुवा हुनु, विष हालेर जलचर प्राणीको नाश भएको कुरा उल्लेख हुनु, नातिको संरक्षक आइते बन्नु, सुत्केरीलाई माछा खुवाउने आशाका साथ निकुञ्ज क्षेत्रमा माछा मार्न जाँदा शुकबहादुर पक्राउ पर्नु, गैंडा मारेको आरोपमा जेल पर्नु, शुकबहादुरमा आफू फसे पनि अपराधी नउम्कोस् भन्ने चेतना हुनु आदि यस कथाको कथानक हो ।

प्रस्तुत कथाले चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र वरपरको जनजीवनको यथार्थ अवस्थालाई उतार्न सफल भएको छ ।

'अस्मिता' शीर्षकको कथामा क्षेत्री वर्गकी अस्मिता र दलित वर्गको अमितबिचको प्रेमप्रसङ्ग हुनु, दुवै विवाहयोग्य उमेरका हुनु, अमित सम्पन्न र अस्मिता विपन्न हुनु, अमितले विवाहको प्रस्ताव राख्नु, प्रस्ताव अस्वीकार गर्नु, अमितको आग्रह र आकर्षणले पछि स्वीकार्नु, यौनसम्पर्क भई युवती गर्भवती हुनु, गर्भपतन गराउनु, युवक नयाँनयाँ केटी फेरिरहने चरित्रको देखिनु, अस्मितादेखि टाढा जानु, सहरमा बसेकी अस्मितालाई खर्चको समस्या हुनु, रोजगारीको खोजीमा जाँदा जागिर दिने भन्दै इच्छाविपरीत शारीरिक सम्बन्ध राख्नु, परिवारले रविनसँग विवाह गरिदिनु, विवाहको केही समयपछि रविन विदेशिनु, लोग्ने बलात्कारको अभियोगमा जेल पर्नु, घरमा खर्च चलाउन समस्या हुनु, शारीरिक र मानसिक अवस्थाले गर्दा इन्दिराको सल्लाहअनुसार वेश्या बन्नु, समाजका प्रतिष्ठित मान्छेहरूलाई यौन सन्तुष्टि दिनु, एक दिन सामूहिक बलात्कारका कारण बेहोसु हुनु, एक यौनसाथीले उद्धार गर्नु र उसले पनि आफ्नो यौनसन्तुष्टि पूर्ण गर्ने चाहना राख्नु, अस्मिताले आफू वेश्या बने पनि अरूले यस्तो कार्य गर्न नपरोस् भन्ने सोच राख्दै नारीचेतनामूलक काममा लाग्नुजस्ता घटनाक्रमबाट कथा समाप्त भएको छ । वर्तमान समयको युवा-युवतीहरूको स्थिति र नारीअस्मिताको महत्त्वलाई बुझ्नुपर्ने कुरा यो कथाले यथार्थ रूपमा प्रस्तुत गर्न सफल भएको छ ।

'नियति' शीर्षकको यस कथामा दाजु अस्विन र उसकी बहिनीको आमाको मृत्यु हुनु, बाबुले अर्को बिहे गर्नु, बच्चा जन्मनु बालकको जन्म दिनु, सौताने आमाको व्यवहारबाट पीडित भई शरण खोज्दै माइजूकोमा पुग्नु, मामा विदेशमा हुनु, माइजूको अन्य व्यक्तिसँग सम्बन्ध हुनु, आफ्नो पोल खुल्ने डरले भान्जा-भान्जीलाई घरबाट निकाल्नु, उनीहरू सडकमा पुग्नु, सडक बालबालिकासँग भेट हुनु, बहिनीको चिन्ता हुनु, कवाडी बेचेर कमाएको पैसा गुण्डा नाइकेले लुट्नु, साथीहरूलाई सामान चोर्न हुन्न भन्नु, उनीहरूले सामान चोर्नु तर ऊ समातिनु, प्रहरीको कुटाइ र पिटाइ खानु, आफ्नी बहिनीलाई गर्भवती बनाई वैभव भागेर पोखरा पुग्नु, अश्विन र वैभवका बिच भनाभन हुँदैगर्दा ढुङ्गा प्रहार भई वैभव मर्नु, सपनामा बहिनीलाई गर्भपतन गराउन जानु, गर्भपतका कारण बहिनीको मृत्यु भएको देख्नु आदि यस कथामा आएका छन् । यस कथामा कथाकारले हाम्रो समाजमा रहेको अभिभावकहरूको परिवारप्रतिको गैरजिम्मेवारी र अनैतिक सम्बन्धका कारण उत्पन्न हुने

समस्याहरूलाई मूलकेन्द्र बनाउँदै सामाजिक-यथार्थवादी शैलीमा सडक बालबालिका कसरी बन्छन् र उनीहरूको नियति कस्तो रहन्छ भनेर सरल भाषाशैलीमा प्रस्तुत गरेका छन् ।

मानिसभित्र हुने अस्तव्यस्त भावनालाई यस कथामा 'उकुच' भनिएको छ । यस कथामा आफ्ना सन्ततिको उज्ज्वल भविष्यका लागि वैदेशिक रोजगारमा गएका पुरुष र उनकी श्रीमतीहरूको आर्थिक स्थितिको सङ्घर्षशील समस्यालाई प्रस्तुत गरिएको छ । कथामा छोरा भाइरल ज्वरोले जीवन र मरणको दोसाँधमा हुनु, विदेश गएको लोग्नेको कमाइ नहुनु, आफ्ना परिचितले देशमा बसेर नै कमाई हुन्छ भन्नु, परिचित छिमेकीको लोग्नेको प्रेम देखाउनु, विवाहअघिका सम्झनाका साथै लोग्नेसँगको सहवास नहुनुको पीडा प्रकट हुनुका साथै आमाबाबुको माया नपाएको बाल्यावस्थाबाट प्रारम्भ भएको यस कथामा विदेशबाट पठाएको रकम सक्ने नारीका चरित्रसमेत यसमा आएका छन् । यसका साथै कथाको मुख्य नारीपात्रले विदेशिएको पतिका कारण भोग्नु परेका शारीरिक र मानसिक अवस्थालाई कथाले प्रस्तुत गरेको छ ।

'दसैं' शीर्षकको प्रस्तुत कथामा आफ्नो घरको वरपरका मानिसहरूले राम्रो-राम्रो लुगाफाटा लगाएका र मासुका लागि खसी-बोका किनेको देखेर गरिब परिवारकी आमासँग हुर्कंदै गरेकी बालिकाको मनोभावनाबाट कथाको प्रारम्भ भएको छ । तीन छोराछोरीकी आमाको आर्थिक अभावयुक्त अवस्थाको चित्रण हुनु, ऐलानी जग्गाका बसाई हुनु, दैनिक ज्यालादारी गरी जीवन धान्नु, आर्थिक उपार्जनका लागि पतिलाई मलेसिया पठाउनु, आफूसँगै सुतेको साथी मृत भेटिनु, साथीको हत्या गरेको आरोपमा लोग्ने जेल पर्नु, उक्त समाचार सुनेर श्रीमती बेहोस हुनु, दसैंलाई दशाका रूपमा नभएर मायाप्रेमका साथ मनाउनुपर्छ भन्ने कुरा प्रस्तुत गर्दै कथाको समापन भएको छ ।

'दोषी को ?' शीर्षकको कथामा कथाकार वसन्त पराजुलीले मानसिक समस्याले पीडित एउटी युवतीको कथा प्रस्तुत गरेका छन् । पूर्वस्मृतिको शैली अवलम्बन गरेको यस कथामा युवतीको एक्काइस वर्षको उमेरमा विवाह हुनु, सुहागरातको आनन्दमा रमाउने चाहना पूर्ण नहुनु, पतिबाट तीन वर्षसम्म उपेक्षित हुनु, आकाशसँग फेसबुकमा साथी बन्नु, ऊसँगको शारीरिक सम्बन्धबाट गर्भवती हुनु, लोग्नेले मेरो सन्तान होइन नभन्नु, परिवारका सदस्यहरू सन्तान जन्मिएकोमा रमाउनु, लोग्नेले पशुपालन गर्नु, तीन वर्षकी छोरीलाई मन्टेश्वरीमा पढाउनु, रक्सी खाएको स्थितिमा आफू तेस्रो लिङ्गी भएको प्रस्ट्याउनु, लोग्नेको

स्पष्टोक्तिपछि विभिन्न साथीबाट यौनसन्तुष्टि लिनु, आत्मग्लानीबाट पीडित भई मनोरोगको उपचारार्थ प्रत्येक महिना चिकित्सककोमा पुगेर औषधि खाइरहनुपर्ने पीडाको चित्रणका साथ कथाको अन्त्य भएको छ ।

यस कथासङ्ग्रहमा सङ्गृहीत कथाहरू नेपाली समाजमा रहेका आर्थिक, धार्मिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय परिवेशका रहेका छन् । यस समाज र वरपर घट्ने र रहेका सामाजिक, आर्थिक तथा सामाजिक विकृति-विसङ्गतिका साथै आयआर्जनका लागि विदेशिनुपर्ने बाध्यताका साथै यौनमनोविज्ञानसँगसम्बन्धित कुराहरूलाई आफ्ना कथाहरूको विषयवस्तु बनाएका छन् । प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा मुख्यतः नारी समस्या, वैदेशिक रोजगार नारी अस्तित्त्वमाथि खेलवाड गर्ने पुरुष प्रवृत्ति र नारी भएर नारीमाथि नै अन्याय, अत्याचार गर्ने केही नारीहरूका कारण समाजमा नारी अस्तित्व सङ्कटमा परेको वास्तविकतालाई प्रस्तुत गर्नुजस्ता उद्देश्य रहेका छन् । उनका प्रायः सबै कथाका विषयवस्तु उस्तैउस्तै लागे पनि कथाले दिने स्वादहरू फरकफरक रहेका छन् । उनका कथामा थोरै पात्रको प्रयोग भएका छन् भने उनीहरूले आफ्नो चरित्रलाई न्याय दिएर कथानकलाई अगाडि बढाउन सफल भएका छन् । उनका कथाहरू भाषाशैलीका दृष्टिले सरल, सरस र लामा-छोठा वाक्य गठन भएका छन् । समग्रमा उनका कथाहरू एकै बसाईमा पढूँपढूँ लाग्ने खालका रहेका छन् ।

परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ विषयपरिचय

*कुमाता* कथासङ्ग्रह (२०७६) कथाकार वसन्त पराजुलीको पहिलो कथासङ्ग्रह हो । यस कथामा जम्मा दसओटा कथाहरू सङ्गृहीत छन् । यस कथाको अध्ययन गर्ने क्रममा अघिल्ला परिच्छेदहरूमा शोधपरिचय, कथाको सिद्धान्त, कथाकारको सङ्क्षिप्त परिचय, कथाप्रवृत्ति र विधातत्त्वको आधारमा प्रस्तुत कृतिको अध्ययन गरिएको छ भने यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.१ प्रथम परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेदमा शोध परिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समिक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामाग्रीसङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा आदि विषयहरू प्रस्तुत गरिएको छ । यो शोधकार्यको प्रथम विन्दु हो ।

### ५.१.२ द्वितीय परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा कथा सिद्धान्तअन्तर्गत रहेर कथाको सामान्य परिचय र कथातत्त्वको अध्ययन गरिएको छ । यस परिच्छेदअन्तर्गत कथाका तत्त्वहरूको अध्ययन गर्ने क्रममा दयाराम श्रेष्ठको *नेपाली कथा* भाग-४ (२०६६) आधारमा निम्न तत्त्वहरूको अध्ययन गरिएको छ :

कथावस्तु,

कथोपकथन/संवाद,

पात्र/चरित्र चित्रण,

देश, काल र परिस्थिति,

भाषाशैली र

उद्देश्य ।

### ५.१.३ तृतीय परिच्छेदको निष्कर्ष

तृतीय परिच्छेदमा कथाकार वसन्त पराजुलीको सङ्क्षिप्त परिचय, वसन्त पराजुलीका कथाप्रवृत्तिहरू प्रस्तुत गरिएका छन् । कथाकार पराजुली नेपाली समाजका यथार्थ कुरालाई जस्ताको तस्तै टिपेर आफ्नो साहित्यमा प्रस्तुत गर्नसक्ने खुबी भएका सामाजिक यथार्थवादी कथाकार हुनु । उनका कथाहरूमा सामाजिक विषयवस्तुको यथार्थ चित्रण भएको पाइन्छ । उनको कथाकारितालाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

सामाजिक घटनाको यथार्थ चित्रण,

मानवीय प्रवृत्तिको सूक्ष्म विश्लेषण,

समाजका विकृति-विसङ्गतिमाथि व्यङ्ग्य प्रहार,

ग्रामीण जनजीवनको चित्रण,

सीमित पात्रको प्रयोग,

नारी यौनमनोविज्ञानको प्रयोग र

वर्गीय सङ्घर्ष ।

### ५.१.४ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा विधातत्त्वका आधारमा *कुमाता* कथासङ्ग्रहमा सङ्गृहीत ‘पत्रकार’, ‘कुमाता’, ‘सन्न्यास’, ‘छापामारको प्रेम’, ‘परिबन्द’, ‘अस्मिता’, ‘नियति’, ‘उकुच’, ‘दसैँ’ र ‘दाषी को ?’ कथाहरूको कथानक, कथोपकथन, देश, काल र परिस्थिति, भाषाशैली, उद्देश्य र निष्कर्षका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

पत्रकारिताबाट नेपाली साहित्यको कथाविधातर्फ कलम चलाएका कथाकार पराजुलीको *कुमाता* कथासङग्रह (२०७६) प्रथम कथासङ्ग्रह हो भने दोस्रो कृतिको रूपमा *मोम्चो* कथासङ्गह (२०७८) रहेको छ । उनका थुप्रै फुटकर कथा, कविता, हाइकु तथा गजलहरू *मधुपर्क*का साथै विभिन्न साहित्यिक र साहित्येतर पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

पत्रकारिता गर्दागर्दै समाचारमा भेटिएका पात्रहरूको एकएक जीवन केलाउँदा-केलाउँदै पात्रपिच्छे भेटिएका जीवनकथाको सँगालोलाई कथाको रूपमा प्रस्तुत गर्ने कथाकार सामाजिक यथार्थवादी कथाकार हुन् । उनले समाजका विभिन्न विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै समसामयिक विषयवस्तुलाई टिपेर कथाको रूप दिएका छन् । उनका कथाहरूमा मानवीय प्रवृत्तिको सूक्ष्म विश्लेषण भएको पाइन्छ । समाजले अपहेलना र तिरस्कार गर्ने डरले आफ्नै सन्तानको हत्या गर्न पुगेकी कुमारी आमाको पीडा, तेस्रो लिङ्गी भएर पनि पूर्णता प्राप्त गरेकी नारीको जीवनसँग खेलवाड गर्ने अमानवीय प्रवृत्ति, नेता, प्रहरी, उच्च तहका कर्मचारी, ठुल्ठुला व्यापारीमा बढ्दै गएको यौन दुराचारजस्ता कथावस्तु समावेश गरी समाजलाई सचेत गराउन खोजिएको छ । उनका रचनामा ग्रामीण जनजीवनको चित्रण पाइन्छ । रचनामा गरिबी, अशिक्षा, यौनशोषण, वैदेशिक रोजगारीको समस्या, प्रेम, विश्वास, धोका, जेल, प्रशासनिक तथा राजनैतिक विसङ्गतिजस्ता समस्या र जीवनभोगाईका विषयवस्तुलाई प्रस्तुत गरी नागरिक चेतनाको सन्देश दिन खोजिएको छ ।

दुई दशकजति पत्रकारिता जीवन बिताइसकेका पराजुलीले समाचारका विषयवस्तुलाई उठान गर्दागर्दै सामाजिक परिवेशमा घटेका घटनाहरूलाई कथाका विषयवस्तु बनाएका छन् । कथाकार पराजुलीले आफ्ना रचनामार्फत समाज र राष्ट्रको सकारात्मक परिवर्तनको अपेक्षा राखेका छन् । सामाजिक यथार्थ, राजनैतिक तथा प्रशासनिक विकृति र विसङ्गति, नारीअस्मिताको महत्त्व, यौनदुराचार, नारी संवेदनशीलता, गरिब तथा असहायप्रति सहानुभूतिजस्ता विषयवस्तुलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । सरल, सहज भाषाशैलीको प्रयोगले कथा सहजै बोधगम्य बनेका देखिन्छन् ।

कथाकार वसन्त पराजुलीलाई नारीवादी कथाकारका रूपमा पनि चिन्न सकिन्छ । उनका कथाहरूमा नारी संवेदनशीलता पाइन्छ । *कुमाता* कथासङ्ग्रहमा दसवटा कथाहरू सङ्गृहीति छन् । त्यसमध्ये आठवटा कथामा नारीलाई केन्द्रीय पात्रका रूपमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका कथाहरू सबै कारुणिक र मार्मिक छन् । अभिव्यक्ति छटा, कथ्य संयोजन, घटनाक्रम आदि, मध्य र अन्त्यको कोणबाट कथाको स्तर उत्कृष्ट बनेको छ । “पूत कपुत होला तर पनि माता कुमाता हुन्नन्” भन्ने आदिशङ्कराचार्यको भनाइ हो तर यहाँ प्रयुक्त कुमाता अपवाद हो । परिस्थिति नै यस्तो आइपर्छ जसले मातालाई पनि कुमाता बन्न विवश गराउँछ । त्यही कुमाताकै आधारमा यो कृतिको नामकरण गरिएको छ । अशिक्षा, अज्ञानताले कतिपय मायाजालमा परेर कुमारी आमा बन्न पुगेका र भोलि तिनै सन्तान समाजको

अपहेलना र तिरस्कारले पटक-पटक जिउँदै मर्नुपर्ने अवस्था नआओस् भनेर आफ्नै सन्तानको हत्या गरी कुमाता बन्नुपर्ने विवशता र बाध्यतालाई कथाका माध्यमबाट प्रस्तुत गरिएको छ । जब समाजमा यौनपिपासुहरू जन्मिन्छन् तब नारीहरू यातना सहन विवश बन्छन् माता कुमाता बन्न पुग्छन् । पुरुषप्रधान समाजको नारीप्रतिको दृष्टि नै घातक छ । यही घातक दृष्टिले पातकी व्यवहार पैदा हुन्छ भन्ने समाज दर्शनका आधारमा कुमाता शीर्षक सार्थक हुन पुगेको छ । कृतिमा रहेका सामाजिक यथार्थवादी धारमा रहेका कथाहरूमा केही घटनाप्रधान, केही नियतिप्रधान, केही वासनाप्रधान, केही विकृत यौन, केही पुरुषका यौनजन्य स्थितिमा प्रेम र विश्वासमा धोका भएर भोग्नुपरेका पीडा र वियोगका परिणामहरू चित्रण गरिएका छन् । प्रायः सवै कथामा मानवीय प्रवृत्तिको सूक्ष्म विश्लेषण गरिएको छ । कथामा कतै पत्रकारको पीडा त कतै कुमारी आमाको पीडा, कतै बुढेसकालका बाबुको दुःख त कतै विदेशमा विभिन्न प्रकारका पीडा । पीडैपीडाले सामाजिक संरचनाप्रति कृतिले गम्भीर रूपमा सोचमग्न तुल्याएको छ । कथाहरूमा प्रस्तुत भाषा सरल, सामान्य वाक्यहरूले बलियो बनेको छ । यसका अतिरिक्त विषयवस्तुमा पनि आफ्नोपन छ । यसरी सबै कथाहरूमा समाजमा अशिक्षा र अज्ञानताले कतिपय नारीहरू आफ्नो अस्मिता गुमाउन पुगेका छन् भने कतिपय नारीहरू क्षणिक भौतिक सुविधाका लागि देहव्यापार गर्नसम्म लागिपरेका छन् । यसबाट हुने सामाजिक दुर्घटनाको चित्रण्या गरी समाजको सकारात्मक परिवर्तन तथा स्वच्छ समाज निर्माणको परिकल्पना गरिएको छ । कथाकार पराजुलीका कथाहरूमा समाजमा घटेका विषयवस्तुलाई यथार्थ रूपमा मानव मन-मस्तिष्कलाई प्रभाव पार्ने किसिमको स्वर सन्देश मुखरित भएका छन् र जीवन्त रूपमा चित्रण गरेका छन् । यी कथाहरूले आधुनिक नेपाली कथालाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६९). *प्रायोगिक नेपाली शब्दकोश (ते.सं.)* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

अधिकारी, पूर्णप्रसाद (२०७७). 'समयसापेक्ष कथा'. *मधुपर्क.* अङ्क ५३. वर्ष ७. पृ ७२ ।

अज्ञात, कपिल (२०७७). 'कुमाता अपवाद हो'. *बाह्रखरी डिजिटल.* ६ भदौ. २०७७ ।

कोइराला, सरोज (२०७७). 'यौनमनोविज्ञानमा आधारित *कुमाता* कथासङ्ग्रह पोखरामा'. नेप्लिज डट.कम. २६ श्रावण. २०७७ ।

पराजुली, वसन्त (२०७६). '*कुमाता* कथामार्ग निर्माणको प्रयास'. *कुमाता.* उद्धृत, श्रीओम श्रेष्ठ 'रोदन'. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रभात, रमेश (२०७७). 'यो समाजले मातालाई किन कुमाता बनाउँछ ?'. *राजधानी आस्था.* दसैँ-तिहार-छठ विशेषाङ्क. पृष्ठ १५ ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६७). *नेपाली कथा र उपन्यास. काठमाडौँ :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

बिबु, नानी (२०७७). "कुमाता कथासङ्ग्रहप्रति एक दृष्टि" *चितवन पोष्ट.* अङ्क ३. वर्ष २३. पृष्ठ २ ।

लामिछाने यादवप्रकास र गीता लामिछाने (२०७८). *नेपाली कथा र उपन्यास (चौ.सं.).* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, शान्ति (२०७७). "कुमाताभित्र नारी संवेदना" *गोरखापत्र अनलाइन.* १० जेठ, २०७७ ।

शर्मा, हरिप्रसाद (२०५९) *कथाको सिद्धान्त र विवेचना काठमाडौँ* : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६६) *नेपाली कथा (भाग ४).* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६९). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* ललितपुर : साझा प्रकाशन ।

सापकोटा, देवी (२०७७). 'समाजले निर्धारण गरेको कुमाता'. *फ्रेस न्युज नेपा.* २७ सेप्टेम्बर ।

सापकोटा, देवी (२०७७). 'हेटौँडामा चितवनका स्रष्टा पत्रकारको चर्चा हुँदै'. *समृद्ध समाज.* अङ्क ४२. वर्ष ११. पृष्ठ २ ।

सुवेदी, राजेन्द्र (सम्पादक) (२०५१). *स्नातकोत्तर नेपाली कथा (दो.सं.).* ललितपुर : साझा प्रकाशन ।